सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (आइसिटिजे)

# "हामी बिर्सन सक्दैनौ"

## द्वन्द्वोत्तर नेपालमा सत्य र स्मृति

मई २०१७




MARTIN CHAUTARI
मार्टिन चौतारी

ICTJ
Justice
Truth
Dignity

आवरण फोटोः रुकुमकोटको शहिद गेट, रुकुम (चिरन मानन्धर)

# “हामी बिर्सन सक्दैनौ”

## द्वन्द्वोत्तर नेपालमा सत्य र स्मृति

संक्रमणकालीन न्यायकालागि अन्तर्राष्ट्रिय केन्द्र
र
मार्टिन चौतारी

# कृतज्ञता

यो प्रतिवेदन संक्रमणकालीन न्यायका लागि अन्तराष्ट्रिय केन्द्र (आइसिटिजे) र नेपालमा जनछलफलको गुणस्तरलाई अभिवृद्धि गर्ने उद्देश्य राखेको नेपाली गैरसरकारी संस्था मार्टिन चौतारी (चौतारी)को संयुक्त प्रयासको प्रतिफल हो । आइसिटिजे र चौतारी यस अध्ययन र प्रतिवेदन सफल बनाउन सहयोग गर्ने सवै साझेदार संस्थाहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछन् । यसअन्तर्गत काठमाडौमा अवस्थित वेलायती राजदुतावास; स्वीजरल्याण्ड राजदुतावासका साथै पीडितसमूहहरू, गैरसरकारी संस्थाका प्रतिनिधीहरू, सरकारी अधिकारीहरू, राजनीतिज्ञहरू र अध्ययनका सहभागिहरू पर्दछन् । यस अध्ययन र प्रतिवेदनमा आइसिटिजे नेपाल कार्यालयका कर्मचारीहरू विषेश गरि भूपेन्द्र खनालका साथै आइसिटिजेका लैंगिक न्याय विज्ञहरू र चौतारीका कर्मचारीहरूले पनि योगदान गरेका छन् ।

### अनुसन्धानकर्ताहरू

सेरा तामांग, चिरन मानन्धर र दिप्ती शेरचनले यस अनुसन्धान र प्रतिवेदन लेखनीमा योगदान गरेका छन् । यो अनुसन्धान हुँदाको चौतारीमा लोकतन्त्र र सुशासन इकाईका अनुसन्धान निर्देशकका रुपमा कार्यरत सेरा तामांग १५ वर्षभन्दा लामो अवधि चौतारीसँग आवद्ध थिइन् । तामांग राजनीतिविज्ञ हुन् र लैंगिकता, राज्य, लोकतन्त्र र मानव अधिकार उनको अध्ययनको क्षेत्र हो । यो अनुसन्धान हुँदाको वखत चिरन मानन्धर चौतारीका लोकतन्त्र र सुशासन इकाईका अनुसन्धानकर्ता थिए र उनले ८ वर्षभन्दा लामो अवधि अनुसन्धानकर्ताकारुपमा चौतारीमा काम गरिसकेका थिए । समाजशास्त्रमा स्नातकोत्तर मानन्धरको माओवादी, संघीयता, स्थानिय लोकतन्त्र र सुशासनमा अनुसन्धान रुची रहेको छ । दिप्ती शेरचन विज्ञ मानवशास्त्री र स्वतन्त्र अनुसन्धानकर्ता हुन् जसले मानव अधिकार, भुकम्प, नेपालको मध्य पश्चिम कर्णाली क्षेत्रमा महिला र लोकभाका सम्पदासम्बन्धी व्यक्तिगत आख्यानहरू लगायत असंख्य विषयहरूमा अध्ययन गरेकी छिन् ।

### आइसिटिजेका बारेमा

व्यापक मानव अधिकार ज्यादतीहरू भोगेका समाजमा जवाफदेहीता प्रवर्द्धन गर्न, सत्यको खोजी गर्न, परिपुरण प्रदान गर्न र विश्वसनिय संस्थाहरू निर्माण

गर्नमा आइसिटिजेले सहयोग प्रदान गर्दछ । पीडितका अधिकार स्थापना गर्न र लैंगिक न्याय प्रवर्द्धन गर्न प्रतिवद्ध रही हामी फौजदारी अभियोजन, परिपूरणसम्वन्धी पहलहरू, सत्यका् खोजी, संस्मरण तथा संस्थागत सुधारलगायतका संक्रमणकालीन न्याय पद्धतिहरूमा विशेषज्ञ प्राविधिक सल्लाह दिने, नीति विश्लेषण गर्ने र तुलनात्मक अनुसन्धान गर्ने काम गर्दछौं । थप जानकारीका लागि हेर्नुहोस् www.ictj.org ।

**मार्टिन चौतारीका बारेमा**

सन् १९९१ मा स्थापित मार्टिन चौतारीले स्थापनाकाल देखि नै छलफल, अनुसन्धान, प्रकाशन, परामर्श र स्रोत साझेदारी गर्दै जनछलफल र सार्वजनिक क्षेत्रको गुणस्तर अभिबृद्धि गरिरहेको छ । चौतारीद्वारा सञ्चालित छलफल संसारमै कुनै संस्थाद्वारा संचालित नेपालसँग सम्वन्धित निरन्तर चलिरहेको र सबैभन्दा पुरानो छलफल श्रृंखला हो । चौतारीको कामको पाँचै घटकहरूले एक अर्कालाई सहयोग गर्दछन् र राज्य र नागरिकहरूवीच सामाजिक सम्पर्क सुदृढ गर्ने र नेपालमा सार्वजनिक क्षेत्रलाई समावेशी बनाउने चौतारीको प्राथमिक उद्देश्यको मुल भाग निर्माण गर्दछन् । थप जानकारीका लागि हेर्नुहोस्, visit www.martinchautari.org.np

**यस प्रतिवेदनमा प्रस्तुत विषयवस्तुले गभर्नेन्स फसिलिटीको विचार प्रतिनिधित्व गर्दैन ।**

© २०१७ सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र । सर्वाधिकार सुरक्षित । यो प्रकाशनको कुनै पनि भाग पुनरुत्पादन गर्न, पुनर्प्राप्त गर्न मिल्ने ठाउँमा सङ्ग्रह गर्न वा कुनै पनि रूपमा वा कुनै पनि तरिका जस्तै : विद्युतीय, यान्त्रिकीय, फोटोकपी गरेर, रेकर्ड गरेर वा पूरा उद्धृत नगरीकन प्रसार गर्न मिल्ने छैन ।

# विषयसूची


**कार्यकारी सारांश** १

**परिचय** ६

**विधि** ८

१. **ऐतिहासिक परिप्रेक्ष्य र राजनीतिक संस्कार** १०

ऐतिहासिक पृष्ठभुमि १४

२. **विगतका जाँचबुझ आयोगहरूका सीमितताहरू** १८

३. **अन्तर्वार्ताहरूमा सत्यको खोजी र यसको अर्थ** २१

यौन हिंसाका पीडितहरूका लागि सत्य २७

किन सत्यः नेपालमा सत्यको महत्वको बुझाई २९

पीडितका लागि पूर्णविरामको आवश्यकता २९

पीडितको अनुभवहरूको स्वीकारोक्ति ३१

पीडितका लागि निरन्तरको कानुनी उपचारको आवश्यकता ३१

अभियोजनको अभिलाषा ३३

पीडितहरूको परिभाषा र पहिचान ३४

पीडितहरूको पहिचानको पुष्टि ३५

"वास्तविक" पीडितहरू को हुन् ? ३८

फरक पीडितहरूको फरक आवश्यकताहरू ३९

४. **प्रभावकारी सत्य खोजीसम्बन्धी चुनौतीहरू** ४०

पीडितहरूको आवश्यकता र अनुभवहरूको बारेमा राष्ट्रिय तहमा चेतनाको अभाव ४२

स्थानीयरूपमा सत्य खोजी गर्न राजनीतिक इच्छा शक्तिको अभाव ४३

सत्य खोजीको विकेन्द्रिकरण ४५

५. **राज्य र माओवादीका स्मृतिकरणका अभ्यासहरू** ४७

राज्यका अभ्यासहरू ४९

नेपालमा शहादतको विकास ५०

मान्यताको महत्व ५२

नाम उल्लेख गर्नुको महत्व ५३

आर्थिक योगदानहरू ५४

स्मारकहरूका लागि स्थान ५५

**निष्कर्ष** ५६

**सिफारिसहरू** ५८

# कार्यकारी सारांश

नेपालमा हाल जारी रहेको सत्य खोजी कार्यको परिप्रेक्ष्यमा, जुन तरिकाले पीडितले सत्यको परिकल्पना गर्दछन् र यसलाई न्यायसँग जोड्छन्, त्यो शिक्षाप्रद छ । विशेषतः देशका दुइटा आयोगहरू, सत्य निरूपण तथा मेलमिलाप आयोग (सत्य आयोग) र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग (बेपत्तासम्बन्धी आयोग) ले पीडितलाई विगतका घटनाहरूको सत्य प्रदान गर्ने आफ्नो प्रयासहरू अगाडि बढाउँदै गर्दा यस्तो देखिएको छ । पीडितको सत्यसम्बन्धी मूल्य र अर्थको अवधारणाले किन "के गरिएको छ भन्ने थाहा पाउनु मात्र पर्याप्त नभएर समाजका विभिन्न पात्रहरूको लागि यसले के अर्थ राख्दछ भन्ने पनि थाहा किन पाउनुपर्दछ"[१] भन्ने कुराको महत्वलाई दर्शाउँछ । नेपालका विभिन्न जिल्लाहरूमा सत्यको फरक अवधारणाहरू बुझ्ने प्रयास गर्दा यो स्पष्ट हुन्छ कि सबै तहका विविध पात्रहरूको विगतलाई बुझ्ने तरिकालाई विगत र वर्तमानका ऐतिहासिक र राजनीतिक परिप्रेक्षहरूले असर गरेका छन् ।

यस अध्ययनका लागि गरिएको, २०५२ देखि २०६२ बीच भएको सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लङ्घन तथा अन्य गम्भीर अपराधका पीडितहरूका अन्तर्वार्ताहरूले नेपालमा सत्यको खोजीको प्रयासको सम्बन्धमा प्रमुख पक्षहरूका विचारहरूका बारेमा महत्वपूर्ण जानकारीहरू बाहिर ल्याएको छ । पीडितहरूले स्पष्टरूपमा पीडकहरूको पहिचान तथा उल्लङ्घनहरू हुनुको कारणहरूको व्याख्या, उल्लङ्घनका परिस्थिति र तथ्यहरू, तथा जबर्जस्ती बेपत्ता पारिएकाहरूको नियति र हालको अवस्थालाई महत्व दिन्छन् । केहीका लागि, विशेषगरी यौन हिंसा पीडितहरूका लागि, सत्य अझै जटिल छ र उनीहरूलाई सामाजिक लान्छनाबाट उन्मुक्त हुन सहयोग गर्ने तथा उनीहरूका अनुभवहरूसम्बन्धी हानिकारक गलत धारणाहरू तोड्न विद्यमान अवसरहरूलाई उपयोग गर्नका लागि प्रयासहरू आवश्यक पर्दछ ।

द्वन्द्वको वृहत परिप्रेक्ष्यमा पीडितले आफ्ना व्यक्तिगत अनुभवहरूलाई प्रकट गर्न पाउनुको महत्व मात्र नभई तिनीहरू र तिनका आफन्तहरूले भोग्नु परेको हानिको

१. साज्जिद, ताज्रिन. *ट्रान्जिसनल जस्टिस इन साउथ एसियाः ए स्टडी अफ अफगानिस्तान एण्ड नेपाल (दक्षिण एसियामा संक्रमणकालीन न्यायः अफगानिस्तान र नेपालको बारेमा एक अध्ययन)*. ओक्सोनः रोटलेज, २०१३

स्विकारोक्तीको महत्वलाई पनि ऐतिहासिक र राजनीतिकरूपमा अवस्थित सत्य खोज्ने अभ्यासहरूले उजागर गर्न सक्दछन् । त्याग र योगदानका व्यक्तिगत र सामुहिक कथाहरूलाई सार्वजनिक गर्नुको अर्थ पीडितले इज्जत, मर्यादाको अनुभूति र स्वमूल्य प्राप्त गर्नु हो । साथै, पीडकहरूलाई उत्तरदायी बनाउन र पीडितहरूको हालको पीडाको जरासम्म पुग्न अभियोजन तथा परिपूरणका तरिकाहरूको स्पष्ट मागहरू गरिएका छन् ।

अर्थपूर्ण सत्यको खोजी प्रयासहरूको पूर्णतामा चुनौतीहरू रहेका छन् । राष्ट्रिय स्तरमा, नीति निर्माणकर्ताहरू र अन्य सरकारी अधिकारीहरूसँग पीडितहरूका आवश्यकताहरू र अनुभवहरूका बारेमा सीमित बुझाइ रहेको देखिन्छ, र अधिकांश अवस्थाहरूमा, अन्य राजनीतिक विवादहरू समाधान गर्नका लागि सम्झौताहरू गर्दा सत्यको खोजीलाई अझै त्याग गर्न तयार रहेको देखिन्छ। क्षेत्रीय र स्थानीय तहहरूमा, सरकारी निकायहरू पीडितहरूका अनुभव र अपेक्षाहरूप्रति धेरै राम्ररी सुसूचित भएतापनि तिनीहरू आफूलाई संरक्षण दिने संजालहरूमाथि निर्भर रहन खोज्दछन् । यसको कारणले फाइदाहरू प्राप्त गरिरहेका धेरैजसो व्यक्तिहरू "वास्तविक" पीडित नभई सामान्यतया स्थानीय नेताहरूसँग नजिकको सम्पर्क भएका व्यक्तिहरू हुन् भन्ने धारणा पीडितहरूमाझ रहेको छ । अति विकट जिल्लाका व्यक्तिहरूलाई पनि समावेश गर्न ठोस प्रयासहरू नगरिएको खण्डमा, सम्पर्कको अभाव वा कमजोर विकेन्द्रिकरण प्रयासहरूका कारण समावेशी सत्य खोजीमा वाधा पुग्ने छ ।

ऐतिहासिकरूपमा सिमान्तकृत द्वन्द्व प्रभावितहरूका लागि, परिपूरण र सत्य बताउने एउटा तरिकाको रूपमा स्मृति एक महत्वपूर्ण विकल्प हो । जसबाट स्थानीय र राष्ट्रियरूपमा, पीडितहरू, तिनका आफन्तहरू, र समुदायहरूका लागि सम्मान र वैधानिकता प्राप्त गर्न सहयोग पुग्छ भनी उत्तरकर्ताहरूले विश्वास गर्न खोजेका छन् । सामाजिक मेलमिलाप र निको हुने प्रकियामाथि यसको प्रभावका बारेमा पूर्णरूपमा अध्ययन हुन बाँकी नै भएतापनि पीडित र समुदायहरूसँग परामर्श गरी तयार गरिएका अर्थपूर्ण, पीडित केन्द्रित स्मारकहरू, पीडितको विविध अनुभवहरूको स्वीकारोक्तिका लागि र पीडितले चाहेको सत्यको खोजी, फौजदारी न्याय, र परिपूरणका तरिकाहरूका लागि महत्वपूर्ण उपाय हुने कुराको सङ्केतहरू देखिएका छन् ।

यो अनुसन्धान केही सीमित जिल्लाहरूमा गरिएको अध्ययनमा आधारित रहेकाले यस अनुसन्धानका निष्कर्षहरू बृहत जनसंख्यामा कुन हदसम्म लागू हुनेछन् भन्ने कुरामा सीमितता रहेको तर्फ ध्यान दिइनुपर्छ । यसको साथै, केही पीडकहरूको अन्तर्वार्ता लिइएको भएता पनि पीडकहरूको दृष्टिकोणका बारेमा भावी अनुसन्धानमा अझै थप गहिराइमा खोजी गरिनुपर्दछ ।

यी सीमितताका बाबजुद, यसका निष्कर्षहरूले दीगो विकासतर्फको नेपालको लामो सङ्क्रमणका बारेमा विचार निर्माणका लागि एक महत्वपूर्ण प्रारम्भ विन्दुको प्रतिनिधित्व गर्दछन् । स्थानीय र राष्ट्रिय तहहरू दुवैमा नेपालमा सत्य खोजी र स्मृतिकरणको कसरी मूल्याङ्कन गर्न सकिन्छ भनी थप सोचविचार गर्न सकिन्छ ।

यस प्रतिवेदनमा पत्ता लागेका कुराहरूको आधारमा, हामी नेपालमा पीडितहरूको सत्यको अधिकारको समर्थनमा निम्न सिफारिसहरू गर्दछौं :

**सत्य आयोग र बेपत्तासम्बन्धी आयोगका लागि**

- आफ्ना कार्यादेशहरूको पूर्ण र प्रभावकारी कार्यान्वयन गर्ने र पीडितहरूको अधिकारहरूको उपभोगलाई सुनिश्चित गर्ने ।
- रोकथाम र पुनः नदोहोरिने कुराको प्रोत्साहन गर्न उल्लङ्घनहरूको सन्दर्भ र कारणहरूका बारेमा सर्वसाधारणहरूलाई शिक्षित गर्ने ।
- स्थानीयरूपमा सान्दर्भिक भाषाहरूमा उल्लङ्घनहरूका परिस्थितिहरू, उद्देश्यहरू, तरिकाहरू, र विधिहरूका बारेमा सूचना प्रवाह गर्ने ।
- नागरिक समाज संस्थाहरू, पीडित समुदायहरू र अन्य मुख्य सरोकारवालाहरूले सत्य आयोग र बेपत्तासम्बन्धी आयोगका काममा योगदान सुनिश्चित गर्न प्रभावकारी संजालहरू कार्यान्वयन गर्ने, प्रक्रिया अवधिभर तिनीहरूको सक्रिय सहकार्य, संलग्नता र सहभागितालाई समावेश र प्रोत्साहन गर्ने ।
- सत्य खोजीमा सबै नेपालीहरूलाई समावेश गर्नका लागि, दुर्गम र ग्रामीण स्थानहरूलगायत नेपालको सबै भागहरूमा छलफल सत्रहरू र सुनुवाइहरू संचालन गर्ने । आयोगहरूको कार्यादेशहरू बारेमा थाहा भएका र पीडक वा तिनका सहयोगीहरूबाट सहभागी नहुनका लागि अनुचित दवावका कारण धेरै जोखिममा रहेका हुन सक्ने पीडितहरूलाई,

तिनीहरूले चाहेमा उजुरी दर्ता गर्न गराउन सुरक्षित मौका दिनका लागि दूर्गम क्षेत्रहरूमा बस्ने पीडितहरू समक्ष पुग्न प्रयासहरू गर्ने ।

- पीडितको नामहरू उल्लेख हुने किसिमका स्मृति र संस्मरणात्मक कार्यक्रमहरूलाई प्रोत्साहन गर्ने । पीडितहरूलाई मानवअधिकार उल्लङ्घन र दुर्व्यवहारसम्बन्धी आफ्ना अनुभवहरू स्पष्टरूपमा राख्न सहयोग गर्ने र विगतका सिकाईहरू र भविष्यमा पुनः नदोहोरिने कुरालाई प्रवर्द्धन गर्ने किसिमका स्मृति प्रक्रियाहरू सिफारिस गर्ने ।

**नेपाली नीति निर्माताहरूका लागि**

- नेपालमा २०५२ देखि २०६२ बीच भएको सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लङ्घन तथा अन्तर्राष्ट्रिय कानून अन्तर्गतका अन्य गम्भीर अपराधका पीडितहरूको सत्यको अधिकार प्राप्तीमा सहजीकरण गर्नका लागि सशक्त राजनीतिक सहायता र पर्याप्त राज्य श्रोतहरू उपलव्ध गराउने ।
- सत्य आयोग र बेपत्ता सम्वन्धी आयोग लगायतका, विश्वसनीय सत्य खोजी उपायहरू बनाउन तथा तिनीहरूको कार्यान्वयनका लागि पीडितहरू र नागरिक समाजको अर्थपूर्ण सहभागीताका लागि अवसरहरू सिर्जना गर्ने । सत्य आयोग र बेपत्तासम्बन्धी आयोगमा समाजको विश्वास बनाउनका लागि प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्ने ।
- फौजदारी मुद्दाहरूमा जान चाहनेहरूका लागि उपलब्ध कानूनी उपायहरूका बारेमा र कानूनी सहायतामाथि कसरी पहुँच प्राप्त गर्ने भन्ने बारेमा जनचेतनामूलक अभियानहरू संचालन गर्ने ।
- मानवअधिकार उल्लङ्घनहरूका परिणामका कारण हानि व्यहोरेका नागरिकहरूका रूपमा पीडितहरूलाई सार्वजनिकरूपमा पहिचान गर्ने ।
- राज्यका निकायहरूबाट मानवअधिकार उल्लङ्घन भोगेका पीडितहरूका साथै राज्यले सुरक्षा दिन नसकेका कारणले गैर राज्य सशस्त्र समूहहरूबाट भएका उल्लङ्घनहरूका पीडितहरूका नाममा औपचारिक क्षमायाचना पत्र जारी गर्ने । क्षमायाचना पत्रका विवरणहरू पीडित समूहहरूसँगको परामर्शमा निक्यौल गरिनुपर्दछ, र ती समूहहरूको प्रतिनिधिहरूले भाग लिएका सार्वजनिक कार्यक्रमको एक प्रमुख भागको रूपमा यसलाई जारी गरिनुपर्दछ ।

## नागरिक समाजका लागि

- न्यायपालिका, सत्य आयोग र बेपत्तासम्बन्धी आयोग मार्फत अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानूनका गम्भीर उल्लङ्घनमा जवाफदेहीता र सत्यको अधिकार प्रवर्द्धन गर्नका लागि देशव्यापी रुपमा जनचेतना अभिबृद्धि र विचार निर्माण गर्ने ।

- गम्भीर मानवअधिकार उल्लङ्घनहरूका लागि क्षमादान नदिने सर्वोच्च अदालतको निर्णयको परिपालनालाई सुनिश्चित गर्न सरकारलाई दबाव दिने ।

- समुदायमा आधारित स्मृतिकार्यहरु प्रवर्द्धन गर्ने । पीडित र स्थानीय समुदायहरूले स्मृति प्रक्रियाको स्वामित्व धारण गर्नुपर्दछ र त्यसका लागि उनीहरु स्मारकहरु रहने स्थान, स्मारकको स्वरूप, र स्मारकहरूको निर्माणसम्बन्धी निर्णय प्रक्रियामा संलग्न हुनु पर्दछन् । स्मारकहरूमा सँगै काम गर्दा द्वन्द्वका विरोधी पक्षहरूका बीच सहकार्यका लागि प्रोत्साहन हुन सक्छ र द्वन्द्वका क्रममा वास्तवमा के भएको थियो भन्ने वहस चलाउन सहयोग मिल्नेछ । स्मारकहरूअन्तर्गत स्थानीय र क्षेत्रीय तहहरूमा तथा उल्लङ्घनका घटना भएका स्थानहरूमा संग्रहालय वा दस्तावेज केन्द्रहरू समेट्न सकिन्छ ।

- अति जघन्य कसुरहरूका लागि जिम्मेवार व्यक्तिहरू संलग्न प्रतिनिधिमूलक मुद्दाहरूको अभियोजनमा सहायता गर्ने ।

- आफ्नो दृष्टिकोण, सूचना तथा जानकारीहरू उपलब्ध गराउदै, पीडितहरूको पहुँचलाई सहजीकरण गर्दै, तथा अनुगमन र अवलोकन गरी सत्य आयोग र बेपत्तासम्बन्धी आयोगको कार्यहरूमा आलोचनात्मक र रचनात्मक ढङ्गमा संलग्न हुने ।

# परिचय

नेपालमा सङ्क्रमणकालीन न्यायको बारेमा व्यापक अपबुझाइ रहेको छ, र सम्बन्धित नीतिहरू प्राय गरी पीडितहरूको अधिकार र आवश्यकताको बारेमा थोरै ध्यान दिई राजनीतिक नेताहरू र अन्य शक्तिशाली तत्वहरू, जस्तै नेपाली सेनाको हितहरूबाट प्रेरित रहेको पाइन्छ । द्वन्द्वकालीन मानवअधिकार उल्लङ्घनहरूको फौजदारी अनुसन्धान र अभियोजनका बारेमा मुख्य राजनीतिक दलहरू र सुरक्षा बलहरूको प्रतिरोध कायमै छ । राज्य निकायहरूले सङ्क्रमणकालीन न्यायको त्यस्तो संस्करणलाई प्रवर्द्धन गरेका छन् जुन सत्यको अपव्याख्याको अवधारणा र पीडितको उपचारको हकभन्दा पीडकहरूलाई संरक्षण हुने किसिमको मेलमिलाप र राहतका स्वरूपहरूमा सीमित छ । यसको विपरित, नागरिक समाजले भने फौजदारी न्याय र व्यक्तिगत उत्तरदायित्वमा धेरै केन्द्रित हुँदै सत्यको खोजी, परिपूरण, र संस्थागत सुधार लगायत सङ्क्रमणकालीन न्यायका अन्य अवयवहरूतर्फ कम ध्यान दिएको छ । बृहत शान्ति सम्झौता (शान्ति सम्झौता)मा सहमत भएको ८ वर्षपछि विक्रम सम्बत २०७१ मा स्थापित भएको सत्य निरूपण तथा मेलमिलाप आयोग विपरित विचारहरूका लागि युद्धमैदान बन्दै आएको छ, परिणामस्वरुप जहाँ प्राय सबै पक्षका सरोकारवालाहरूले असंगत र राजनीतिप्रेरित नीतिगत धारणाहरू राख्दै आएका छन् ।

सत्यको अधिकारसँग सम्बन्धित विषयहरू लगायत सङ्क्रमणकालीन न्यायले व्यापक क्षेत्रहरूमाझ कमै मात्रामा रुची जगाएको छ । नेपाली विद्वान तथा बुद्धिजिविले यी विषयहरूमा ज्यादै कम ध्यान दिएका छन् भने संचारमाध्यमहरूले बारम्बार सङ्क्रमणकालीन न्यायका समाचारहरु (प्राय व्यक्तिगत मुद्दाहरूसँग सम्बन्धित) समावेश गरेपनि, तिनीहरूबाट यो विषयमा जनचेतना वा बहस सिर्जना गर्ने गरी उल्लेख्य योगदान हुन बाँकी नै छ । साँघुरो छलफलको प्रभाव र व्यापक सार्वजनिक संलग्नताको कमीले नेपालमा सत्य खोजी प्रक्रियाहरूको संभावित मूल्यलाई सीमित पार्ने खतरा रहन्छ । शासन वा सुरक्षाको क्षेत्रमा काम गर्नेहरूको कार्यसुचिमा सामान्यतया सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयहरू नपरेको अवस्था छ ।

नेपालमा सङ्क्रमणकालीन न्यायसम्बन्धी वहसहरूको सीमित प्रकृतिले धेरै पीडितहरू र तिनीहरूका परिवारहरूको गम्भीर सामाजिक-आर्थिक आवश्यकताहरूलाई वेवास्तामा पारेको छ । यातना पीडित र यौनजन्य तथा लैंगिक हिंसाका पीडित लगायत, न्यायको आवश्यकतामा रहेका अधिंकाश पीडितहरू सरकारको अन्तरिम राहत कार्यक्रम र प्रस्तावित मनोसामाजिक सहायता कार्यक्रममा बाट बाहिरै पीरएका छन् ।

यस अनुसन्धानपत्रले नेपालमा सङ्क्रमणकालीन न्यायमा विविध समूहहरूका सरोकारवालाहरूका लागि वास्तवमा सत्य भनेको के हो भन्ने कुराको बुझाइ र चेतनालाई विस्तृत गर्ने उद्देश्य राखेको छ । यसले सामाजिक-राजनीतिक परि स्थितिहरूलाई हेरेको छ जहाँ विगत र वर्तमानमा सत्य खोजी अभ्यासहरूलाई हेर्न सकिन्छ । यसले छानिएका क्षेत्र तथा राष्ट्रिय सरोकारवालाहरूका माझ २०५२ देखि २०६२ बीच भएको सशस्त्र द्वन्द्व तथा जनआन्दोलन र मधेश आन्दोलनहरू (जन आन्दोलनहरू)सँग सम्वन्धित रहेर सत्य खोजीको अर्थलाई पहिचान गर्ने उद्देश्य राखेको छ ।

# विधि

यस अनुसन्धानका तीन वटा भागहरू छन् : प्रथम, विगतका औपचारिक तथा अनौपचारिक सत्य खोजी अभियानहरूको प्राज्ञिक अध्ययन र नेपालमा स्मृति अभ्यासहरूको स्थलगत अध्ययन; दोस्रो, नेपालको राजनीतिक संस्कारको संरचनामा सत्यको विश्लेषण र सत्यको व्याख्या; र अन्तिम, दशवर्षे सशस्त्र द्वन्द्व र जनआन्दोलन तथा मधेश आन्दोलनहरूका सम्वन्धमा सत्यको अवधारणामाथि छानिएका सरोकारवालाहरूसँगको अन्तर्वार्ताहरू ।[२] अन्तरर्वार्ता लिइएका सरोकारवालाहरूमा पीडित, स्थानीय तथा राष्ट्रिय नागरिक समाज संस्थाहरू, जनमुक्ति सेनाका पूर्व लडाकुहरू, स्थानीय तथा राष्ट्रिय राजनीतिक नेताहरू तथा बुद्धिजीवीहरू समावेश थिए । यो अनुसन्धान साहित्य संमिक्षा, केन्द्रित समूह छलफल, तथा गहन, अर्ध संरचनागत अन्तरर्वार्ताहरूमा आधारित छ ।

यस अनुसन्धानले ६ जिल्ला (र क्षेत्रहरू) समेटेको छ । स्मृतिका बारेमा अध्ययनका लागि रुकुम (मध्य पश्चिमाञ्चल पहाडी क्षेत्र), झापा (पूर्वी नेपाल) र बर्दिया (दक्षिणी पश्चिम तराई क्षेत्र) समावेश गरिएका थिए भने सत्यको अर्थको अध्ययनका लागि कपिलवस्तु (पश्चिम तराई क्षेत्र), दैलेख (पहाडी क्षेत्र, मध्य पश्चिमाञ्चल) र अछाम ( पहाडी क्षेत्र, सुदूर पश्चिमाञ्चल) समावेश गरिएका थिए । थप अन्तर्वार्ताहरू सुर्खेत र धनुषामा लिइएका थिए ।

जिल्लाहरूको छनौट भौगालिक प्रतिनिधित्व र द्वन्द्व प्रभावितहरू पीडितहरूको संख्याहरूको आधारमा गरिएको थियो । वर्दियालाई देशमा सबैभन्दा बढी जवर्जस्ती बेपत्ता पारिएका संख्या भएको कारणले छनौट गरिएको थियो भने रुकुमलाई माओवादीको बलियो पकड भएको र द्वन्द्व प्रभावित तथा पीडितहरूको संख्या धेरै भएको कारणले छानिएको थियो । दैलेख र अछामलाई राज्य तथा विकासका लागि जिम्मेवार पात्रहरूबाट गरिएका ऐतिहासिक र विद्यमान वेवास्ताका साथै द्वन्द्वका प्रभावका कारण छनौट गरिएको थियो । झापाले पूर्वी नेपालको प्रतिनिधित्व गरेको छ । तराईको जिल्ला कपिलवस्तु द्वन्द्वको

२. जन आन्दोलनहरू भन्नाले प्रजातन्त्र/लोकतन्त्रका लागि २०४६ साल र २०६२/२०६३ को जन आन्दोलनहरूलाई बुझाउँछ भने मधेश आन्दोलन भन्नाले २०६३ को मधेशमा भएको जन आन्दोलनलाई बुझाउँछ ।

तिव्रता, २०६३ को मधेश आन्दोलन र राज्य, नेपाल कम्युनिष्ट पार्टी-माओबादी (ने.क.पा.(माओवादी)) र प्रतिकार समूहहरूबीचको मुठभडका कारण महत्वपूर्ण क्षेत्रका रूपमा छानियो । काठमाडौंमा पनि अन्तर्वार्ताहरू लिइएका थिए ।

समग्रमा, १४ वटा समूहगत छलफलहरू गरिएका थिए भने ३० मिनेट देखि १ घण्टा ३० मिनेटसम्मका ७९ वटा विस्तृत अन्तर्वार्ताहरू लिइए । अन्तर्वार्ता लिइएकाहरूमध्ये ३८ प्रतिशत महिलाहरू थिए । अन्तर्वार्ता दिनेहरूमा पीडित, राजनीतिक दलका नेताहरू, नागरिक समाजका नेताहरू, शिक्षाकर्मीहरू, पूर्व ने.क.पा.(माओवादी), सरकारी अधिकारीहरू र विभिन्न गैरसरकारी संस्थाका कर्मचारीहरू थिए । अन्तर्वार्ता र जिल्ला भ्रमणहरू मंसिर २०७१ (डिसेम्वर २०१४) देखि चैत्र २०७१ (अप्रिल २०१५) सम्मको अवधिमा गरिएका थिए ।

## ऐतिहासिक परिप्रेक्ष्य र राजनीतिक संस्कार

राज्यका सुरक्षा बलहरू र ने.क.पा. (माओवादी)बीच भएको नेपालको दश वर्षे आन्तरिक सशस्त्र द्वन्द्व २०५२ सालदेखि २०६३ सालसम्म चल्यो र यसले दशौं हजार मानिसहरूलाई प्रभावित पार्‍यो । द्वन्द्वका सबै पक्षहरूबाट गैरन्यायिक हत्या, जवर्जस्ती बेपत्ता पार्ने, स्वेच्छाचारी थुना र यातना, बलात्कार र अन्य प्रकारका यौन हिंसा जस्ता क्रुर, अमानवीय र अपमानजनक व्यवहारहरू व्यापकरूपमा भएका थिए । संयुक्त राष्ट्र संघीय मानवअधिकारका लागि उच्च आयुक्तको कार्यालयका अनुसार ९,००० भन्दा ज्यादा अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानूनका गम्भीर उल्लङ्घनहरू भएका थिए, तथापी विशेष गरी यौन हिंसाका मुद्दाहरूका सम्बन्धमा कम उजुरीहरू पर्ने समस्या रहेको व्यापकरूपमा स्वीकार गरिएको छ । अधिंकाशले शिक्षा, स्वास्थ्य सेवा र आधारभूत सरकारी सेवाहरूबाट बन्चित भएका तथा थप आर्थिक कठिनाई, असुरक्षा, र डर भोगेका थिए ।

दलितहरू (नेपालको जात वर्णाश्रममा सबैभन्दा तल्लो सामाजिक-आर्थिक समूह) र आदिवासी तथा जनजाति समूहहरूका सदस्यहरू असमानुपातिकरूपमा मानवअधिकार दुर्व्यवहारका पीडित भएका थिए । तिनीहरूलाई पीडित बनाइनुका कारणको जरा लामो समयदेखि चलिआएको जात र जातिय विभेद जोडिएको थियो । सशस्त्र द्वन्द्वको परिप्रेक्ष्यमा, दलितहरू र जनजातिहरू विशेषगरी मानवअधिकार दुर्व्यवहारहरूको जोखिममा थिए किनभने एकातिर राज्यले तिनीहरूलाई विद्रोहीहरूप्रति सहानुभुति राखेको भनी शंका गर्दथ्यो भने अर्कोतिर ने.क.पा. (माओवादी) र तिनको सैनिक बलहरूमा सामेल हुन वा सहायता गर्न तिनीहरूमाथि करकाप हुन सक्ने भएकाले पनि उनीहरु जोखिममा थिए । विभेदलाई सम्बोधन गर्ने प्रयासहरूका बाबजुद, यी समूहहरूले नेपालमा "चरम गरिबीमा रहेका"हरूको अधिकतम संख्यालाई प्रतिनिधित्व गर्दछन् र यीनीहरु बहिष्करण र शोषणको जोखिममा छन् ।

२०६३ सालमा बृहत शान्ति सम्झौताले द्वन्द्व अन्त्य गर्‍यो र शान्ति प्रक्रियाका लागि मार्गचित्र प्रदान गर्‍यो । प्रगतिशील, लोकतान्त्रिक राज्यको पुनःसंरचना र सामाजिक-आर्थिक साँस्कृति रूपान्तरणसम्बन्धी बृहत सम्झौताको साथै, बृहत

शान्ति सम्झौताले सत्यको अधिकारलाई सुनिश्चित गर्न विभिन्न प्रतिबद्धताहरू पनि समावेश गऱ्यो । विशेषगरी,

- धारा ५.२.५ः दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् ।

- धारा ५.२.३ः दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलव्ध गराउन मञ्जुर गर्दछन् ।

यी प्रतिवद्धताहरू अन्तरिम संविधान, २०६३ मा दोहोऱ्याइएका छन् । उदाहरणका लागि, धारा ३३(ध) र धारा ३३(थ)ले द्वन्द्वकालीन जवर्जस्ती बेपत्ता पारिएका मुद्दाहरूको अनुसन्धान गर्ने कार्यादेश भएको आयोगको निष्कर्षहरूको आधारमा पीडितका परिवारहरूलाई राहत दिने प्रावधान समावेश गरेका छन् ।[३] यी प्रतिवद्धताहरूलाई सत्यको अधिकार लगायत, पीडितको उपचारको अधिकार र पीडितको न्यायिक उपचार खोज्ने अधिकारहरूप्रति पूर्वाग्रही नभई राहतका उपायहरूलाई स्वीकार गर्दै सर्वोच्च अदालतका निर्णयहरूबाट पुर्नस्थापित गरिएका छन् ।

यस्ता प्रतिवद्धता र उत्तरदायित्वहरूका बाबजुद, साँचो न्याय प्रक्रियाहरू स्थापित गर्ने सम्बन्धमा थोरै प्रगति र धेरै प्रतिरोध भएको देखिन्छ । नेपालमा सत्यको

३. नेपालको संविधान (२०७२), धारा ३०४(२) मा उल्लेख गरिएको छ : नेपालको अन्तरिम संविधान, २०६३ बमोजिमका शान्ति प्रक्रियासम्बन्धी कार्यहरू यसै संविधान बमोजिम भए गरेको मानिनेछ । यसको साथै, संविधानले धारा ४२(५)मा "सामाजिक न्यायको अधिकार" अन्तर्गत द्वन्द्व पीडितहरूको बारेमा उल्लेख गरेको छ : नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।

अधिकार र सत्यको खोजीसम्बन्धी बहसहरू प्रमुखरूपमा सत्य निरूपण तथा मेलमिलाप आयोग (सत्य आयोग) र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग (बेपत्तासम्वन्धी आयोग)को कार्यादेशहरूमाथि केन्द्रित भएका छन् ।[४] यी वहसहरू साँघुरोरूपमा मात्र द्वन्द्वसम्बन्धी मानवअधिकार उल्लङ्घनहरूमा क्षमादान र तिनीहरूको फौजदारी छानविनसँग सम्वन्धित विषयहरूमा केन्द्रित भएका छन् । यसको साथै, अझैसम्म सापेक्षितरूपमा साँघुरो क्षेत्रका दुई विल्कुलै विपरित पक्षहरू मात्र सत्य आयोगहरूसम्बन्धी बहसहरूमा सामेल भएका छन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, मानवअधिकार कानून व्यवसायीहरू र पीडितका समूहहरूमाझको मुख्य बहस व्यक्तिगत फौजदारी उत्तरदायित्वको मागमा केन्द्रित छ भने सरकारी नेताहरू र मुख्य राजनीतिक दलहरू र सुरक्षा बलहरूका प्रतिनिधिहरूले फौजदारी अभियोजन र पुर्पक्षहरू पूर्णरूपमा छलफल नगर्ने सुनिश्चित गर्न कसरत गरेका छन् ।

सङ्क्रमणकालीन न्यायलाई अगाडि बढाउन सरकार र सुरक्षा वलहरू अनिच्छुक हुनुको एउटा कारण भनेको, शान्ति सम्झौतामा हस्ताक्षर भएदेखि नै राजनीतिक शक्ति प्रायः प्रत्यक्षरूपमा द्वन्द्वमा संलग्न भएका दलहरूबीच बाँडिएको छ र शिर्ष नेतृत्वमा रहेका धेरै व्यक्तिहरू द्वन्द्वका क्रममा घटेका बर्बरताहरूमध्ये केहीका लागि आफै जिम्मेवार पनि हुन सक्छन् । यसको साथै, सुरक्षा बलहरूलाई संपरीक्षण (vetting) नगरिएको हुनाले तिनीहरूका धेरै बहालवाला पदाधिकारीहरू गम्भीर उल्लङ्घनहरूका लागि जिम्मेवार हुन सक्छन् । त्यसकारण, सरकार र सुरक्षा निकायका विभिन्न व्यक्तिहरूले परिणाममा अर्थपूर्ण सत्य वा फौजदारी उत्तरदायित्व ल्याउन सक्ने प्रक्रियालाई ढिलाइ गर्ने वा अवरोध गर्ने काम गरेका छन् ।

दण्डहीनताविरुद्ध लड्ने कार्यमार्फत मानवअधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्नका लागि अद्यावधिक संयुक्त राष्ट्र संघीय सिद्धान्तहरूले मानवअधिकार

४. दुइटा आयोगहरू बेपत्ता पारिएका व्यक्ति छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन (२०७१) अन्तर्गत स्थापना भएका हुन् । सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यादेश सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारको गम्भीर उल्लंघन र मानवताविरुद्धको अपराधका घटनाहरूको छानविन गर्ने, उल्लंघनका सत्य र ढाँचा पत्ता लगाउने, र समाजमा मेलमिलाप गराउन वातावरण बनाउन कोशिस गर्ने रहेको छ । बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको कार्यादेश द्वन्द्वका क्रममा भएका जवर्जस्ती बेपत्ता पारिनुको कारण र परिणामहरूका बारेमा छानविन गर्ने रहेको छ ।

उल्लङ्घनहरू र अन्तर्राष्ट्रिय कानूनअन्तर्गत गम्भीर अपराधहरूका बारेमा सत्य जान्न पाउने अहरणिय अधिकारको बारेमा पुनस्मरण गरेका छन् । सत्यको अधिकार भन्नाले उल्लङ्घनका सहभागीहरू, उल्लङ्घनहरूका विशेष परिस्थितिहरू, र घटनाका कारणहरू लगायत, भएका घटनाहरूको बारेमा पूर्ण र पूरा सत्य थाहा पाउने अधिकार हो ।[५] यो मानवअधिकार उल्लङ्घनहरू, कारणहरू र परिणामहरूको पूर्ण विवरण पाउनुपर्ने पीडित लगायत बृहत समाजको अधिकार हो ।[६]

सत्यको अधिकारलाई अदालती र गैरअदालती प्रक्रियाहरूबाट प्राप्त सकिन्छ, जसलाई व्यक्तिगत मुद्दाहरूको बारेमा तथ्यहरू स्थापित गर्न, र विशेषगरी आरोपित पीडकहरूको दोष वा निर्दोषिता स्थापित गर्न प्रयोग गर्न सकिन्छ । सामान्यतया सत्य आयोगहरू जस्ता गैरअदालती उपायहरूको उद्देश्यहरू बृहत हुन्छन् । विस्तृत तथ्य पत्ता लगाउने कार्यका अलावा सत्य आयोगहरूलाई घटना तथा परिस्थितिहरूको पुनर्निर्माणका साथै मानवअधिकार उल्लङ्घन हुन भूमिका पुऱ्याएको ऐतिहासिक, संस्थागत र साँस्कृतिक परिप्रेक्षहरूलाई ध्यानमा राख्दै, अनुसन्धान गरिएको अवधिमा के भएको थियो भन्ने कुराको विस्तृत लेखा राख्ने; पीडितहरूको मर्यादा र अधिकारहरूलाई मान्यता दिने; र (परिपूरणलगायत) पीडितहरूको अवस्थालाई सुधार गर्न लक्षित नीतिगत

५. संयुक्त राष्ट्र संघीय आर्थिक तथा समाजिक परिषद. मानवअधिकार आयोग, ६१औ शत्र, दण्डहीनताविरुद्ध लड्ने कार्यमार्फत मानव अधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्नका लागि संयुक्त राष्ट्र संघीय सिद्धान्तहरू, २००५ (ई/सिएन.४/२००५/१०२). आधिकारिक अभिलेख. न्यूर्योक, २००५ ।

६. उच्च आधिकारिक भएतापनि,संयुक्त राष्ट्र संघीय दण्डहीनताविरुद्ध सिद्धान्तहरू अन्तर्राष्ट्रिय कानूनअन्तर्गत वाध्यकारी प्रावधानहरू मानिदैन । सत्यको अधिकारलाई बाध्याकारीरुपमा स्थापित गर्ने अन्तर्राष्ट्रिय सन्धीहरूका सन्दर्भमा, नेपालले सन् १९६९ मा जाति हत्याको अपराधको रोकथाम र सजायसम्वन्धी महासन्धी (यू.एन.टि.एस. १०२१, डिसेम्वर ९, १९४८), सन् १९७१ मा सबै प्रकारका जातिय भेदभाव उन्मुलन गर्ने अन्तर्राष्ट्रिय महासन्धी ( यू.एन.टि.एस. २१०६, डिसेम्वर २१, १९६५), सन् १९७७ मा रंगभेदको अपराधलाई दमन र सजाय गर्ने सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धी ( यू.एन.टि.एस. १४८६१, नोभेम्वर ३०, १९७३), र सन् १९९१ मा यातना र अन्य क्रुर, अमानवीय, र अपमानजनक व्यवहार वा सजायसम्वन्धी महासन्धी (यू.एन.टि.एस. १४६५, डिसेम्वर १०, १९८४) अनुमोदन गरेको छ । नेपालले यातना र अन्य क्रुर, अमानवीय, र अपमानजनक व्यवहार वा सजायसम्वन्धी महासन्धीको ऐच्छिक आलेख ( यू.एन.टि.एस. २४८४१, डिसेम्वर १८, २००२), जवर्जस्ती बेपत्ता पार्ने कार्यबाट सवै व्यक्तिहरूलाई संरक्षण गर्नका लागि अन्तर्राष्ट्रिय महासन्धी ( यू.एन.टि.एस. २७१६, डिसेम्वर २०, २००६), र अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्वन्धी रोम विधान (यू.एन. दस्तावेज ए/सिओएनएफ. १८३/९, ३७ आईएलएम १००२ (१९९८), २१८७ यू.एन.टि.एस. ९०)मा हस्ताक्षर र अनुमोदन गरेको छैन । सि.के.

सिफारिसहरू गर्ने र द्वन्द्वोत्तर मेलमिलाप, सामाजिक न्याय वा पुनः नदोहोरिने कुरालाई सुनिश्चित गर्न संस्थागत सुधारहरूलाई सहयोग गर्ने लक्षित सामाजिक लक्ष्यहरू समावेश गर्ने कार्यादेश पनि हुन्छ ।

**ऐतिहासिक पृष्ठभुमि**

नेपालमा दण्डहीनताको संस्कार रहेको छ जुन २०४६ साल पूर्वको सामन्ती काल र संभ्रान्त, उच्च जात, हिन्दु पुरुषहरूको निरकुंश शासनसम्म फैलिएको छ । यो इतिहास महत्वपूर्ण छ किनभने यसले २०५२-२०६२ को द्वन्द्व र जन आन्दोलनहरूको सम्बन्धमा सत्य र सत्यको खोजीको मूल्य र अर्थ मात्र नभई नेपालमा सत्यसँग सम्बन्धित कुरामा के प्राप्त गर्न सम्भव छ भन्ने राजनीतिक र साँस्कृतिक बुझाइलाई देखाउँछ ।

नेपालमा दुई शताब्दीभन्दा लामो समयसम्म पूर्ण राजतन्त्र र १८ वर्षका लागि संवैधानिक राजतन्त्र थियो । सि.के.लालका अनुसार, "श्रेणीगत समाजका संस्कारहरू नेपालको राजनीतिक संस्कारमा मिसिदै गइरहेका छन् ।"[७] इतिहासमा शासकको आदेशहरूले संविधान लगायत कुनै कानूनलाई परिवर्तन गर्न सक्थे । स्वेच्छाचारी कानूनहरू मानक थिए, र औपचारिक र कानूनी श्रेणीक्रममा अधारित भई जनताहरूमाथि शासन गर्न राज्यको संरचना गरिएको हुन्थ्यो । २०४६ साल अघिको सामन्ती राज्यमा आम मानिसहरूका अधिकारहरू र आवश्यकताहरू सरकारको प्राथमिकतामा पर्दैनथ्यो ।

नेपाल ऐतिहासिकरूपमा नै एक अपवर्जनात्मक राज्य रहदै आएको छ ।[८] राणा संभ्रान्त शासकद्वारा वि.स. १९१० मा जारी गरिएको मुलुकी ऐनको कानूनी र साँस्कृतिक संहिताको संरचनाले राज्यलाई हिन्दु दर्शनात्मक आधार दियो । मुलुकी ऐनले सम्पूर्ण जनसंख्यामध्ये बाहुन र क्षेत्री जातहरू (अर्को शब्दमा ब्राह्मण र क्षेत्रीय)लाई सबैभन्दा उपल्लो स्थानमा, तिव्वतेली बर्मेली "समूहहरू" (हाल जनजाती वा आदिबासी जनताहरू भनी बढी चिनिने)लाई मध्यस्थानमा,

७. सि.के. लाल, *"टेल टुर्थः कन्स्ट्रक्टींग एसेन्सीयलूस फ्रम ट्विस्टेड रियालिटिस् अफ नेपाल,"* अप्रकाशित निवन्ध (२०१५)

८. महेन्द्र लावती, *टुवार्डस् ए डेमोक्रेटिक नेपालः इनक्लुसिभ पोलिटिकल इन्स्टीटुसनस् फर ए मल्टिकल्चरल् सोसाईटी* (लण्डनः सेज पब्लिकेसन, २००५)

र "अछुत" जातहरू (हाल दलित भनिनेहरू)लाई सबैभन्दा तल्लो स्थानमा राखी जातीय वर्णाश्रममा विभाजन र श्रेणीगत गऱ्यो ।[९] राज्यका शासकहरू र सरकारका विभिन्न हाँगाहरूमा ऐतिहासिकरूपमा पुरुष, उच्च जात, पहाडे संभ्रात व्यक्तिहरूको प्रभुत्व रहदै आएको छ । भारतको जाति प्रणालीभन्दा विपरित, मुलुकी ऐनले गैर हिन्दु जनसंख्यालाई तल्लो जातिहरूभन्दा माथि मध्यस्थानमा राख्यो ।

नेपालले श्रेणीक्रमको संस्कारलाई जोगाएर राखेको छ र समान्यतया हिन्दु संस्कारहरू र परम्परागत मूल्यहरू, गुण, श्रेणीक्रम र दर्जामा विकसित भएको राज्यका विचार र शासकहरूप्रति सम्मानको अपेक्षा राखेको छ । राष्ट्रिय जाति प्रणालीले त्यस्तो तौर तरिकालाई परिभाषित गऱ्यो जसअनुसार विविध समूहहरू अन्य र राज्यसँग सम्वन्धित भए र हिन्दु संस्कारहरूको साँस्कृतिक प्रभुत्वलाई पुनर्स्थापित गऱ्यो । २०१७ सालदेखि २०४६ सालसम्म नेपालमा रहेको निरंकुश पञ्चायतकाललाई हिन्दुवाद, नेपाली भाषा र राजतन्त्रको त्रिकोणमा आधारित राष्ट्रिय संस्कारमार्फत वैधानिकता दिइएको थियो ।[१०] जातिय पहिचानको मागहरूलाई राजनीतिक विद्रोहको रूपमा व्याख्या गरिन्थ्यो[११] र तल्लो जातका हिन्दुहरू, गैर हिन्दुहरू, वा मातृभाषा नेपाली नभएकाहरूका विरुद्ध भेदभाव गर्ने वलियो आधार संयुक्तरूपमा धर्म र भाषा बन्यो ।

पराम्परागत अभ्यासहरूमा आधारित कानूनहरूले प्रभावकारीरूपमा जातीय र लिंगमा आधारित भेदभावलाई अनुमति दियो । पहाडमा केन्द्रिकृत "नेपाली"को पञ्चायती संरचनाका कारणले तराईमा रहेका मधेसी जनसंख्याले विदेशी ("भारतीय") सरह र "वास्तविक नेपाली नभएको" भन्ने विभेद सहनुपऱ्यो ।[१२]

२०४६ सालको जनआन्दोलनले शाही निरंकुश शासनको अन्त्य गरी बहुदलीय

---

९. आन्द्रास होफर, *द कास्ट हाइआरर्की एण्ड द स्टेट इन नेपालः ए स्टडी अफ द मुलुकी ऐन अफ १८५४* (अस्ट्रियाः युनिर्भसीटाट्स्भर्लग वाग्नर, १९७९)

१०. रिचार्ड बुर्घाट, *द पोलिटिकल कल्चर अफ पन्चायत डेमोक्रेसी इन नेपाल इन द नाइन्टिज्ः भर्जन्स अफ द पास्ट, भिजन्स अफ द फ्युचर,* सम्पादक माइकल हट (नयाँ दिल्लीः अक्सफोर्ड युनिभर्सिटि प्रेस, १९९४), १-१३

११. जोअन्ना प्याफ-क्जार्नेक्का आदि, *इथ्निक फ्युचरः द स्टेट एण्ड आइडेन्टिटी पोलिटिक्स इन एसिया (लण्डनः सेज प्रकाशन, १९९९)*

१२. काठमाण्डू पोष्ट, "पोलिसमान कअठ् इन प्री-मेडिटेट अट्याकः होम मिनिस्टर," http://kathmandupost.ekantipur.com/news/2015-08-24/policemen-caught-in-premeditated-attack-home-minister.html

प्रजातन्त्रलाई स्थापित गऱ्यो । तथापी, नयाँ संविधान र राजनीतिक सम्झौताहरूले अपवर्जनात्मक नेपाली राष्ट्रियता, संरचनाहरू र संस्थाहरूलाई निरन्तरता दिए ।[१३] धर्म र राजनिति "छुट्ट्याउनै नसकिने गरी जोडिएर" रहे, धर्म निरपेक्षताको बोली बोले पनि नेपालमा राज्यसत्ता हिन्दु धर्मका मान्यताहरूबाट निर्देशित भैरहेको छ ।[१४] लोकतान्त्रिक संस्थाहरू, राजनीतिक अभ्यासको नयाँ स्वरूप, र उत्तरदायी शासनमा आधारित नागरिक-राज्य सम्बन्धहरूको संस्कारहरूका वाचाहरूलाई राजनीतिक दलहरूका उदीयमान आयामहरूले तत्कालै नाकाम बनाइदिए । अझै विशेषगरी, नेपाली समाजको श्रेणीगत प्रकृतिलाई प्रतिविम्वित गर्दै, राजनीतिक दलहरूमा पनि केन्द्रिकृत, व्यक्तिगत नियमलाई प्रोत्साहन गर्ने पाका उमेरका, उच्च जातका पुरुषहरूको वर्चश्व रहँदै आएको छ ।

लोकतान्त्रिक प्रतिस्पर्धाको उदीयमान स्वरूपहरूमा, सुरक्षा निकायहरूवाट सहयोग र नातावाद र कृपावाद लगायत आफ्ना संजाल संरक्षणलाई मलजल गर्नुपर्ने कुरालाई पनि अत्यावश्यक बनाई, राजनीतिक कार्यकर्ताहरू र समर्थन कायम राख्नु महत्वपूर्ण बन्यो ।[१५] यसको परिणामस्वरुप राजनीतिक संरक्षणप्राप्त संजालहरूबाट राज्यका श्रोतहरूको अनौपचारिक बाडँफाड भयो । द्वन्द्व र शान्ति सम्झौतामा हस्ताक्षर पश्चात पनि नेपालका मुख्य राजनीतिक दलहरूबाट यी आयामहरू पुनर्स्थापित हुँदै आएका छन् ।[१६] राज्यशक्तिका श्रोतहरू संस्थागतभन्दा पनि व्यक्तिपरक रहिरहे र पुस्तैनी परम्पराहरू र संरक्षक-लाभार्थी जस्तो सम्वन्धहरूले सबै राजनीतिक दलहरूमा प्रभुत्व पाएका छन् ।[१७]

उदीयमान द्वन्द्वोन्तर दलीय संजालहरूमा कानूनी संरक्षण नै संरक्षकत्व (patronage)को स्वरुप बन्न पुग्यो ।[१८] त्यसकारण, "एक पछि अर्को सरकारले

१३. मारा मालागोदी, कन्स्टीटुसनल नेश्नलिजम एड लिगल एशक्लुजन : इक्कुलिती, आइडेन्टी पोलिटीकस्, एड डेमोक्रेसी इन नेपाल (१९९०–२००७) (अक्स्फोड : अक्स्फोड युनिर्भसिटी प्रेश, २०१३)।

१४. सि.के. लाल, *"टेल टुर्थः कन्स्ट्रक्टींग एसेन्सीयलूस फ्रम ट्रिवस्टेड रियालिटिस् अफ नेपाल,"* अप्रकाशित निवन्ध (२०१५)।

१५. सि.के. लाल, *"टेल टुर्थः कन्स्ट्रक्टींग एसेन्सीयलूस फ्रम ट्रिवस्टेड रियालिटिस् अफ नेपाल,"* अप्रकाशित निवन्ध (२०१५) गिनर, डेभिड एण्ड कृष्ण हाछेतु, लोकल डेमोक्रेसी इन साउथ एसिया : माइक्रोप्रोसेसस् अफ नेपाल एण्ड इत्स् नैवोर्स् (लन्डन : सेज प्रकाशन, २००८)

१६. इन्ट्रनेशनल क्राइसिस ग्रुप, "नेपाल : पिस एड जस्टिस" (२०१०)

१७. २०५८ सालदेखि नै निर्वाचित प्रतिनिधिहरूको अनुपस्थिति र परिणाममा, स्थानिय तहमा प्रशासनको रित्ततालाई पूर्ति गर्न (सवै मुख्य राजनितिक दलहरूबीच शक्ति बाँडफाड गर्ने) सर्वदलिय संयन्त्रको लागू गरिएदेखि संरक्षित प्रणाली, दण्डहिनता, र भ्रष्टाचार फैलिन सहज भएको हो ।

१८. इन्ट्रनेशनल क्राइसिस ग्रुप, "नेपाल : पिस एड जस्टिस" (२०१०), ६

हत्या जस्तो गम्भीर अपराध लगायतका अदालतमा विचाराधिन फौजदारी मुद्दाहरू फिर्ता लिन निरन्तररूपमा कानूनको प्रयोग गरे"[१९] जसलाई आश्चर्यजनक मान्नु पर्दैन । ऐतिहासिक अभ्यासहरूका कारण पनि व्यापक दण्डहीनता संस्कार नै बनिसकेको छ ।[२०]

यसको अर्थ के हो भने द्वन्द्वसँग सम्बन्धित उल्लङ्घनहरूमा प्रत्यक्ष संलग्न भएका अधिकांशलाई जवाफदेही बनाइएको छैनन् र अझै पनि धेरै मुद्दाहरूमा उही निकायहरूले उच्च तहको राजनीतिक शक्ति प्रयोग गरेको पाइन्छ । गम्भीर उल्लङ्घनहरूका लागि मतियार भएका हुन सक्ने वा जिम्मेवार हुन सक्ने व्यक्तिहरू नै हाल नेतृत्वदायी पदहरूमा रहेको स्पष्ट छ । यसअन्तर्गत नेपाली सेनाभित्रका बहालवाल उच्चपदस्थहरू पनि पर्दछन्, जसलाई संपरीक्षण गरिएको छैन ।[२१] यस पृष्ठभूमिमा, सङ्क्रमणकालीन न्यायका लागि किन राजनीतिक वा सैनिक नेतृत्वहरूबाट थोरै सहायता भएको छ भन्ने कुरा बुझ्न कठिन छैन ।

संरक्षण र दण्डहीनताको यस विस्तृत परिप्रेक्ष्य, र तिनीहरूलाई जोड्ने संरचनागत असमानताहरू, नेपालको दश वर्षे सशस्त्र द्वन्द्व र विभिन्न जनआन्दोलनहरूका क्रममा भएका उल्लङ्घनहरूका सम्बन्धमा सत्य र सत्यको खोजीको मूल्य र अर्थ बुझ्नका लागि महत्वपूर्ण छन् ।[२२]

---

१९. एडभोकेसी फोरम र रिड्रेस, "हेल्ड टु एकाउन्ट : मेकिङ द ल वोर्क टु फाइट इम्प्युनिटी इन नेपाल" (२०११), १ ।

२०. द्वन्द्व अन्त भएको पाँच वर्षमा मानव अधिकारवादी वकिल मन्दिरा शर्माको भनाईः "यो संरचनागत समस्या हो ... यो देशमा असमानताको गहिरो खाडल छ । नेपालको सन्दर्भमा कानूनभन्दा आफूलाई माथि मान्ने मान्छेहरू छन् । सेना र राजनितिज्ञहरू यस्तो सोच्दछन् । यो समानताको प्रश्न हो, कानूनका अगाडि सवै समान छन् । र न्याय प्रणालीलाई यसरी संरचनागत गरियो भने गरिव, शक्तिहीनहरूको न्यायको सवालमा यसले सम्वोधन गर्न सक्दैन ।" पिस ब्रिगेड्स इन्टरनेसनल नेपाल, "जस्टिस डिनाइडः एचआरडिज, इम्प्युनिटि, एण्ड रुल अफ ल इन नेपाल" (२०११)

२१. संक्रणकालिन न्यायका लागि अन्तराष्ट्रिय केन्द्र "फराकिलो हृदयका साथ निर्धक्क अगाडि बढ्न : नेपालको द्वन्द्वसँग सम्बन्धित मानवअधिकार ज्यादतीका पीडितहरूको परिपूणाय न्यायसन्बन्धी आवश्यकता र आकङ्क्षाहरूको बारेमा गरिएको एक अध्ययन," (२०१४) ९ । थप हेर्नुहोस् http://fohrid.org.np/index.php/press-release-1स जितमान वस्नेत, "इमुनिटि एण्ड इम्प्युनिटि" नेपाली टाइम्स, सेप्टेम्वर २०-२६, २०१३, http://nepalitimes.com/regular-columns/GUEST-COLUMN/guest-column-immunity-impunity-bhairavnath-jitman,168; *नेपाल माउन्टेन न्यूज,* "इन्टरनेसनल ह्युमन राईटस् ग्रुप्स आस्क गभरमेन्ट टु सस्पेन्ड आइजिपि राणा", सेप्टेम्वर १८, २०१२, http://www.nepalmountainnews.com/cms/archives/65712

२२. सि.के. लाल, *"टेल टुर्थः कन्स्ट्रक्टींग एसेन्सीयल्स फ्रम ट्विस्टेड रियालिटिस् अफ नेपाल,"* अप्रकाशित निवन्ध (२०१५) । राज्य र समाज, राजनितिक संस्कारमा हिन्दु धर्मको प्रधान्यताको सन्दर्भमा वा सि.के.लालको

## विगतका जाँचबुझ आयोगहरूका सीमितताहरू

राज्यका संभ्रान्त व्यक्तिहरूले नेपालको विगतलाई खोतल्ने गम्भीर प्रयासहरू गरेका छैनन् । २०४६ सालमा पूर्ण सामन्ती शासनको अन्त्यपछि, ठूला जनआन्दोलनहरू पश्चात, सबैभन्दा महत्वपूर्ण दुई जाँचबुझ आयोगहरू- पूर्व न्यायधिश जनार्दन मल्लिकको नेतृत्वमा मल्लिक आयोग र सर्वोच्च अदालतका न्यायधिश कृष्णजंग रायमाझीको नेतृत्वमा रायमाझी आयोग गठन गरिएको थियो ।

मल्लिक आयोग २०४६ सालको जनआन्दोलन (जनआन्दोलन भाग १) पश्चात २०४६ साल पूर्वका निरंकुश सरकारद्वारा प्रदर्शनमाथि भएको घातक दमनका बारेमा छानबिन गर्न स्थापना गरिएको थियो । यसले ४५ वटा हत्या र २३०० वटा मानवीय क्षतिहरूका बारेमा विस्तृत उल्लेख गर्दै ११०० पृष्ठ लामो अन्तिम प्रतिवेदन नेपाली कांग्रेसको नेतृत्वमा रहेको अन्तरिम सरकारलाई मिति २०४७ साल पौष १६ गते बुझायो । प्रतिवेदनले आन्दोलन दबाउनका लागि राज्य सुरक्षा बलहरूद्वारा अत्याधिक बलको प्रयोग गरेको प्रमाण पत्ता लगायो र गृहमन्त्री कमल थापा, कानूनमन्त्री निरन्जन थापा र प्रहरी महानिरीक्षक सहवीर थापा लगायत हिंसामा सबैभन्दा गम्भीर भूमिका खेल्नेहरूविरुद्ध कानूनी कारबाही गर्न सिफारिस गऱ्यो, र उनीहरु सबैले फेरि २०६२/२०६३ को जनआन्दोलनका क्रममा अधिकारहरूको दमन गर्नमा मुख्य भूमिका खेले ।[२३]

मल्लिक आयोगको पूर्ण प्रतिवेदन सार्वजनिक गर्नका लागि दिइएको जनदवाव र ६७ प्रतिशत सांसदहरूले उल्लङ्घनका दोषीहरूका विरुद्ध कारबाहीका

---

शव्दमा संस्कारको अवधारणामा मुख्य भनेको: "परम्परागत समाजहरूमा राज्य शक्ति न त कलमको मसीबाट आएको थियो न त बन्दुकको गोली बाट तर मस्तिष्क, शरीर र मनलाई जकडिराख्ने विश्वासहरूबाट आएको थियो जुन हटाउन वा निकाल्न ज्यादै कठिन छ । भाग्यका विपरित, संस्कारहरू परिवर्तन हुनसक्छन् तर संस्कृतिको अवधारणा जस्तो होइन ।" भाग्यवाद, आफ्नो मान्छे, र चाकरीको समिश्रण नेपालको राजनितिक जीवन लिप्त छ । राजनितिमा, नैतिकता वा मुल्यहरूलाई थोरै वा केही सम्मान नगरिकन, भाग्यवादले साहसीपन र लापरवाहीलाई जन्म दिन्छ । संरक्षक-लाभार्थी सम्वन्धले सामान्ती प्रथालाई कर्तव्यमा परिवर्तन गरिदिन्छ र पुरस्कार दिने अधिकार प्रदान गर्दछ । चाकरी चापलूसीले आफ्नोमान्छेको वृत्तको संरक्षक हुने तरिकालाई अंगीकार गराउँदछ । यस प्रणाली भन्दा बाहिरका व्यक्तिहरूका लागि, भाग्यवादले जति नै अन्याय भएपनि आफ्नो भागमा परेको कुरालाई स्वीकार गर्न सिकाउँछ ।

२३. इन्टरनेशनल क्राइसिस ग्रुप, "नेपालस् माओविस्टस्: दियर अैम्स्, स्ट्रक्चर एण्ड स्ट्राटिजी (Nepal's Maoist's: Their Aims, Structure and Strategy)" (२००६)

लागि गरेको समर्थनका बावजुद सरकारले कुनै कारबाही गरेन ।[२४] संसदलाई प्रतिवेदनको केवल एक प्रतिमात्र उपलव्ध गराइयो । राजनीतिक रोकावट र न्यायका अवधारणाहरूबीच सन्तुलन राख्न सरकारले विगतमा अधिकार उल्लङ्घन गर्ने पक्षहरूलाई विरोधी बनाउने जोखिम उठाएन । उत्तरदायित्वभन्दा माथि राजनीतिक सुविधालाई प्राथमिकतामा राख्दै, कृष्णप्रसाद भट्टराईको नेतृत्वमा रहेको प्रथम प्रजातान्त्रिक सरकारले मल्लिक आयोगको प्रतिवेदन प्रस्तुत हुनुभन्दा पूर्वको मिति राखी अत्यधिक हिंसाका लागि प्रहरीलाई क्षमा दिने प्रस्ताव मन्त्रिपरिषद्बाट पारित गरायो ।[२५] यसरी सरकारले विधिको शासनको पालना गर्ने र कानूनका अगाडि सबै नागरिक समान र जिम्मेवार छन् भनी सङकेत गर्ने अवसर गुमायो ।[२६]

२०६२/२०६३ को जनआन्दोलन (जनआन्दोलन भाग २)का क्रममा भएको मृत्यु र सम्पत्ति क्षतिका बारेमा छानविन गर्न २०६३ साल जेठमा गठन भएको रायमाझी आयोगले सिफारिसहरू र दोषीहरूको नाम उल्लेख गरेको थियो । आयोगले २५ जना मारिएको र ५००० भन्दा धेरै घाइते भएको निष्कर्ष निकाले पनि कसैलाई जवाफदेही बनाइएन ।

माथि उल्लिखित दुइ आयोगमध्ये कुनैले पनि न त लोकतान्त्रिक प्रत्याभूतिहरूको अभाव र पुरानो सत्ताका अन्यायहरूका बारेमा व्याख्या गरे न भविष्यमा हुनसक्ने अन्यायहरूको रोकथामका लागि विगतबाट सिक्ने र जवाफदेहितामा जोड दिने काम गरे । दुवै आयोगहरु फौजदारी कारबाहीहरूको कमजोर विकल्पका रूपमा आलोचित छन् । पुरानो सत्ताका गल्तीहरूलाई सुधार्नेमा वा उल्लङ्घनहरू र अन्यायलाई पुन नदोहोऱ्याउनेप्रति थोरै मात्र रुची राखी,[२७] सरकारद्वारा ती

२४ विष्णु पाठक, *पोलिटिक्स अफ पिपलस् वार एण्ड ह्युमन राइटस् इन नेपाल (Politics of People's War and Human Rights in Nepal)* (काठमाडौंः विमिपा प्रकाशन, २००५)

२५. इन्टरनेसनल कमिसन अफ जुरिष्टस्, "नेपालमा जाँचबुझ आयोगहरूः उपचारहरूको इन्कारी, दण्डहीनताको संरक्षण (Commissions of Inquiry in Nepal: Denying Remedies, Entrenching Impunity) (२०१२),३२

२६. मानव अधिकार कानून व्यवसायी जितमान वस्नेतका अनुसार, "२०४६ सालको जनआन्दोलन दवाउन दोषीहरूको विरुद्धको फौजदारी अभियोगहरूको फिर्ता लिनुले नजिर कायम गरेको छ। अपराधको राजनितिकरण र फौजदारी मुद्दाहरूको फिर्ता लिने कार्य अभियोजनबाट उन्मुति प्रदान गरेको छ।" "इमुनिटि एण्ड इम्प्युनिटि" नेपाली टाइम्स, सेप्टेम्वर २०-२६, २०१३, http://nepalitimes.com/regular-columns/GUEST-COLUMN/guest-column-immunity-impunity-bhairavnath-jitman,168

२७. आयोगहरूको विस्तृत मुल्यांकनका लागि हेर्नुहोस् इन्टरनेसनल कमिसन अफ जुरिष्टस्, "नेपालमा जाँचबुझ आयोगहरूः उपचारहरूको इन्कारी, दण्डहीनताको संरक्षण (Commissions of Inquiry in Nepal: Denying

आयोगहरूलाई यथास्थिति कायम राख्ने साधन वा जनआक्रोश र ध्यान हटाउने साधनकारूपमा प्रयोग गरिएको[२८] भनी केहीले आरोप लगाए । आइसिटिजेद्वारा लिइएको अन्तर्वार्तामा एक पुरुष व्यक्तिले मानवअधिकार मुद्दाहरूका बारेमा प्रधानमन्त्रीको कार्यालयमा भएको एक निजी वैठकका बारेमा सम्झना गरे । मन्त्रीले ती व्यक्तिलाई भनेका थिए, "तिमीलाई थाहा छ, हामीलाई थाहा छ यो संसारभर हुन्छ; यस्तो अवस्थामा आयोग गठन गरिन्छ, यो र त्यो गर्दै नौ महिना वितिसक्यो, र यो जान्छ ।" यो उनको व्यक्तिगत विचार नभई "राज्य संचालनको मनोविज्ञान हो" भनी ती अन्तर्वार्ता दिने व्यक्तिले जोड दिए ।

यसका अतिरिक्त मल्लिक र रायमाझी आयोगहरू दुवैले ज्यादै छोटो अवधिहरूलाई मात्र समेटेका थिए र लोकतान्त्रिक आन्दोलनका क्रममा भएका दमनमाथि केन्द्रित थिए । यी आयोगहरू जवाफदेहिता र न्याय प्रवर्द्धन गर्ने विस्तृत रणनीतिसँग सम्बन्धित थिएनन् । महत्वपूर्णरूपमा, दुवै निरंकुश राजतन्त्रको अवधिमा बनाइएको जाँचबुझ आयोग ऐन, २०२६, र जाँचबुझ आयोग (आयोग सदस्यहरूको सेवा र शर्तहरू) सम्वन्धी नियम २०५० द्वारा प्रशासित थिए । तिनीहरूका प्रतिवेदनहरू कहिल्यै आधिकारिकरूपमा नागरिकहरूलाई उपलव्ध नगराइएको तथ्यबाट नै दुवै आयोगले सर्वसाधारणको सत्य जान्ने कुरालाई महत्व नदिएको भन्ने प्रमाणित हुन्छ ।

यस परिप्रेक्ष्यमा बहुप्रतिक्षित सत्य आयोग र बेपत्तासम्बन्धी आयोग शान्ति सम्झौतामा हस्ताक्षर भएको ८ वर्षपछि २०७१ माघमा गठन भयो । दुवै आयोगहरू तिनीहरूका कमजोरीहरू र स्वतन्त्रता र निष्पक्षताका अन्तर्राष्ट्रिय मापदण्डहरूसँग मेल नखाएको कारण राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूबाट आलोचित भए । विशेषगरि सत्य आयोगलाई स्थापित गर्ने कानूनमा सत्य आयोगले अन्तर्राष्ट्रिय कानूनी मान्यताहरू विपरित अन्तर्राष्ट्रिय मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घनहरूमा पनि क्षमादान सिफारिस गर्न सक्ने प्रावधान रहेको छ ।[२९]

---

Remedies, Entrenching Impunity) (२०१२)

२८. थप आयोगहरूको विस्तृत मुल्यांकनका लागि हेर्नुहोस् इन्टरनेसनल कमिसन अफ जुरिष्टस्, "नेपालमा जाँचबुझ आयोगहरूः उपचारहरूको इन्कारी, दण्डहीनताको संरक्षण (Commissions of Inquiry in Nepal: Denying Remedies, Entrenching Impunity) (२०१२)

२९. मानव अधिकारका लागि संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालय, "ओएचसिएचआर प्राविधिक

तथापी, आलोचनाहरूका बावजुद, अन्तर्वार्ता दिनेहरूले न्याय प्रदान गर्ने कार्यमा आयोगहरूको भूमिकाको बारेमा आशा व्यक्त गरे । उदाहरणका लागि, रुकुम जिल्लामा अन्तर्वार्ता दिनेहरूले मारिएका व्यक्तिका बारेमा सत्य पत्ता लगाउनका लागि सत्य आयोगले मद्दत गर्नेछ भन्ने आशा देखाएः "किन तिनीहरू मारिएका थिए, कसरी मारिएका थिए, कहाँ मारिएका थिए, के कारणले मारिएका थिए? यदि यी कुराहरू निश्चितरूपमा पत्ता लगाइएन र जे देखियो र सुनियो, त्यसको आधारमा वा बदलाको भावनाले मात्र हामीलाई बताइयो भने भोलिका दिनहरूमा समस्याहरू हुनेछन् । त्यसकारण, सत्य पत्ता लगाउने आयोग स्थापना हुनपर्दछ ।" अन्यले राष्ट्रिय तहका प्रक्रियाहरूले, सत्य खोजी गर्न र कुनै प्रकारको न्याय प्राप्त गर्नबाट धेरैलाई वञ्चित गर्ने गरी स्थानीय तहहरूमा भैरहेको राजनीतिकरण र विकृतिको रोकथाममा सहयोग पुग्ने आशा राखे ।

पीडितहरूलाई अर्थपूर्ण र वैधानिक सत्य प्रदान गर्नमा दुईटा सत्य आयोगहरू सफल हुनका लागि पहिले नेपालीहरूका लागि सत्य र सत्यको खोजीले के अर्थ राख्छ भनी बुझ्नु महत्वपूर्ण छ ।

## अन्तर्वार्ताहरूमा सत्यको खोजी र यसको अर्थ

सत्यको खोजि न्यायको सुनिश्चितताको एक महत्वपूर्ण तत्व हो र मानवअधिकार दुर्व्यवहारका विरासतहरूसँग सङ्घर्ष गर्ने क्रममा विगतका सत्यहरू उजागर गर्नु पनि त्यति नै महत्वपूर्ण हुन्छ । आजको मितिसम्म, तुलनात्मकरूपमा नेपालमा सत्यको खोजीको विषयमा थोरैमात्र ध्यान दिइएको छ, तथापी राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले द्वन्द्वका क्रममा र द्वन्द्वपश्चात द्वन्द्वका क्रममा भएका उल्लङ्घन र द्वन्द्व पीडितहरूको अधिकारहरू र आवश्यकताहरूसम्बन्धी थुप्रै गुणात्मक र परिमाणात्मक प्रतिवेदनहरू प्रकाशित गरेका छन् ।[३०] शान्ति स्थापना

---

नोटः बेपत्ता पारिएका व्यक्तिहरूको छानविन, सत्य र मेलमिलाप आयोग सम्वन्धी नेपाल २०७१ (OHCHR Technical Note: The Nepal Act on the Commission of Investigation of Disappeared Persons, Truth and Reconciliation २०७१" (२०१४")स अनौपचारिक सेवा केन्द्र, "इन्सेक वार्षिक प्रतिवेदन २०१४) (२०१४)

३०. उदाहरणका लागि, अनौपचारिक सेवा केन्द नेपालले सन १९९२ देखि नै मानव अधिकार वर्ष पुस्तक र बेपत्ताको विषयमा तीन भागको श्रृंखला "उनीहरू कहाँ छन् ?" लगायत मानव अधिकारसँग सम्वन्धी अन्य प्रकाशन गर्दै आएको छ, जसमध्ये एउटालाई अंग्रेजीमा पनि अनुवाद गरिएको छ (इन्सेक २०१०) । त्यस्तै वकालत मंचले संक्रमणकालीन न्याय र महिला (वकालत मंच २०१०)लगायत द्वन्द्व पीडितहरूको अधिकार

गर्ने र संविधान लेखनसँगै नयाँ राजनीतिक शासन बनाउने हतारसँगै, द्वन्द्व पीडितहरू र तिनीहरूका दुःखहरू ओभेलमा पारिएका छन् ।

२०६३ सालमा शान्ति सम्भौतामा हस्ताक्षर भएदेखि नै, मुख्य संचारमाध्यमहरूमा बहसहरू द्वन्द्व पीडितहरू पहिचान गर्न र न्याय दिन सत्य खोजी गर्ने आयोगहरू र अन्य संयन्त्रहरूको महत्वमा केन्द्रित थिए ।[31] मुख्यत पीडितका समूहहरू, मानवअधिकार कानून व्यवसायीहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले निरन्तर सत्य आयोगहरूका लागि वकालत गरेका छन् । यसको अलावा, यी सरोकारवालाहरूले सत्य केवल सत्यकै लागि वा अन्य गैरन्यायिक उद्देश्यहरूका लागि मात्र नभई फौजदारी उत्तरदायित्वका सवालमा समेत सत्य आयोगहरूको सम्भावित योगदानमा ध्यान केन्द्रित गरेका छन् ।

समग्रमा, "नयाँ नेपाल" निर्माणमा थप वृहत न्याय खोजी गर्ने साधनकारूपमा विगतका मानवअधिकार उल्लङ्घनहरूको बुभाईलाई कम ध्यान दिदै, विगतका बारेमा सत्य बुझ्नुपर्ने आवश्यकतालाई सार्वजनिक बहसबाट लगभग बाहिरै राखियो । सशस्त्र द्वन्द्व र २०४६ र २०६२/२०६३ सालको जनआन्दोलनहरूसँग सम्बन्धित सत्य र सत्यको खोजीको मूल्य र अर्थको बुभाईले सत्यको खोजीतर्फ गहिरो अन्तर्दृष्टि प्रदान गर्दछ जसले सत्यको अधिकारसम्वन्धी बृहत अभियानहरूलाई सुदृढ गर्न तथा द्वन्द्व र मानवअधिकार उल्लङ्घनहरूबाट प्रत्यक्षरूपमा प्रभावित भएका जनसंख्याहरूका लागि सत्यको खोजी प्रक्रियाहरूको सान्दर्भिकता बढाउन मद्दत गर्दछ ।

---

हरूसँग सम्वन्धित धेरै प्रतिवेदनहरू प्रकाशित गरेको छ र ह्युमन राइट्स वाच (२००८) र आईसिटिजे (२०१०) लगायत धेरैसँग मिलेर पनि प्रतिवेदनहरू निकालेका छन् । ओरेकले पनि महिलाविरुद्ध हुने हिंसा सम्वन्धी वार्षिक वर्ष पुस्तक र मानव अधिकार र संक्रमणसम्वन्धी अन्य दस्तावेजहरू प्रकाशन गरेको छ। त्यस्तै, युनिफेम र साथीले द्वन्द्व र संक्रमणकालीन अवधिमा भएको यौन हिंसामा अनुसन्धान (२००८) गरेको थियो ।एउटा महत्वपूर्ण प्रकाशन सन् २०१२ को ओएचसिएचआरको नेपाल द्वन्द्व प्रतिवेदन र संक्रमणकालीन न्याय श्रोत आरकाईभ हो जसले २०५३ सालदेखि २०६३ सालसम्म नेपालमा भएको अन्तर्राष्ट्रिय मानव अधिकार र मानविय कानूनको द्वन्द्वसँग सम्वन्धित मुख्य उल्लंघनहरूलाई दस्तावेजीकरण र विश्लेषण गरेको छ । यसले द्वन्द्वका क्रममा भएको गम्भीर हिंसाहरूका लागि न्याय सुनिश्चित गर्ने काममा योगदान गर्ने उद्देश्य राखेको छ ।

३१. पुन्यप्रसाद खतिवडा, "बेपत्ता छानविन आयोग र यसको आवश्यकता", *अन्नपूर्ण पोष्ट,* अक्टोवर ११, २००६; पुरुषोत्तम दाहाल, "सत्य आयोग भन आवश्यक", *नेपाल समाचार पत्र,* सेप्टेम्वर १६, २००६; कनकमणि दिक्षित, "हिमाल साक्षी छ", *नागरिक* , जनावरी २२, २०१०; राम कुमार भण्डारी, "फोरगटन फ्युचर (Forgotten Futures)", *नेपाली टाइम्स,* अगस्ट २६-सेप्टेम्वर १, २०११ ।

यस प्रतिवेदनका लागि लिइएका अन्तर्वार्ताहरूले यो बुझाइको स्वरूप दिन शुरु गर्दछन् । द्वन्द्वका क्रममा पीडा भोगेका अन्तर्वार्ता दिनेहरूमध्ये धेरैले के भएको थियो, किन भएको थियो, र को जिम्मेवार थियो भन्ने बारेमा थप जान्ने स्पष्ट इच्छा प्रकट गरे । पीडितहरूको पीडाको विवरणभन्दा पर सत्यको बृहत आवश्यकताका बारेमा अछाममा आफ्नो घर नजिक रहेको धारामा भएको सकेट बम विस्फोटनमा दुई छोरा र एक छोरी गुमाएका एक व्यक्तिले प्रष्ट पारिदिए । उनका लागि सत्य थाहा पाउनु भनेको त्यो बम राख्ने व्यक्ति को थियो जसले गर्दा उनका आफ्ना सन्तान मारिए भन्ने सम्ममा सिमित नभई त्यसभन्दा ज्यादा थियो । उनका लागि सत्य थाहा पाउनु अन्तर्गत “जिल्लाभित्र कति जना पिटिए, कति मारिए, कति जना लुटिए, कति जना विस्थापित भए” भन्ने समावेश थियो । द्वन्द्वको बृहत परिप्रेक्ष्यमा आफ्नो क्षतिलाई अवस्थित गरी हेर्ने क्षमता उनका लागि महत्वपूर्ण थियो । वृहत सापेक्षित ज्ञानको मागलाई ध्यानमा राखी, द्वन्द्वसम्बन्धी तथ्यांकहरूलाई सरल, स्थानीय भाषाहरूमा पहुँच योग्य बनाउनु एक सकारात्मक हस्तक्षेप हुने छ ।

यद्यपी अन्य अवस्थाहरूमा भने सत्यको मूल्यलाई फरकरूपमा लिइएको पाइयो । केही व्यक्तिहरुले यसलाई शान्ति प्रक्रियाका लागि आवश्यक राजनीतिक सम्झौताको एक भागका रूपमा लिएका थिए । एक अग्रणी बुद्धिजिवी यो भावनासँग सहमत छन् । शान्ति सम्झौता सम्वन्धी उनको बुझाई अनुसार “समाजले क्षमा दिनु र विर्सनु पर्दछ” अन्यथा शिर्ष नेताहरू र सेना प्रहरीहरूको संलग्नता भएका कारण - उनकै शब्दमा, “सबै” को संलग्नता भएका कारण, शान्ति सम्झौता खतरामा पर्न सक्दछ । “निर्दयी भएर भन्नुपर्दा,” उनले भने, “भावनात्मक र भावुक (हानिहरू)को पूर्ति हुनसक्दैन । भौतिक क्षतिहरूका लागि मात्र तपाईंले परिपूरण प्रदान गर्न सक्नुहुनेछ ।” यस्तै विचार अन्य व्यक्तिहरूले पनि अभिव्यक्त गरे र उनीहरुका अनुसार सत्यको खोजीको विषयलाई राजनीतिक सम्झौतामा निर्भर रही विद्यमान राजनीतिक परिप्रेक्षभित्र बुझिनुपर्दछ । एक राजनीतिक दलका वरिष्ठ नेताले आयोगहरूले माओवादीलाई मात्र नभइ सेना र प्रहरीलाई समेत समस्या दिइरहेको भनी जोड दिए । उनका अनुसार “विषयहरूको राजनीतिक प्रकृतिलाई ध्यानमा राखी छलफलहरू हुनु जरुरी छ ।”

अन्तर्वार्ता दिने अन्य व्यक्तिहरूले प्रक्रियाको आत्मपरकताको बारेमा जोड दिए ।

अन्तर्वार्ता दिने एक बरिष्ठ व्यक्तिका अनुसार, “सत्य कुनै घटना भयो भन्ने हो । तर त्यो घटना किन भयो ? यहीँ निर सत्य बाङ्गिन थाल्छ ।” तथापि, धेरै पीडितहरूले सम्भावित कमजोरीहरूका बाबजुद समान्यतया सत्य खोजी प्रक्रियाको महत्वमाथि जोड दिएका थिए । एक प्रमुख महिला अधिकारकर्मीका अनुसार सत्य आयोग र बेपत्तासम्बन्धी आयोग कमजोर तथा तिनका प्रक्रिया सुस्त भएतापनि सत्य र न्यायको आवश्यकतालाई पूर्णरूपमा त्याग्न सकिँदैन ।

आइसिटिजेद्वारा गरिएका पीडित र द्वन्द्व प्रभावित व्यक्तिहरूसँग सम्बन्धित अघिल्ला अध्ययनहरूले पीडितहरूका अल्पकालीन र मध्यकालीन आवश्यकताहरूलाई परिपूर्ति गर्न पनि सत्य महत्वपूर्ण छ भनी देखाएका छन् ।[३२] बर्दियामा बेपत्ता परिवारहरूका लागि सत्य बताउने सम्वन्धमा अन्य निकायबाट भएको विस्तृत अध्ययनले, उदाहरणका लागि, दुईटा उद्देश्यहरू उजागर गरेको छः शरीरका अवशेषहरूको स्थान र पहिचानसँगै आफन्तहरूको नियति निश्चित गर्ने र “औपचारिकरूपमा र समुदायद्वारा परिवारहरूको कथाहरूलाई स्वीकार गरी बेपत्ता व्यक्ति र परिवारहरू दुवैको मर्यादालाई कायम गर्ने ।”[३३]

वास्तवमा, यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका देशका विभिन्न भागहरूमा रहेका बेपत्ता परिवारहरूका लागि सत्य बताउने कुराको मूल्य र अर्थ बेपत्ता पारिएका आफन्तजनको नियति र शरीरका अवशेषहरूको स्थान र पहिचान निश्चित गर्नेमाथि केन्द्रित थियो । जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूका परिवारहरूले व्यापकरूपमा प्रयोग गरेको वाक्यांश ‘कि लाश कि सास’को माग थियो, कि त मृत शरीर देउ कि जिउँदो व्यक्ति । दैलेखमा श्रीमान बेपत्ता भएका एक महिलाको शब्दमा “यदि तिनीहरू मारिएका भए कहाँ र कसरी तिनीहरू मारिए भनेर हामीलाई बताइनु पर्दछ । यदि तिनीहरू जिउँदो भए, तिनीहरू कहाँ छन् भनी हामीलाई बताइनु पर्दछ । यो नै हाम्रो सबैभन्दा ठूलो आवश्यकता हो ।”

परिवारहरूले बेपत्ता पारिएका आफ्ना आफन्तहरूका बारेमा आफैले सूचना

३२. आइसिटिजे, “फराकिलो हृदयका साथ निर्धक्क अगाडि बढ्न” (२०१४)

३३. साइमन रोविन्स,“कन्स्ट्रक्टींग मिनिग फ्रम डिस्अपिरियन्सः लोकल मेमोरलाईजेसन अफ मिसिंग इन नेपाल (Constructing Meaning from Disappearance: Local Memorialisation of the Missing in Nepal)”, *इन्टरनेसनल जर्नल अफ कन्फ्लिक्ट एण्ड भाइलेन्स* ८(२०१४): ५ ।

खोज्ने प्रयास र सूचनाको आवश्यकतामाथिको उनीहरुको निरन्तर जोडले पनि सत्यको मूल्यलाई उजागर गरेको छ । झापामा, छोरालाई बेपत्ता पारिएको एक व्यक्तिलाई सेनाद्वारा आफ्नो छोरा गिरफ्तार भएको मिति, आफ्नो छोरासँगै गिरफ्तार भएका पाँच जना अन्य व्यक्तिहरूको नाम, र सेनाको ब्यारेकमा उनको छोरा र समूह निश्चितरूपमा उपस्थित रहेको अन्तिम मिति थाहा थियो । उनलाई ब्यारेकमा ६ जना व्यक्तिहरू मारिएका एउटा घटनाको बारेमा पनि थाहा थियो, त्यसपछि उनको छोराको बारेका सबै निशानहरु हराए । त्यसकारण, त्यो हल्ला सुनिएको घटनामा मारिएकाहरूमध्ये एक उनका छोरा थिए भनी उनी अनुमान लगाउँछन् तर उनलाई पक्का थाहा छैन ।

सत्य र पूर्ण उत्तरदायित्वको यस निरन्तरको खोजीका सन्दर्भमा श्रीमानलाई जबर्जस्ती बेपत्ता पारिएका झापाकी एक महिलाले सामान्यतया मारिएका व्यक्तिहरूको नामहरू सार्वजनिक गर्नु मात्र अपर्याप्त हुने भनी जोड दिइन्ः “हाम्रा लागि यो पर्याप्त छैन । यो प्रमाणित हुनुपर्दछ कि कसले तिनीहरूलाई मारेका हुन् ... हत्या गर्नेले तिनीहरूलाई कहाँ गाडेको हो त्यो पनि बताउनुपर्दछ । निश्चितरूपमा सेनाले कुनै प्रकारको पहिचान गर्न सक्ने व्यक्तिगत सामानहरू राखेको होला । तिनिहरूको कपडाहरू वा फोटो राखेको हुनुपर्दछ । ‘तपाईंको श्रीमान मारिइनु भयो’ भनी सामान्यरूपमा भन्दैमा म स्वीकार गर्दिन ।”

मृत शरीर नभेटिएको कुरा धेरैजसो बयानहरुमा मुख्यरूपमा उठाइएका थिए । श्रीमानलाई बेपत्ता पारिएका दैलेखकी उनै महिलाले भनिन्, “मलाई यस्तो लाग्दछ की मेरो श्रीमान जीवितै हुनुहुन्छ र उहाँ घर फर्कीनुहुन्छ ... हामीले उहाँको शरीरलाई आफ्नै आँखाले देखेका छैनौं ... तथापी १३ वर्षभन्दा धेरै भइसक्यो र पनि मलाई लाग्छ कि उहाँ आउनु हुन्छ ।” आफ्नो छोरालाई बेपत्ता पारिएका र छोराको मृत्युलाई सेनामार्फत मानवअधिकार संस्थाहरूले पुष्टि गरिसकेका कपिलवस्तुका एक व्यक्तिले भने, “राज्यले उसको लाश पनि हामीलाई दिएन । उसलाई मारेपछि, सेनाले कहीँ लगेर फ्याँकी दियो । “माओवादीद्वारा श्रीमान बेपत्ता पारिएका दैलेखका एक महिलाले भनिन् , “माओवादीले कि लाश कि त सास दिनुपर्छ । म सुनेको कुरालाई सत्य मान्दिन ।”

अन्तर्वार्ता दिने व्यक्तिहरूका लागि मारिएका व्यक्तिहरूसँग सम्बन्धित सत्यको आवश्यता मृत्युको विवरणहरू सार्वजनिक गर्ने विषयसँग पनि सम्बन्धित छ ः

कसले तिनीहरूलाई मारेका हुन्, किन मारिएका हुन, कसरी मारिएका र कहाँ मारिएका हुन ? यहाँ पीडितहरू मारिएको विशेष परिस्थितिहरूका बारेमा सत्य जान्ने अधिकारमाथि जोड दिइएको थियो । दैलेखबाट सुर्खेतमा विस्थापित भएका एक महिलाले कसरी माओवादीहरूले आफ्नो श्रीमान, दाई र गाउँका एक अर्को व्यक्तिको लाशलाई घरमा छाडेर गएका थिए भनी बताइन् । उनका लागि, सत्यको मूल्य भनेको हत्याका दोषीहरू पहिचान गर्ने र कुन परिस्थितिमा हत्या गरिएको थियो भन्ने बारेमा थाहा पाउनेमा केन्द्रित छः “कसले तिनीहरूलाई मारेका हुन्, कसरी र कहाँ भन्ने कुरालाई सार्वजनिक गरिनुपर्दछ । सेना र माओवादी दुवैले बताउनै पर्छ । ”

माथि उल्लेख गरिए जस्तै मिल्दोजुल्दो भावनाहरू बम विस्फोटनमा आफ्ना तीन जना सन्तानलाई गुमाएका एक व्यक्तिले अभिव्यक्त गरे । उनका लागि कसले बम राखेका हुन् र किन निर्दोष मानिसहरूलाई निशाना बनाइयो भन्ने बारेको सत्य उद्घाटन नै मुख्य माग थियो । राज्यले आफ्नो एक सन्तानलाई शहीद घोषणा गरिसकेको छ भनी सुनेको तर कुन सन्तान भनी थाहा नभएको भनी उनले बताए - यो राज्य र पीडितहरूको अधिकार, आवश्यकता र अपेक्षाबीच सम्पर्क विच्छेदको अवस्थाको एउटा सङ्केत हो । “सत्य भनेको मेरा तीन सन्तानहरू मरे । उनीहरु कसरी मरे भनी सार्वजनिकरूपमा उजागर गर्नु सत्य हो । ... यदि सत्य बाहिर आएमा, हामीले न्याय पाउने छौं ।”

आइसिटिजेको अघिल्लो प्रतिवेदनमा दस्तावेजीकरण गरिएअनुसार,[३४] यातना पीडितहरूका लागि यातना, अपमान, र दैनिक जीवनलाई प्रभावित गर्ने जीवनपर्यन्त स्वास्थ्य र मानसिक समस्याहरूका लागि कुनै वास्तविक क्षतिपूर्ति हुन सक्दैन । राज्य र माओवादी दुवै पक्षबाट यातना सहेको कपिलवस्तुका एक यातना पिडितले बताए, “के मानसिक यातना र शारीरिक यातना पाएका व्यक्तिहरूले आफ्नो पीडालाई जीवनभर बिर्सन सक्छन् ?” यातना पिडितहरुका अनुसार यातना दिने र हत्या गर्नेहरूलाई राज्यले पुरस्कार (पेशागत पदोन्नतीको रूपमा) दिएको छ[३५] भने, पीडितहरूका लागि ज्यादै थोरै मात्र दिएको छ ।

३४. आइसिटिजे, “फराकिलो हृदयका साथ निर्धक्क अगाडि बढ्न” (२०१४)

३५. द्वन्द्वका वेलामा मानव अधिकार उल्लंघनमा संलग्न भएका भनी आरोप लागेका अधिकांश सुरक्षा अधिकारीहरू को पदोन्नति भैसकेको छ । धनुषा ५ मुद्दामा आरोप लगाइएका एक जना अधिकारी पछि प्रहरी महानिरिक्षक बनाइए । ४९जना व्यक्तिहरू बेपत्ता पारेकोमा दोषी मानिएका भैरवनाथ गणका उच्चपदाधिकारीलाई

दैलेखका एक यातना पीडितको शब्दमा, “राज्यले केही गरेको छैन ।” तथापी त्यस्ता धेरै पीडितहरूका लागि यातना पीडितका रूपमा सार्वजनिक मान्यता, र द्वन्द्वका क्रममा तिनीहरूले जे सहनुपर्‍यो त्यसको मान्यताको मूल्य महत्वपूर्ण छ, किनकी यो तिनीहरूको परिपूरणीय न्यायमा सम्भावित पहुँचको क्षमतासँग जोडिएको छ ।

**यौन हिंसाका पीडितहरूका लागि सत्य**

यौन हिंसाका मुद्दाहरूमा सत्य बताउने कुरा जटिल छ किनभने पीडितहरू प्राय अझै आफूविरुद्ध भएका हिंसाहरूको असम्बोधित परिणामहरूसँग जुधिरहेका हुन्छन् भने समाजले तीव्ररूपमा तिनीहरूलाई लाञ्छना लगाउछन् । बलात्कार र यातनाका पीडितहरू निश्चितरूपमा नेपालमा लाञ्छनाका कारण असुविधामा पर्दछन्, जसले तिनीहरूलाई शारीरिक र मानसिक यातना थप्नुका साथै अपराधहरूको उजुरी गर्नबाट रोक्न पुग्दछ ।[३६] यौन हिंसाका पीडितअर्न्तगत पुरुष र महिला दुवै पर्दछन र ति दुवैले फरक फरक किसिमको सामाजिक लान्छना र अन्य व्यवधानहरु व्यहोर्नु पर्दछ जसले उनीहरुलाई उल्लंघनको बारेमा छलफल गर्न र उजुरी गर्नमा व्यवधान खडा गर्न सक्छ । औपचारिक उजुरीहरु भएको नभएपनि, अर्न्तवार्ता दिनेहरुका अनुसार, द्वन्द्वको समयमा व्यापक रुपमा बलात्कारका घटना भएका थिए र अछाम, कपिलवस्तु, र रुकुममा त्यस्ता घटना सवैभन्दा धेरै भएका थिए । रुकुममा बलात्कारका घटनाहरुको संख्या “उच्च” रहेको थियो भनिएको छ र त्यहाँका पीडितहरु कमजोर शारिरीक र मानसिक स्वास्थ्यका कारण अझैपनि निरन्तर पिडामा छन् । महिलाहरुका लागि सुरक्षाको सुनिश्चिताको अभाव र बलात्कारका पीडितहरुले सरकारबाट के प्राप्त गर्दछन् भन्ने सूचनाको अभावका कारण यौन हिंसाका मुद्दाहरुमा उजुरी नहुनुका कारण हुन भनी अछाममा नेपाल बार एशोसियसनका सदस्यले बताए ।

यी निर्ष्कषहरुलाई दोहोर्‍याउँदै, अध्ययनका क्रममा गरिएको एक अन्तरवार्ताले

ब्रिगेदियर जनरल जस्तो उच्चतम पद बढुवा गरियो । हेर्नुहोस् http://fohrid.org.np/index.php/press-release-1; नेपाल माउन्टेन न्यूज, “इन्टरनेसनल ह्युमन राईटस् ग्रुप्स आस्क गभरमेन्ट टु सस्पेन्ड आइजिपि राणा (Int'l human rights groups ask govt to suspend IGP Rana)”, सेप्टेम्वर १८, २०१२, www.nepalmountainnews.com/cms/२०१२/०९/१८/intl-human-rights-groups-ask-govt-to-suspend-igp-rana/

३६. आइसिटिजे, “फराकिलो हृदयका साथ निर्धक्क अगाडि बढ्न” (२०१४) २०-२१, २३-२५, ४७-४८

यौन हिंसाका बारेमा अप्रत्यक्ष रुपमा प्रायजसो कसरी छलफल हुने गर्दछ भन्ने देखायो । श्रीमान जवर्जस्ती वेपत्ता पारिएका दैलेखका एक महिलाले आफ्नो श्रीमान र त्यससँग सम्वन्धित आर्थिक क्षतिपुर्ति र कानूनी उपचारहरुका बारेमा मात्र कुरा गरिन् र उनी आफैलाई पनि थुनामा राखिएको थियो र सेनाले यातना दिएको थियो भन्ने तथ्यका बारेमा थोरैमात्र कुरा गरिन् । उनले प्रत्यक्षरुपमा आफूमाथि यौन हिंसा भएको थियो भन्ने बताइनन्, तर उनले के बुझाउन खोज्दै थिइन् भनी तव स्पष्ट भयो, जव उनले भनिनः “जब सेनाले तिमीलाई ८३ दिनसम्म थुनामा राख्छ भने तिमीलाई नटोकी त्यसै छोड्छ र ? त्यो समयमा तिनीहरु कुकुर थिए ।” त्यति भन्दा भन्दै पनि उनले आफूलाई यौन हिंसा वा यातना पीडित भनी प्रस्तुत गरिनन् ।

कपिलवस्तुमा सत्य आयोगको स्थापना हुनुभन्दा अगाडि स्थानिय शान्ति समितिमा यौन हिंसाको एउटा पनि मुद्दा दर्ता भएको थिएन । यस्ता मुद्दाहरुमा सजाय भएको नदेखिएको कारण धेरैले उजुरी गर्ने सम्भावना छैन भन्दै अन्तरवार्ता लिइएका शान्ति समितिका सदस्यहरुले भनेः “किन द्वन्द्वकालीन बलात्कारका पीडित अगाडि आउँछन् र ?” अल्पसंख्यक र सिमान्तकृत समुदायहरुका सदस्यहरुविरुद्ध अभियोजन गर्ने साधनका रुपमा कानूनी प्रणालीको परम्परागत प्रयोग भएकाले सिमान्तकृतहरुले न्यायिक प्रक्रियालाई प्राथमिकता दिदैनन् भन्ने तर्कहरुलाई पृष्ठभुमि प्रदान गर्न यसले सहयोग गर्न सक्छ ।[३७] वास्तवमा, विगतमा सजायहरु नभएका कारण र विशेषगरी नेपाली समाजमा विद्यमान व्यापक लान्छनको कारणले पनि जोखिम उठाई मुद्दाहरु दर्ता गर्नेहरुका लागि मुद्दा गर्नु निरर्थक रहेको देखिन्छ ।

औपचारिक, गैरन्यायिक प्रक्रियाहरुका सम्वन्धमा पनि यो ढाँचा दोहोरिएको देखिन्छ । सत्य आयोगका अनौपचारिक प्रतिवेदनहरुले पनि द्वन्द्वकालीन मानव अधिकार उल्लंघनका करिव ५८००० उजुरीहरुमध्ये केवल ३०० वटा जती मात्र यौन हिंसाका उजुरीहरु परेको देखाउँछ । यौन हिंसाका धेरै पीडितहरुले उजुरी गर्न चाहेको तर आफ्नो समुदाय, स्थानिय निकाय, सुरक्षा वल र कतिपय अवस्थामा

---

३७ साइमन रोविन्स, “ट्रान्जिसनल जस्टिस एज एन इलाइट डिस्कोर्सः ह्युमन राइटस् प्राक्टिस वेयर द ग्लोवल मिट्स लोकल इन पोष्ट कन्फ्लिक्ट नेपाल (Transitional Justice as an Elite Discourse: Human Rights Practice Where the Global Meets the Local in Post-conflict Nepal),” क्रिटिकल एसियन स्टडिज् ४४ (२०१२)ः ३-३० ।

आफ्नै परिवारका सामु पनि उल्लंघनको बारेमा बताउन अप्ठेरो भएको लगायत अन्य थुप्रै अवरोधहरुको सामाना गर्नु परेको भनी पीडित समूहहरुले बताए ।

यौन हिंसाको शिकार भएका व्यक्तिहरुको सत्यको सम्बन्धमा रहेका धारणाहरु कपिलवस्तुको स्थानिय शान्ति समितिमा भएको समूहगत छलफलमा स्पष्ट भयो : "(वलात्कार भएका व्यक्तिहरुका लागि) सत्य लुकी रहेको छ ...सत्यको खोजी कसले गरेको छ त?" पीडितहरुले आफूले भोगेको यौन हिंसासम्बन्धी सत्यको आवश्यकतालाई उनीहरुको पीडाको सामाजिक मान्यताले ल्याउने लान्छना र अपमानका कारण अझै जटिल बनाइएको देखिन्छ । द्वन्द्वका क्रममा भएका यौन हिंसा पीडितहरुको सत्यको खोजीका लागि नेपालमा व्याप्त सामाजिक र साँस्कृतिक लान्छनहरु हटाउनु पर्ने आवश्यकता एउटा चुनौतीका रुपमा रहेको छ । यी पीडितहरुका लागि, यौन हिंसाका बारेमा रहेका लान्छन र गलत धारणाहरुलाई हटाउन कसरी सत्यको प्रयोग गर्न सकिन्छ भनी बुझ्न बुझाउन सचेत र ठोस प्रयासहरुको आवश्यकता पर्दछ ।

## किन सत्य: नेपालमा सत्यको महत्वको बुझाई

पीडितहरूका लागि सत्य भनेको के हो भनी सामान्यतया बुझ्नु मात्र अपर्याप्त छ । यसको आधारभूत मूल्य र सत्य खोजी अभियानहरूबाट पीडितहरूले के प्राप्त गर्न खोजेको छन् त्यो पनि बुझ्नु आवश्यक छ । अन्तर्वार्ताहरूबाट यो स्पष्ट हुन्छ कि सत्यको खोजीका पछाडि कारणहरू र मूल्य धेरै छन् । धेरै पिडितहरूले वर्षौं देखि तिनीहरूले सहदै आएको अस्पष्ट क्षतिको पुर्णविराम र अन्तका लागि जोड दिएका छन् । अन्यले सरलरूपमा आफ्ना आफन्तहरूको पीडाको स्वीकारोक्ति चाहेका छन् । अझै, परिपूरण वा फौजदारी न्याय जस्तै न्यायको अन्य स्वरूपहरूका लागि पहिलो खुडकिलाको रूपमा सत्य खोजीलाई मानेका छन् । नेपालमा सत्य खोजी प्रक्रियाहरूको सुधारका लागि सिफारिसहरू बनाउन यी निष्कर्षहरूले सहयोग गरेको छ ।

### *पीडितका लागि पूर्णविरामको आवश्यकता*

विशेष गरि बेपत्ता भएका र जवर्जस्ती पारिएका व्यक्तिहरूका परिवारहरूले बेपत्ता भएका र जवर्जस्ती वेपत्ता पारिएका आफन्तको शव हेर्न पाउनुको आवश्यकता

वा शव प्राप्त गर्नुको आवश्यकतालाई जोड दिएका छन् जसबाट शवको प्रमाणको साँस्कृतिक महत्वलाई दर्शाउँछ, जुन नेपालमा विभिन्न सँस्कृतिहरूमा उचित मृत्यु संस्कारहरू गर्न जरुरी छ । शव प्राप्त गर्नुको साँस्कृतिक मूल्य रुकुममा पनि स्पष्ट देखियो, जहाँ माओवादीहरूको शहादतमाथिको जोडका कारणले जबर्जस्ती बेपत्ता पारिएका आफन्तहरू फर्केर आउन सक्छन् भन्ने विचार राख्न पनि गाउँलेहरूलाई खासै दिइएन । जबर्जस्ती बेपत्ता पारिएका माओवादी परिवारहरूसँग सम्बन्धित अघिल्लो अनुसन्धानले बेपत्ता पारिएका व्यक्तिहरूका श्रीमतीहरूको विद्यमान अनिश्चितता र पीडालाई दर्शाएको थियो ।[३८] तथापी, रुकुममा, अन्तर्वार्ता लिइएका पुरुष र महिलाहरू उदासीन देखिए । द्वन्द्वका क्रममा आफ्ना परिवारका सदस्य गुमाएका अन्तर्वार्ता लिइएकामध्ये, सबै नभएपनि, अधिंकाशले आफ्ना आफन्तको शवहरूलाई कहिले पनि नदेखेको र तिनीहरूको मृत्युको बारेमा माओवादी दलबाट पछि थाहा पाएको बताए । साथै, देशका विभिन्न भागहरूमा द्वन्द्वमा धेरै पीडितहरूले काम गरेको वा लडाई लडेको तथ्यले पनि शवहरूलाई तिनका परिवारसम्म पुऱ्याउने बारेमा प्रश्न नै उठेन । परिवारका सदस्यहरूमा एक प्रकारको वोध थियो कि युद्धको बेला, शवहरू ल्याउने कुरा त्यो समयमा असम्भव थियो ।

तथापी, शव हेर्नु वा मृत्युको स्थानको बारेमा पनि ज्ञान हुनुलाई आफ्ना आफन्तलाई के भएको थियो भनी थप जान्ने तरिकाका रूपमा मूल्यांकन गरिएको थियो । उदाहरणका लागि, “राजनीतिक दलको काम”का लागि भारत पठाइएका एक व्यक्तिलाई तिनका छोरीले “शहादत” प्राप्त गरेको भन्ने तथ्य तीन महिनापछि माओवादी नेताले फोनमा वताए । उनले भने, “यो थाहा पाएपछि, उनको शव प्राप्त गर्ने बारेमा प्रश्न नै उठाइएन ... म आफैं आकस्मिक अवस्थामा थिए । त्यसकारण म गइन । (उनी) सम्भवत शहिद बनिन् । मलाई लाग्यो गएर र खोजेर, मैले उनको शव प्राप्त गर्न सक्दिन । र सोधी खोजी गर्ने सम्भावना पनि थिएन । (मेरी छोरीले) शहादत प्राप्त गरेको स्थानमा म एक पटक पनि गएको छैन । मेरो जाने योजना चाहि छ ।”

३८. रुथ मार्स्डेन, “ द पोलिटिक्स अफ लस इन द पिपल्स वार एण्ड इट्स आफ्टरम्याथः द डिस्अपियरड आयज काइण्ड, सिटिजनस् एण्ड वारियरस् The Politics of Loss in the People's War and Its Aftermath: The Disappeared as Kind, Citizens and Warriors,)”, स्टडीज् इन नेपाली हिस्टोरी एण्ड सोसाइटि १६ (२०११)

आफ्ना आफन्तहरू अझै जीवित नै होलान् भन्ने पीडितहरूको झिनो आशाको बारम्बार अभिव्यक्तीले अस्पष्ट क्षतिको अवस्थालाई दर्शाउँथ्यो । आफन्तहरूको नियतिमाथिको स्पष्टताको अभावका कारणले; नियमित शोक मनाउने प्रक्रिया बिथोलिने गरि, "जटिल शोक", वा "अस्पष्ट क्षति" को अनुभुति दिई, तिनीहरूको मृत्युलाई स्वीकार गर्नु करिव असम्भव छ ।[३९] वर्दियामा अन्तर्वार्ता लिइएका एक महिलाले भनिन् , "हाम्रा मान्छेहरू आज भोलि फर्की आउन सक्छन् । हामी बाटो कुर्दै बस्छौं ।"

यस्ता अवस्थाहरूमा, सत्यको खोजीले आफन्तहरूलाई तिनीहरूको खल्बलिएको शोक प्रक्रियालाई विराम दिन र पूरा गर्न मार्ग प्रशस्त गर्दछ । यस कुरालाई झापामा पनि दोहोऱ्याइयो, जहाँ पीडितहरूले बेपत्तासम्वन्धी आयोगको बारेमा भन्दा आफ्ना आफन्तहरूको स्थितिका बारेमा सत्य जान्न चाहेको भनी बताए । "(पीडित परिवारहरूले) सिधै चाहेको कुरा नै सत्य हो । आयोगका बारेमा मतलव राख्दैनौं । सरकारले भन्नै पर्छ कि हाम्रा छोराहरू जीवित छ कि छैनन्, जसले गर्दा हामीले अन्तिम संस्कार गर्न पाउँछौ र हाम्रो मनलाई शान्ति मिल्छ ।"

### पीडितको अनुभवहरूको स्वीकारोक्ति

अन्तर्वार्ता दिनेहरूले बारम्बार दोहोऱ्याए कि बेपत्ता आफन्तहरूको स्थिति सार्वजनिक गर्नका लागि राज्य जिम्मेवार छ । जबर्जस्ती आफ्नो छोरा बेपत्ता पारिएका झापाका एक व्यक्तिको शब्दमा, "सत्य थाहा पाउनका लागि, राज्यले सत्य बाहिर ल्याउनु पर्छ, टुक्राटुक्रा नभई, स्पष्टरूपमा ।" पीडितद्वारा अनुभव गरेको हानिहरूको बारेमा राज्यको स्वीकारोक्ति स्वयंको अन्तर्निहित मूल्य छ किनभने यसले परिपूरण र अभियोजन जस्तै अन्य थप साध्यहरूका लागि आवश्यक मान्यता प्रदान गर्दछ ।

### *पीडितका लागि निरन्तरको कानुनी उपचारको आवश्यकता*

पीडितहरूका लागि सत्य खोजीको एक सम्भावित परिणाम आर्थिक सहायता,

३९. साइमन रोविन्स, "टुवार्डस् भिक्टिम सेन्टर्ड ट्रान्जिसनल जस्टिस : अन्डरस्टांडिग द निड्स अफ फामिलिज् अफ द डिस्अपियर्ड इन पोष्टकन्फिलक्ट नेपाल (Towards Victim Centred Transitional Justice: Understanding the Needs of Families of the Disappeared in Postconflict Nepal)", *इन्टरनेसनल जर्नल अफ ट्रान्जिसनल जस्टिस* ५ (२०११): ७५-९८

शिक्षा र स्वास्थ्य सेवा लगायत, राहत र उचारका विभिन्न स्वरूपहरू प्राप्त गर्ने अवसरमा बृद्धि देखिन्छ । यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका पीडित र द्वन्द्व प्रभावितहरूले राज्यबाट प्रदान गरिएको अन्तरिम राहतसँग सम्बन्धित चासोहरू र आफ्ना सामान्य असन्तोषहरूलाई दोहोऱ्याए । तिनीहरूले पति/पत्नि र सन्तानका लागि पूर्णकालीन रोजगारी, सन्तानका लागि शिक्षा, र विशेष गरी यातना पिडितहरूका लागि, स्वास्थ्य सहायताको आवश्यकतामा जोड दिए । तिनीहरूले द्वन्द्वका कारण पीडितले भोग्नु परेको हानिका बारेमा सत्य उजागर हुनुपर्ने र दोषीहरूलाई कारबाही हुनुपर्नेमा पनि जोड दिए ।[४०]

राज्यले प्रदान गरेको राहतको पर्याप्तताका बारेमा मतहरू फरक फरक थिए, केही पीडितहरूले आफन्तहरू गुमाएको पीडालाई पैसाले पूर्ति गर्न नसक्ने बताए । छोरा गुमाएका दैलेखका एक व्यक्तिको शब्दमा, "जीवनको तुलना पैसासँग कसरी गर्न सकिन्छ र ?" धेरै स्थानहरूमा पीडितहरू सरकारबाट राहत लिनेबारेमा र राज्यको उद्देश्यहरूका बारेमा सशंकित थिए । बर्दियामा भएको समुह छलफलमा यो कुरा व्यक्त गरिएको थियो : "विभिन्न कारणहरूका लागि २-४ लाख रूपैयाँ दिदै राज्यले हामीलाई हाम्रो पीडा हरू भुल्न लगाउने प्रयास गरेको छ । जबसम्म तिनीहरूलाई कसले मारेको हो, को दोषी हो भनी हामीलाई थाहा हुँदैन वा सत्य थाहा पाउँदैनौं, हामी बिर्सन सक्दैनौं ।"

दिर्घकालीन आर्थिक सहायताको आवश्यकतालाई प्रायजसो जागिर चाहिएको भनी व्यक्त गर्ने गरिन्छ, धेरैले खोजेको सरकारी जागिर हो जसले जीवनभरका लागि रोजगारी र निवृतिको सुनिश्चितता गर्दछ । वर्दियामा श्रीमान बेपत्ता पारिएका महिला भन्छिन्, "नेपाली सरकारी कर्मचारीहरू जस्तै हामीलाई मासिक भत्ता चाहिएको छ ।" सन्तान गुमाएका अछामका व्यक्तिले भने कि एक पटक दिइने राहत अपर्याप्त छः "पीडामा २०-४० हजारको मलम लगाएर हुने विषय होइन । यो जिविकोर्पाजनसँग सम्वन्धित विषय हो ।" यसको साथै, धेरै अन्तर्वार्ता दिनेहरूले सरकारको अन्तरिम राहत कार्यक्रममा उल्लेख गरिए

४० आइसिटिजे, "नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोग विधेयकमा क्षमादान र मेलमिलाप (Navigating Amnesty and Reconciliation in Nepal's Truth and Reconciliation Commission Bill) " (२०११)स आइसिटिजे, "फराकिलो हृदयका साथ निर्धक्क अगाडि बढ्न" (२०१४)।

भैं एउटा पीडितको तीन जना सन्तानलाई मात्र नभई द्वन्द्व पीडितका सबै सन्तानहरूका लागि शिक्षाको माग गरे ।[४१]

***अभियोजनको अभिलाषा***

सत्यलाई सार्वजनिक गर्नुको महत्वलाई न्यायिक उत्तरदायित्वको महत्वपूर्ण तत्वका रूपमा हेरिएको छ । यो कपिलवस्तुका ति महिलामा लागू हुन्छ जसको श्रीमानलाई माओवादी भएको शंकामा गाउँलेहरूको समूहले पिटेर मारेका थिए । गाउँमा उनी र अन्य व्यक्तिलाई दोषीहरू को हुन् भनी थाहा छ, दोषीहरू गाँउमा खुल्लारूपले घुमिरहेका छन्, त्यसकारण उनले दोषीहरूको कार्यहरूका बारेमा समाजमा सबैलाई बताउने तरिकाकारूपमा अभियोजनलाई अगाडि बढाउने निर्णय गरिन् । अन्तर्वार्तामा, उनले भनिन् कि “सत्य बाहिर आउनै पर्छ ।” उनले गोप्यरूपमा ती दोषीहरूका विरुद्ध मुद्दा दायर गरिन् र विवाह गरि पठाउनु पर्ने पाँच जना जवान छोरीहरू भएतापनि उनलाई राज्यवाट कुनै पैसा चाहिदैन भनी उनले स्पष्ट पारिन । त्यसको साटो उनले फौजदारी न्यायलाई प्राथमिकता दिँदै “तिनीहरू (दोषीहरू) लाई कारबाही हुनै पर्छ । जसलाई मारेपनि, तिनीहरू दोषी हुन् ” भनीन । आफ्नो श्रीमानलाई हत्या गरिएको बारेमा सत्य सार्वजनिक गर्ने खोज्ने कुरा दोषीहरूलाई कारबाही गर्ने गराउने उनको अधिकारसँग छुट्याउनै नसकिने गरि जोडिएको छ ।

दुर्गम गाउँहरूमा पनि अन्तर्वार्ता दिनेहरू हाल चलिरहेका राष्ट्रिय र अन्तर्राष्ट्रिय न्याय प्रक्रियाहरूका बारेमा जानकार थिए र यी प्रकृयाहरूलाई उनीहरूले फौजदारी उत्तरदायित्वका लागि आफ्ना मागहरूसँग जोडे ।  द्वन्द्वको क्रमका सैनिक व्यारेकहरूमा इन्चार्ज रहेका, विशेष गरि कपिलवस्तुमा माओवादीका

४१. सन् २००८ मा नेपाल सरकारले अन्तरिम राहत कार्यक्रम शुरुवात गऱ्यो, जसको उद्देश्य पीडित तथा उनीहरुका परिवारलाई अन्तरिम मानविय सहायत उपलब्ध गराउनु थियो । अन्तरिम राहत कार्यक्रम शसस्त्र द्वन्द्वका क्रममा भएका सबै किसिमका उल्लङ्घनका पीडितलाई नभई केहि निश्चित उल्लंघनका पीडितहरुलाई सहयोग गर्नका लागि तयार गरिएको थियो । अन्तरिम राहत कार्यक्रमले मारिएका वा बेपत्ता पारिएकाहरुको परिवारलाई र द्वन्द्वका क्रममा अपांगता भएका हरुलाई नगद सहयोग उपलब्ध गराएको थियो । यस कार्यक्रमले मृत, वेपत्ता वा अपांग भएकाहरुको तिन जनासम्म बालबालिकालाई छात्रवृत्ती रकम र सिमित संख्याका पीडितहरुका लागि व्यवसायिक तालिम पनि उपलब्ध गराएको थियो । गम्भिर प्रकृतिको शारिरिक अपांगता भएका व्यक्तिहरुले निश्चित स्वास्थ्य सेवा प्राप्त गरेका थिए । शुरुवातमा सरकारले आन्तरिक रुपमा विस्थापितहरु र द्वन्द्वका क्रममा सम्पत्ति गुमाएकाहरुलाई सहयोग गरेको भएता पनि ती समुहहरुले निकै न्युन सहयोग पाएका छन् ।

शंकामा दुई जनालाई यातना दिएको आरोपमा २०६९ सालमा बेलायतमा पक्राउ परेका कर्णेल कुमार लामाको गिरफ्तारी र सुनुवाइलाई आम मानिसहरूले चाख दिएर पछ्याए । "उनको दोष हो । उनी अपराधी हुन् ।" भन्दै लामाले गरेका उल्लङ्घनहरूका लागि लामालाई कारबाही हुनुपर्दछ भनी कपिलवस्तुमा आफ्नो घर आएका बेलामा माओवादी नेता बाबुराम भट्टराईलाई भनेको थिएँ भनी दुइ छोराहरू (एक माओवादी पक्षले र अर्को राज्य पक्षले मारेको) गुमाएका एक व्यक्तिले बताए । यो भनाइलाई कपिलवस्तुमा द्वन्द्व पीडितहरूले व्यापकरूपमा अंगीकार गरेका छन् ।

अन्तर्वार्ता दिनेहरूका माझ लामाको मुद्दाप्रतिको चासो साइमन रविन्सको अघिल्लो अनुसन्धान[४२] ले देखाएको भन्दा फरक पाइएको छ, जसमा पीडितहरूले न्यायिक प्रक्रियाहरूलाई प्राथमिकतामा राखेका छैनन् र "परम्परागतरूपमा कानूनी तरिकाहरूको प्रभुत्व रहेको अन्तर्राष्ट्रिय द्वन्द्वोत्तर छलफलहरूको पीडितको मागहरूसँग मेलको अभाव छ" भन्नेमा जोड दिइएको थियो कपिलवस्तुमा पीडित र तिनका परिवारहरूले आफ्ना आफन्तहरूको हत्या, यातना, र जवर्जस्ती बेपत्ता पार्ने कार्यका लागि जिम्मेवार रहेको भनी मानिएका लामाको अन्तर्राष्ट्रिय मुद्दामा न्याय र सत्यको सार्वजनिक खुलासाका लागि आशा देखे । उनको सुनुवाईले नेपालमा न्याय खोजी अभियानहरूलाई वैधानिकता दिन सहयोग गर्ने विश्वास गरिएको छ । यस निचोडले थप वृहत न्याय खोजीको प्रयासका भागका रूपमा प्रतिनिधिमुलक मुद्दाहरूलाई अगाडि बढाउने गरी नेपालमा राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले मुख्यरूपमा उपयोग गरेको रणनीतिलाई सहायता गर्दछ ।

### पीडितहरूको परिभाषा र पहिचान

नेपालमा पीडितको अवधारणा उच्चरूपमा राजनीतिक छ, र "पीडित"को लेवलको राजनीतिक पक्षहरू अन्तर्वार्ताका क्रममा अगाडि आए । अन्तर्वार्ता दिनेहरूले आफ्नो जीवन वा आफ्ना आफन्तहरूको जीवनको निश्चित पक्षहरूका

४२. साइमन रोविन्स, "ट्रान्जिसनल जस्टिस आयज आन इलाइट डिस्कोर्सः ह्युमन राइटस् प्राक्टिस वेयर द ग्लोवल मिट्स लोकल इन पोष्ट कन्फ्लिक्ट नेपाल (Transitional Justice as an Elite Discourse: Human Rights Practice Where the Global Meets the Local in Post-conflict Nepal)," क्रिटिकल एसियन स्टडिज् ४४ (२०१२):३-३०

कारण पीडितको लेवल भएका अन्य भन्दा आफू धेरै हकदार भएको कुरामा जोड दिन चाहेको अभिव्यक्ति दिए । यो राष्ट्रिय राजनीतिक आयामहरूको प्रतिबिम्व हो, जहाँ नेताहरूले “आफ्नो” क्षेत्रका पीडितहरूका लागि लाभ सुनिश्चित गर्ने प्रयास गर्दै गर्दा द्वन्द्वका विभिन्न पक्षबाट पीडित बनाईएका अन्य मानिसहरूले दुःख पाएका थिए ।

सबै पक्षहरूबाट पीडित बनाइएकाहरूको सहभागितामा पीडितहरूको अभियान बनाउन हालैका वर्षहरूमा सफल भएको भएतापनि, तनावहरू अझै छन् । यस आख्यान श्रृङ्खलामा थप जटिलता सृजना गर्ने भनेका “नक्कली पीडितहरू” वा राजनीतिक सम्पर्कहरूका आधारमा आफू योग्य नभएका सुविधाहरूका लागि पनि दावी गर्न सक्षम भएकाहरू हुन् । साथै द्वन्द्वमा भाग नलिएका पीडितहरूको सट्टा पूर्व लडाकूहरूलाई दिइएको सुविधाहरूले यसमा थप जटिलता थपेको छ ।

## *पीडितहरूको पहिचानको पुष्टि*

सत्यको खोजीमार्फत आफ्ना आफन्तहरूको नियति पत्ता लगाउनुको साथै, तिनीहरूको द्वन्द्वमा भूमिका भए वा नभएको लगायत, आफन्तहरूको पहिचानका निश्चित पक्षहरूलाई राज्य तथा समुदायहरूबाट स्वीकार गरिनुपर्ने चाहना अन्तर्वार्ता दिनेहरूमध्ये धेरैले व्यक्त गरे । यस्तो भूमिका मूख्यतः दुई वर्गमा पर्दछन्: “शहिदहरू”, जो केही हदसम्म द्वन्द्वमा सहभागिता हुँदा मारिए, र “निर्दोष पीडितहरू”, अर्थात सामान्य मानिसहरू जसलाई अन्यायपूर्वक माओवादी वा राज्यले निशाना बनाए ।

निर्दोषीता र तटस्थताको कुरा धेरै पीडितहरूले उठाएका थिए भने अन्तर्वार्ता दिनेहरूले पनि द्वन्द्वमा भाग नलिएका तर द्वन्द्वमा निशाना बनाइएका र द्वन्द्वका कारण पीडा भोगेका गाउँलेहरूको बारेमा सत्य बताइनुको महत्वलाई स्पष्टरूपमा उल्लेख गरे । सुर्खेतमा, जनमुक्ति सेनाको पूर्व सदस्य र एकिकृत नेपाल कम्युनिष्ट पार्टी - माओवादी (ए. ने.क.पा. माओवादी)को हालको सदस्यले पनि निर्दोष र कुनै हिसाबले दोषी मानिएकाहरूबीच फरक छुट्याउन महत्वपूर्ण रहेको विषयमा जोड दिएः “किन निर्दोष व्यक्ति मारिए, के कारणले मारिए? यदि निर्दोष थिए भने प्रमाणहरू संकलन गरिनुपर्दछ ।”

राज्य र राष्ट्रिय र अन्तर्राष्ट्रिय बिकास निकायहरूद्वारा ऐतिहासिकरूपमा सिमान्तकृत दुई क्षेत्र, अछाम र दैलेखका धेरै पीडितहरूले पनि समान दृष्टिकोणहरू राखे । त्यहाँ अन्तर्वार्ता दिनेहरूले आफूहरू राज्य र माओवादी दुवै पक्षको हातबाट अन्यायपूर्वक पीडा भोग्नु परेको महसुस गरे; तिनीहरू जोड दिन चाहन्थे कि तिनीहरूका आफन्तहरू द्वन्द्वमा सहभागि थिएनन् । ढुंगाल गाउँ विकास समितिमा भएको हत्या, जसमा समिति सदस्यहरूलाई गोली हानि हान्दा सात जना गाउँलेहरूको मृत्यु भएको थियो[४३], त्यसका पीडितहरूमध्ये एक परिवारले भने, "सत्य तटस्थ छ । निर्दोषहरूलाई निर्दोष घोषणा गर्नु पर्दछ ।" त्यस्तै, सत्यको अर्थ के हो भन्ने प्रश्नको जवाफमा, दैलेखमा माओवादीद्वारा दुई जना दाजुभाइ मारिएका एक महिलाले भनिन्, "सत्य के हो, त्यो नै सबैभन्दा पीडादायी कुरा हो ।" त्यसपछि उनले आलंकारिकरूपमा के उनको परिवारले कसैलाई ठगेको थियो की वा अरु कसैको सम्पत्ति लुटेको थियो की वा उनको परिवारका कोही सरकारी जागिरमा वा भारतिय सेनामा थिए की भनेर प्रश्न गरिन । अर्को शब्दमा, तिनीहरू निर्दोष थिए जसले गर्दा उनीहरूलाई निशाना बनाएको कुनै हालतमा न्यायोचित थिएन ।

पीडितहरूलाई किन निशाना बनाइयो, थुनामा राखियो वा द्वन्द्वसँग असम्बन्धित कारणहरू जस्तै बदला लिन वा व्यक्तिगत फाइदा आदिका लागि मारियो जस्ता विषयहरूसँग जोडिएर पीडितहरूको द्वन्द्वमा भूमिका वा त्यस्तो भुमिकाको अभावका बारेमा उजागर गरिनुपर्ने कुरालाई प्राथमिकता दिइएको छ । उल्लङ्घन पछाडिका उद्देश्यहरू र वृहत सन्दर्भहरूलाई निर्धारण गर्ने र उजागर गर्ने सामान्य इच्छासँग पनि यो सम्वन्धित छ । वर्दियामा गरिएको अघिल्लो अनुसन्धानले पनि यी आयामहरूलाई देखाएको छ ।[४४] उदाहरणका लागि, सिमान्तकृत समूहहरूमाथि सामन्ती सम्बन्धहरूको प्रभुत्व कायम राख्न पनि द्वन्द्वलाई प्रयोग गरिएको छ भनी वर्दियामा यो अनुसन्धानका लागि लिइएका अन्तर्वार्ताहरूमा द्वन्द्व पीडितका परिवारहरूले भनेका छन् ।

---

४३. मानव अधिकारका लागि संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालय, "नेपाल द्वन्द्व प्रतिवेदनः वि.सं. २०५२ फागुन देखि २०६३ मंसिर ५ गतेसम्म भएका द्वन्द्वसँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका उल्लंघनहरूको विश्लेषण" (२०६९)

४४. मानव अधिकारका लागि संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालय, "वर्दिया जिल्लामा द्वन्द्वसँग सम्वन्धित बेपत्ताहरू" (२०६५)

अन्तर्वार्ता दिने केही व्यक्तिहरूले पीडितले सहेको उल्लङ्घन मात्र नभई देशका लागि गरेको सक्रिय योगदानको पनि कदर हुनु पर्ने चाहना अभिव्यक्त गरेका थिए । रुकुममा, उदाहरणका लागि, आफ्नो छोरा बेपत्ता भएका एक व्यक्तिले उनका छोराले "समाज, राष्ट्र, राष्ट्रियता"का लागि गरेको योगदानको पनि कदर हुनुपर्ने आवश्यकतालाई व्यक्त गरे । त्यसकारण, अन्तर्वार्ता दिनेहरूले पीडितको जीवनको थप सुक्ष्म र मानवीय कथा खोजी, सहनु परेको उल्लङ्घन र त्यसको प्रभावको साँघुरो दायराभन्दा परको अनुभवहरूलाई मान्यता र स्वीकार गर्नुपर्ने चाहना औल्याए ।

मानवअधिकारको दृष्टिकोणबाट, पीडितहरूबीच श्रेणी स्थापना गर्ने वा "निर्दोष पीडित" भनी नयाँ श्रेणी प्रयोग गर्ने प्रवृति समस्याजनक छ, किनभने, यसले केही पीडितहरू अन्य भन्दा उपचार पाउन कम योग्य छन् वा केही पक्षमा केही धेरै "दोषी" छन् भनी बुझाउँछ । तथापी, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनमा पीडित हुनु भन्ने कुरा निजको दोष वा निर्दोषितामा वा निजको सशस्त्र विद्रोही समूहहरूसँगको आवद्धतामा आधारित छैन । यातना, हत्या, र बेपत्ता पारिने कार्य जस्ता उल्लङ्घनहरू पीडितको अनुमानित दोष वा आबद्धता जे सुकै भएतापनि, पीडितको मानवअधिकारहरूको गम्भीर उल्लङ्घनको रूपमा रहेको छ र यी अपराधहरूका सबै पीडितहरूले समान उपचारहरूको हक राख्दछन् । दुर्भाग्यवश, "निर्दोष" मानिएकाहरूलाई मात्र पीडित भनी मान्ने प्रवृति नेपालमात्र रहेको होइन । विशेष गरि कुनै निश्चित विचारधाराले सशस्त्र विद्रोह वा द्वन्द्व निम्त्याएको सङ्क्रमणकालीन परिप्रेक्षमा यस्तो प्रवृति सामान्य देखिन्छ, तर यो त्यस्ता परिप्रेक्षहरूमा मात्रै सीमित भने छैन ।

राज्यविरुद्ध लड्ने गैर राज्य सशस्त्र समूहहरूका सदस्यहरूलाई विशेष अधिकारहरू दिई पीडितका रूपमा मान्यता दिन सकिदैन भन्ने नेपालमा धेरैमा रहेको विश्वासले यो विषयलाई केही जटिल बनाएको छ ।[४५] उदाहरणका लागि, ने.क.पा. (माओवादी)का सशस्त्र समूहहरूसँग आवद्ध धेरै नेपाली पीडितहरूले सत्य आयोग वा बेपत्तासम्वन्धी आयोगमा आफ्नो उजुरी हालेका छैनन्, किनभने

४५. यो आइसिटिजेले काम गरेका अन्य देशहरूमा पनि लागू भएको छ । उदाहरणका लागि, टुनिसियामा, क्रान्तिका धेरै पिडितहरूले शुरुमा देशको सत्य निरुपण तथा मर्यादा आयोगमा उजुरी गर्न अनुच्छुक वा अस्वीकार गरे किनभने तिनीहरूले भोगेको यातना र राजनितिक थुना जस्ता उल्लंघनलाई आफूले न्यायोचितमानी लक्ष्यका लागि संघर्ष गर्दाको भागको रुपमा विश्वास गरेका थिए ।

तिनीहरू आफैले आफूलाई योग्य मान्दैनन् । त्यसको सट्टामा, आफूविरुद्ध भएको उल्लङ्घनहरूलाई माओवादी विचारधारामा स्थापित भएको समूहका लागि लडाई गर्दा तिर्नु परेको मूल्यका रूप लिने प्रवृति देखिन्छ ।

तथापी, पीडितहरूको सत्य, न्याय र उपचारहरूमा पूर्ण पहुँच सुनिश्चित गर्नका लागि पीडित र निर्दोषितासम्बन्धी यी विचारहरूलाई ठोस प्रचारप्रसार गरी र चेतना बढाई हटाउनु पर्दछ । त्यसको साथै, "पीडित" भनी आफूलाई परिभाषित गर्ने नगर्ने बारेमा र उनीहरूले छान्ने बहुआयामिक परिचयहरूको पक्षमा कुनलाई प्राथमिकता दिने भन्ने बारेमा पीडितहरूले स्वतन्त्रतापूर्वक निर्णय गर्न पाउनु पर्दछ । पीडित र तिनका परिवारहरूलाइ उनीहरूले भोगेको उल्लङ्घन भन्दा पर गई द्वन्द्वमा उनीहरूको भूमिका वा जटिल परिचयहरू जे भएतापनि पीडितको उपचारको अधिकारलाई मान्यता दिने प्रक्रियाको सन्दर्भमा आफ्ना बृहत कथाहरू व्यक्त गर्न दिनु पर्दछ ।

***"वास्तविक" पीडितहरू को हुन् ?***

नेपालको सङ्क्रमणको यो विशेष समयमा स्थानीय तहमा पीडितहरू र तिनका परिवारहरूले महत्वपूर्ण सम्भेmको सत्यको अर्को आयाम पीडितका लागि दिइएको सुविधाहरू गलतरूपमा दावी गर्नेहरूको विपरित "वास्तविक" पीडितहरूको पहिचान गर्नु रहेको थियो । यसरी जोड दिनुको कारण यो हो कि द्वन्द्व पीडितहरूले तिनीहरूका लागि भनीएको राहत प्राप्त गरेका छैननू, बरु सम्बन्धित कोषहरू निश्चित राजनीतिक दलहरूसँग विशेष सम्पर्क भएका व्यक्तिहरूतिर गइरहेको आरोप छ, जसमध्ये धेरैजसोले कुनैउल्लङ्घन भोग्नु परेको छैन । "वास्तविक" पीडितका बारेमा सत्यको आवश्यकता व्यवहारीक कारणहरूले पनि पीडितहरूका लागि महत्वपूर्ण छ । "पीडित" भनी तोकिएको शब्दावलीले राज्यले दिने राहत कार्यक्रमहरूमा पहुँच दिन्छ । पीडितका समूहहरूद्वारा राष्ट्रिय स्तरमा उठाइएको यो विषयका बारेमा काठमाडौंमा पीडितहरूका समूहका नेताहरूसँगको अन्तर्वार्तामा जोड दिइएको थियो ।

स्थानीय स्तरमा, अन्तर्वार्ता दिनेहरूका लागि पीडित र नागरिक हुनुको अर्थ उनीहरू अवस्थित भएको परिवेशको राजनीतिक संरक्षण, कुलीन वर्ग र भ्रष्टाचारसँग नछुट्टिने गरि जोडिएको छ । दैलेखमा श्रीमान जबर्जस्ती बेपत्ता पारिएका एक महिलाले जोड दिइन कि मानवअधिकार उल्लङ्घनसँग नजोडिएका हानि

भोगेका व्यक्तिहरू (उदाहरणका लागि रुख र भीरबाट लडेका व्यक्तिहरू)ले पनि राजनीतिक साथका कारण राहत दावी गरिरहेका छन् भने द्वन्द्वसँग सम्बन्धित उल्लङ्घनहरू भोगेका व्यक्तिहरूले राज्यबाट कुनै राहत पाउन सकेका छैनन् । उनले थप जोड दिइन्, “वास्तविक पीडित हुनुपर्दछ । पीडितहरूलाई न्याय चाहिन्छ ।” राहत कार्यक्रमहरूको फाइदा आफ्ना लाभार्थीहरूलाई दिन खोज्ने संभ्रान्त शक्ति संरचनाहरू र संरक्षणको प्रणालीहरूको सन्दर्भमा, द्वन्द्वका क्रममा आयआर्जन गर्ने घरमुली गुमाएपछि आर्थिकरूपमा जीविकोर्पाजन गर्नका लागि भोग्न परेको सर्घषहरूका बारेमा पनि अन्तर्वार्ता दिनेहरूले बोले । यस सन्दर्भमा, “वास्तविक” र “नक्कली” पीडितहरूका बारेमा सत्य स्थापित गर्नुपर्ने आवश्यकता केन्द्रीय महत्वको रह्यो । दैलेखका एक पुरुष यातना पीडितका अनुसार “(वास्तविक र नक्कली) पीडितहरू छुट्याई राहत दिनुपर्छ … मलाई लाग्दछ यस प्रकारले सत्य छुट्टिन्छ (र स्पष्ट हुन्छ) ।”

### *फरक पीडितहरूको फरक आवश्यकताहरू*

पीडितहरूको आवश्यकताहरू र प्राथमिकताहरू बुझ्नका लागि पीडितहरूबीचको भेदलाई मान्यता दिने एउटा सन्दर्भ उपयोगी हुनसक्दछ । एउटै प्रकारका उल्लङ्घनका पीडितहरूबीचमा पनि उनीहरुका आवश्यकताहरू र न्यायका प्राथमिकताहरू एकै किसिमको हुँदैन; तर केही समानताहरू भने पाउन सकिन्छ, उदाहरणका लागि, जबर्जस्ती बेपत्ताका पीडितहरूबीच ।

निश्चित उपायहरूका सम्बन्धमा र विशेषगरी परिपूरणका स्वरूपहरू प्रदान गर्ने सम्बन्धमा, कस्ता पीडितहरुलाई प्राथमिकता दिने भन्ने निर्णय गर्नका लागि विभिन्न वर्गका पीडितहरूबारेको सूक्ष्म बुझाइ उपयोगी पनि हुनसक्छ । प्रायजसो, यातना र यौन हिंसाका पीडितहरूलाई स्वास्थ्यसम्बन्धी आवश्यकताहरू रहेका हुन्छन्, किनभने धेरै अवस्थामा, समयसँगै सम्बोधन नगरिएका शारीरिक र भावनात्मक घाउहरू गडिएर शुल बनेका हुनसक्छन् । केही पीडितहरूसँग अन्यभन्दा धेरै आर्थिक आवश्यकताहरू रहेको हुनसक्छ वा उपचार वा न्यायका उपायहरूमा पहुँच प्राप्त गर्न विशेष चुनौतीहरू सामना गर्नु परेको हुनसक्छ । त्यसकारण, सत्यको खोजीले पीडित समूहहरूबीचका यी भेदहरूको बुझाइ बनाउन र अगाडि बढाउन मद्दत गर्नु पर्दछ, जसले परिणामस्वरूप भविष्यमा न्यायका प्रकारहरूको प्रभावकारीता र वैधानिकतालाई अभिवृद्धि गर्न सक्दछ ।

## प्रभावकारी सत्य खोजीसम्बन्धी चुनौतीहरू

सत्यलाई सार्वजनिक रूपमा उजागर गर्न तथा पीडितका लागि सत्यको खोजीकार्य फलदायी हुने सम्भावनालाई साँघुरो पार्ने, पीडितका आवश्यकता र अधिकारहरू जोडिएको सवालसँग सम्बन्धित राजनीतिक वातावरणको स्पष्ट चेतना रहेको पाइयो । दैलेखमा एक महिलाले भनिन् कि माओवादीबाट श्रीमान मारिएको भएपनि तिनकी बुहारीले राज्यले दिने राहतमा पहुँच प्राप्त गर्न सकिनन्, किनभने "(राज्यका अधिकारीहरू) आफ्ना मान्छेहरूलाई दिन्छन" र ती महिलाले सहायताका लागि हात जोड्न पनि सत्तामा रहेका कसैलाई चिन्दिनथिइन् । त्यस्तैगरी, अछामका द्वन्द्व पीडितका पुरुष आफन्तको शब्दमा, "केही पनि खुल्लारूपमा बाहिर आएको छैन ।" किनभने केवल "जो अगाडि छन्" र "जसले लेख्न पढ्न जान्दछ, वा जसका मान्छेहरू ठाँउ ("सम्पर्कहरू") मा छन्", तिनीहरूका कुराहरू सुनिएका छन् । उनले बताए कि यदि उनीसँग सम्पर्क भएको भए, उनले पनि राहत पाइसक्थे । श्रीमान बेपत्ता पारिएका र आफैं यातना पीडित दैलेखका एक महिलाले आफ्नो पीडकको नाम भनिन्, जो सेनाको सस्दय हो, तर उनलाई विश्वास छ कि ती सैनिकलाई कारबाही हुँदैन "किनभने उसँग शक्ति छ ।"

सत्य खोजी गर्न र पीडितको रूपमा आफ्नो हैसियत दावी गर्नका लागि शक्ति आवश्यक पर्ने भन्ने कुरा पीडितहरूले स्पष्टरूपमा स्वीकार गरे । आफ्नो छोरा बेपत्ता भएका कपिलवस्तुका एक व्यक्ति न्याय पाउने झिनो सम्भावना देख्छन् किनभने उनका अनुसार राजनीतिक नेतृत्वहरू कुलीन वर्गमा सीमित छ । अछाममा भनियो कि "टाठा वाठा"हरूको मात्र आवाज सुनियो, साधारण जनताको सुने नसुन्यै भयो र "माओवादी वा राज्य कसैले पनि तिनीहरूलाई हेरचाह गरेको छैन ।" रुकुममा, पीडितहरूले आफ्नो कागजातहरू शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाएकोमा केही परिणाम नआएको तथ्यलाई सत्य आयोगले पनि सामान्यतया पीडितहरूलाई अल्झाई राख्ने उद्देश्य राखेको छ भन्ने कुराको प्रमाण मान्दछन् । सत्य जान्ने पीडितको अधिकार कुन हदसम्म सत्य आयोगले पुरा गर्दछ भन्ने बारेमा तिनीहरूले शंका गरेका छन् ।

अन्तर्वार्ता दिने अर्का एक व्यक्तिले प्रबुद्ध शिक्षाविद्, बौद्धिक व्यक्तिहरू र नागरिक समाजका केही भागहरू (मानवअधिकार समूहहरू बाहेकका)ले द्वन्द्व

पीडितहरूको मानवअधिकारका विषयहरूलाई किन उठान गर्न चाहेको भनी व्याख्या गर्ने तरिकाका रूपमा राजनीतिक आयामहरूलाई देखाए । उनका अनुसार नेपालको अत्यन्तै राजनीतिप्रेरित वातावरणमा, सत्यका लागि माग गर्नु भनेको तत्काल सबै पक्षहरूबाट रोकावटहरू भेल्नु हो, किनभने कुनै पक्ष पनि सत्य उजागर होस् भनी चाहदैन । न्याय प्रणालीमा रहेको राजनीतिक दबाब र त्यहाँ काम गरिरहेकाहरूले हाल सामना गरिरहेका  डरको स्तर, राती आउने फोन कलहरू र धम्कीहरूलाई औंल्याउँदै अन्तर्वार्ता दिने ती व्यक्तिले भने, "कसले यस्तो जोखिम मोल्न चाहन्छ र?"

साथै अन्तर्वार्ता दिने ती व्यक्तिले देशमा मानवअधिकारहरूको मागको अभावको अन्य कारणहरूका रूपमा  नेपाली नागरिक समाजमा भएको विभाजनहरू (मानवअधिकार संस्थाहरू र संचारमाध्यमहरू लगायतका संस्थाहरु, जसमध्ये धेरैजसो राजनीतिक दलहरूसँग नजिक छन् र ती दलहरूलाई विरोधी बनाउन चाहँदैनन्) लाई देखाए । द्वन्द्व पीडितको राष्ट्रिय मञ्चका एक नेताले सत्यको अधिकारको वाधकका रूपमा मानवअधिकार संस्थाहरू लगायत निश्चित नागरिक समाज संस्थाहरूको राजनीतिक आबद्धतालाई औंल्याए ।

तथापी नागरिक समाजका केही अभियन्ताहरुले राजनीतिक संरक्षणको समस्यालाई स्पष्ट रुपमा पहिचान गर्दै पीडितहरूको चासोलाई पुनर्पुष्टि गरे । अछाममा बार एशोसिएसनका एक सदस्यले "राजनीतिक शक्ति" भएकाहरूले राहतमा राम्रो पहुँच पाएको भनी दोहोऱ्याए र आफ्ना राजनीतिक कार्यकर्ताहरूलाई फाइदा दिन (उनको शब्दमा "मोटाउन दिन") चाहनेहरूलाई जुक्ति निकाल्न मिल्ने गरी खेल्ने राजनीतिक दलको संरक्षण प्रणालीको भूमिकालाई प्रष्ट पारे । साथै, रुकुममा एक पत्रकारले पीडितलाई थप पीडा हुने गरी जिल्लामा द्वन्द्वसँग सम्बन्धित उल्लङ्घनहरूको अभियोजनको अभावमाथि जोड दिए ।

साथै, सत्यको अर्थ र सत्य खोजीको मूल्य स्पष्टरूपमा स्थानीय र राष्ट्रिय तहहरूमा रहेको विद्यमान राजनीतिक शक्ति संरचनाहरूबाट खडा गरिएका सम्भावित खतराहरूमा अवस्थित छ । धेरैका लागि, सत्यको मूल्यभन्दा सुरक्षा चासोहरू वढी भारी छन् । यो कुरा कपिलवस्तुका एक यातना पिडितको भनाईबाट पनि स्पष्ट भयो जसले केहि व्यक्तिहरूले गलत तरिकाबाट परिपूरण कार्यक्रमहरूबाट फाइदाहरू लिइरहेको कुरा उच्च निकायमा उजुरी गर्न सुरक्षित

महसुस गरेनन् (उनको गा.वि.स.मा ३ जनामात्र द्वन्द्व पीडित भएतापनि जिल्ला प्रशासन कार्यालयबाट ६ जना व्यक्तिहरूले राहत पाइरहेका थिए)। उनले भने, "अव, यदि मैले तिनीहरूको नाम किटानी गरि जिल्ला प्रशासनमा उजुरी हाले भने, ममाथि आक्रमण हुदैन र ? तपाई नै भन्नुस् त ।" त्यस्तै गरि, द्वन्द्वका प्रभावहरूका बारेमा छलफल गर्न समुदाय भेला हुनु पनि उच्च जोखिमपूर्ण रुपमा लिइन्छ किनकी सुराकीहरूले शक्तिशाली संभ्रान्तहरूलाई खवर गरिदिन सक्छन् ।

**पीडितहरूको आवश्यकता र अनुभवहरूको बारेमा राष्ट्रिय तहमा चेतनाको अभाव**

अन्तर्वार्ताहरूको एउटा मूख्य विषय पीडितहरूको अनुभवहरूको सुक्ष्मता र वास्तविकताहरूका बारेमा राष्ट्रिय तहमा चेतनाको कमी थियो । उदाहरणका लागि, कपिलवस्तुका यातना पीडितले नेपाल सरकारले भारतमा गरिएको उपचार खर्चहरू भराई नदिनु एक प्रकारको अन्याय हो भन्ने कुरामा जोड दिए, किनभने द्वन्द्वका बेलामा सबैभन्दा छरितो, सस्तो र प्रायजसो अवस्थामा उपलव्ध एक मात्र स्वास्थ्य सेवा भनेको सिमापार भारतमा नै थियो, जहाँ नेपालीहरुको भर पर्न सकिने किसिमको नातासम्बन्ध संरचना समेत थियो । मानवअधिकारकर्मीहरू र कपिलवस्तु स्थानीय शान्ति समितिका सदस्यहरूका अनुसार यो समस्या हिमालयको फेदिमा रहेको नेपालको मधेस क्षेत्रमा व्यापक छ, जहाँका स्थानीय मानिसहरूको भारतका भागहरूमा साँस्कृतिक र जनसांख्यिक सम्पर्कहरू कायम छ । यो नीतिले कपिलवस्तु र समग्र मधेसमा रहेका यातनाका पीडितहरू र अन्य गम्भीर अपराधहरूका पीडितहरूलाई समस्यामा पारेको छ, जसमध्ये धेरै निम्न आय भएका व्यक्तिहरू छन् । विशेषगरी, यसले यस क्षेत्रमा रहेका यातनाका केही पीडितहरूलाई राहत र परिपूरणका लागि योग्य हुने मान्यता पाउनबाट रोक्दछ ।

सत्य आयोगलाई प्रमुख रूपमा मेलमिलापको संयन्त्रका रूपमा राजनीतिक दलहरूले कल्पना गरेका थिए भन्ने कुरामा काठमाडौंमा लिइएका अन्तर्वार्ताका सहभागीहरू सहमत थिए । धेरैजसो व्यक्तिले पीडितहरूले न्याय पाउनु पर्ने र दोषीहरूमाथि कारबाही हुनु पर्ने आवश्यकतालाई एक वा अर्को रूपमा व्यक्त गरे पनि यो अनुसन्धानले पीडितहरूको व्यक्तिगत, साँस्कृतिक, र मनोवैज्ञानिक अनुभवहरूका बारेमा अपर्याप्त स्वीकारोक्ति रहेको देखाउँछ । अझै, काठमाडौमा अन्तर्वार्ता लिइएकाहरूमध्ये कसैले पनि राज्यको आफ्ना निकायहरूले गरेका अपराध र उल्लङ्घनहरूका लागि राज्यलाई जिम्मेवार बनाइनुपर्छ भन्ने कुरा

स्पष्टरूपमा उल्लेख गरेनन् भने विगतका उल्लङ्घनहरूको सत्य थाहा पाउनाले भविष्यमा फेरि दोहोरिनबाट रोक्न मद्दत मिल्छ भन्ने कुरा स्विकार पनि गरेनन् ।[४६]

**स्थानीयरूपमा सत्य खोजी गर्न राजनीतिक इच्छा शक्तिको अभाव**

स्थानीय जनसंख्याको आवश्यकताहरू र अपेक्षाहरूका बारेमा राष्ट्रिय तहका भन्दा स्थानीय तहका राजनीतिक नेताहरू र नागरिक समाजका सदस्यहरू वढी अवगत रहेको पाइयो र सम्भवत यो कुनै आश्चर्यजनक कुरा थिएन । स्थानीय राजनितिज्ञहरूले द्वन्द्व पीडित र तिनका परिवारहरूको प्राथमिकताका साथै सन्तानहरूको शिक्षाको आवश्यकता, रोजगारीको सुनिश्चिता, र उत्तरजीवीहरूको स्वास्थ्य चासोहरूलाई जोड दिदै तिनीहरूका तत्कालीन र दिर्घकालीन आवश्यकताहरू स्पष्टसँग व्यक्त गरे । दैलेखका नेपाल कम्युनिष्ट पार्टी (एकिकृत माक्सवाद-लेनिनवाद) (ने.क.पा. एमाले)का एक नेताले दुवै पक्षहरूमा घाइते भएकाहरूले सबैभन्दा ठूलो समस्याहरू भोगिरहेका छन् भन्ने कुरामा जोड दिए ।

तथापी, सत्यमाथिको दृष्टिकोण र मूल्य स्पष्टरूपमा फरक फरक थिए र प्रभावकारी सत्यको खोजीका लागि त्यस्ता सबै दृष्टिकोणहरु सहयोगी पनि थिएनन् । पूर्व जनमुक्ति सेनाका लडाकूहरूको, जसमध्ये केहि हाल पनि माओवादी पार्टिको विभिन्न तहहरूमा सक्रिय रहेका छन्, सत्यसम्बन्धी दृष्टिकोण मुलतः दलको धारणासँग मेल खान्छ । सुर्खेतमा पूर्व लडाकू र हाल ए.ने.क.पा. (माओवादी) का सदस्यले “सत्यलाई युद्धका नियमहरूअर्न्तगत हेरिनुपर्दछ” भने । अर्का एक पूर्व लडाकूले केही नागरिकहरूले दःुख भोगेको हुनसक्दछ र त्यो भवितव्य हो भनी अभिव्यक्ति दिए (“सुकेका काठहरू जलाउँदा केही हरिया काठहरू पनि जल्छन् ।”)

यद्यपी सत्य खोजीलाई माओवादी दलका सदस्यहरूलाई निशाना बनाउने ठूलो षडयन्त्रका रूपमा हेरिएको छ र द्वन्द्वसँग सम्वन्धित सबै अभियोगहरूलाई राजनीतिकरूपमा प्रेरित र तोडमोड गरिएको भनी बुझ्ने गरिएको छ (“हिजोका

४६. अन्तरवार्ता दिने एक व्यक्तिका अनुसार,“सत्य र नेपालको राजनितिक संस्कृतिवीच मेल सजिलो छैन । त्यसकारण, वंगाएर र गाँठो कसेर, सत्यलाई राजनितिक फाइदाका लागि प्रयोग गरिएको छ । त्यसकारण, वास्तवमा, द्वन्द्वबाट प्रभावित भएका व्यक्तिहरूका लागि सत्यको बारेमा प्रश्न गर्दा, राजनितिसँग बलियो विपरित सम्वन्ध रहेको छ । सत्य आउने वित्तिकै, राजनिति कमजोर हुनपुग्दछ । राजनिति बलियो हुने वित्तिकै, सत्य कमजोर हुनपुग्दछ ।”

सबै मुद्दाहरू बंगाइएका छन्") । राजनीतिक नेतृत्वको धारणा पछ्याउँदै एक पूर्व लडाकूले यदि सत्य साँच्चै खोज्ने हो भने सबै दलहरू र नेताहरू उल्लङ्घनका लागि जिम्मेवार हुने छन् ("कुनै दल वा नेताहरू वाँकी रहने छैनन्") भन्ने कुरामा जोड दिए ।

दैलेख सदरमुकाममा एक माओवादी नेताले पीडितलाई तिनीहरूका अनुभवहरू भन्न लगाउनुको सम्भावित खतराबारे सचेत गराए र त्यस्तो कामलाई उनले निको हुँदै गरेको घाउबाट पाप्रा निकाल्ने कामसँग तुलना गरे । पीडितहरूलाई केही प्राप्त नहुने तर घरी घरी तिनीहरूको कथाहरू बताउन लगाउने गर्दा पीडितहरूमा बढेको निराशाप्रति गम्भीर चासो देखाउदै, उनले सत्य खोजीलाई सम्भावित द्वन्द्वको श्रोतका रूपमा बयान गरे । कपिलवस्तुमा एक वरिष्ठ राजनितिज्ञले द्वन्द्वका बारेमा थाहा पाउन आवश्यकसबै कुराहरू अगाडि नै सार्वजनिक भईसकेकोको छ भन्ने उल्लेख गरे । उनका अनुसार केही कुरा लुकेको वा बताउनु बाँकि छैन । यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका जिल्लाका पीडितहरूको विचारहरूको विपरित, स्पष्टरूपमा कुलिन दृष्टिकोण प्रतिविम्वित गर्दै उनले "म कर्णेल कुमार लामालाई चिन्दछु । उनी त्यस प्रकारका व्यक्ति होइनन् (जसले यातना दिओस्) । उनी त मानवअधिकारको कार्यान्वयन गर्ने व्यक्ति हुन्" भन्ने उल्लेख गरे ।

धेरै अवस्थाहरूमा पीडितहरूले संभ्रान्तहरु, संरक्षित संजालहरू, भ्रष्टाचार र स्थानीय तहमा शक्तिशालीहरूलाई प्राप्त हुने संरक्षणलाई न्याय प्राप्त गर्ने मुख्य वाधकका रूपमा औंल्याए । ठूला राष्ट्रिय पीडित समूहका नेताको विचारमा स्थानीय शान्ति समितिहरू, राजनीतिकरूपमा मनोनयन गरिएका सदस्यहरू नै न्यायमा पीडितको पहुँचलाई अस्वीकार गर्नेमा प्रमुख थिए । बताइए अनुसार जिल्ला विकास कार्यालयमा भएको एक मेलमिलाप बैठकमा प्रहरी उपरीक्षकले पीडित परिवारहरूलाई भने, "जे हुनु थियो त्यो भैसक्यो । अब हामी मिलौं ।" यसको प्रत्युत्तरमा, केहीका लागि, जस्तै राज्यका निकायहरूबाट धनुषामा मारिएका पाँच जना व्यक्तिहरूका परिवारहरूका लागि, स्थानीय निकायहरू नभई राष्ट्रिय तहका न्याय प्रणालीले न्यायका लागि आशा दिएका थिए ।[४७]

४७. सत्य आयोग र बेपत्तासम्वन्धी आयोगले पीडितहरूको उजुरी संकलन गर्नका लागि स्थानिय शान्ति समितिका कर्मचारीहरू खटाइएको थियो ।

त्यसै गरि श्रीमान बेपत्ता पारिएका र आफै यातनाबाट पीडित भएका दैलेखका महिलाका लागि, राष्ट्रिय तहको सत्य आयोग को महत्व छ किनभने यसले "वास्तविक" पीडितहरूलाई समेट्ने सम्भावनालाई खुल्ला गरेको छः "यो आयोग गठन भएपछि हामी जस्ता पीडितहरूले कम्तीमा केही राहत त पाउँछौ होला।" यो विश्वास सम्भवतः शक्तिमा पहुँच भएकाहरूले स्थानीय तहमा "वास्तविक" पीडित को हुन् भन्ने बारेको सत्यलाई बंग्याएका छन् भन्ने धारणाप्रतिको प्रतिकृया र राष्ट्रिय तहको सत्य आयोगले त्यस्ता आयामहरूलाई हटाउन सक्षम छ हुनेछ भन्ने ठम्याइ हुनसक्छ ।

स्थानीय तहमा सत्य खोज्नेबारेमा राजनीतिक इच्छाशक्तिको सामान्य अभाव भएतापनि केही स्थानीय नेताहरूले पीडितहरूको अनुभवलाई पूर्णरूपमा बुझ्न कोशिस गर्नेतर्फ धेरै झुकाव राखेको देखियो । उदाहरणका लागि दैलेखका नेपाली काग्रेसका एक नेताले "पीडामा भएका व्यक्ति, तिनीहरूको पीडालाई बुझ्नु, त्यो नै सत्य हो " भन्ने विचार व्यक्त गरे । उनका अनुसार "क्षमादान दिइनुहुँदैन । यदि क्षमादान दिइयो भने स्थानीय मानिसहरूको आत्मा रुदैन र?" सोही जिल्लाका ने.क.पा. एमालेका राजनीतिक नेताले पनि यी भावनाहरूलाई दोहोर्‍याए : "केही घटनाहरू भएका छन् जुन क्षमादान दिन लायक छैनन् । स्थानीयरूपमा काम गरेपछि, मानिसहरूको भावनाहरू बुझेपछि मात्र यस्तो कुरा बुझ्न सकिदो रहेछ ।"

## सत्य खोजीको विकेन्द्रिकरण

अन्तर्वार्ता लिइएकाहरूमध्ये थोरैलाई मात्र सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्तासम्बन्धी आयोगको कामको बारेमा जानकारी थियो, जसले ति आयोगहरुको बाह्यपहुँच रणनीतिमा रहेको महत्वपूर्ण कमजोरी र राजधानी केन्द्रित काम गराईलाई उजागर गर्दछ । यदि तत्कालै सम्बोधन नगरिएमा यस्तो समस्याले पीडितहरूलाई अर्थपूर्ण सत्य प्रदान गर्ने आयोगहरूको क्षमतालाई कमजोर बनाउन सक्दछ ।

जिल्लाहरूमा अन्तर्वार्ता लिइएकाहरूमध्ये सत्य आयोग र बेपत्तासम्बन्धी आयोगको बारेमा थाहा भएकाहरू अत्याधिकरूपमा या त जिल्ला सदरमुकाममा बसोबास गर्नेहरु थिए (पहाडमा) या एक वा एकभन्दा बाढि मानवअधिकार

संस्थाहरूसँग सम्पर्कमा रहेका व्यक्तिहरू थिए (झापा, कपिलवस्तु र बर्दिया) ।

त्यस्ता पीडितहरूमध्ये पनि थोरैले मात्र आयोगहरूबाट न्यायको आशा राखेको र विशेषतः राजधानी बाहिरका पीडितहरूले आयोगहरुबाट कुनै पनि फाइदा कहिल्यै देख्न नपाउने महसुस गरेको पाइयो । रुकुम जिल्लाको एक दुर्गम गा.वि.स.को महिलाले उनले सत्य आयोगका बारेमा "कुरा सुनेको" तर त्यो स्थापना भएको हो वा होइन भनी थाहा नभएको बताइन । उनले थपिन्, "यदि त्यो स्थापना भइसकेको भएपनि, यसको गाउँमा के अर्थ होला त? काठमाडौंमा रहेको आयोगको मेरो गाउँमा के काम? सत्य बाहिर आए राम्रो हुने छ । तर आयोग मेरो गाउँमा आउला भन्ने कुरामा मलाई शंका छ । लोकतन्त्र आयो होला तर यँहा गाह्रो छ । मानवअधिकारको बारेमा जति नै कुरा गरे पनि, यहाँ केही न केही ।"

राष्ट्रिय-स्थानीयवीचको विभाजनउपरको रोषको भावनाहरू पीडितहरू र स्थानीय नेताहरूमा प्रष्ट देखिन्थ्यो । केही स्थानीय नेताहरूले केन्द्रिकृत राजनीतिक शक्तिले स्थानीय अभियानहरूलाई निष्कृय बनाईदिएको बारेमा जोड दिए । उदाहरणका लागि, स्थानीय शान्ति समिति सदस्यहरूले आफ्नो शक्तिहीनतामा जोड दिनुका साथै जिल्ला प्रशासन अधिकारी र केन्द्रिय तहका मन्त्री, दुवैलाई सत्यको खोजीमा वाधकका रूपमा हेरे । दैलेखका नेपाली कांग्रेसका राजनितिज्ञका अनुसार, स्थानीय तहमा पीडितहरूको तत्काल आवश्यकताहरूको विस्तृत अभिलेखहरू संकलन गरिनुपर्दछ र सम्वोधन गर्नका लागि राजधानीमा पठाइनु पर्दछ । तथापी, संकलन गरी राजधानी पठाइएका पीडितहरूका प्रतिवेदनहरूलाई कर्मचारीहरूले दराजमा राखी विर्सिएका छन् भनी धेरैले गुनासो पनि गरे ।

## राज्य र माओवादीका स्मृतिकरणका अभ्यासहरू

स्मृतिकरण सत्यको औपचारिक खोजीको अवधारणासँग नजिकबाट जोडिएको विषय हो, जसअन्तर्गत स्मारकहरू, संरचनाहरू, प्लाकार्डहरू र संग्रहालयहरूका साथै पीडितहरूको सम्झनालाई प्रवद्धन गर्ने र पीडितहरूप्रति इज्जत दिने संस्मरणका क्रियाकलापहरू पर्दछन् । राम्ररी गरिएमा, पीडित र विगतका मुख्य घटनाहरूको स्मृतिकरणले पीडितहरूले भोगेको पीडा र सहनशीलताको भौतिक र सांकेतिक दुवै मान्यता प्रदान गर्दै, पीडितहरू, तिनीहरूका परिवार र समुदायहरू, र सिंगो समाजका लागि अर्थपूर्ण हुन सक्दछन् । स्मारकहरू र क्रियाकलापहरूलाई विगत र भविष्य दुवैसँग सम्बन्धित छलफल र स्मरणहरूलाई प्रवर्द्धन गर्न प्रयोग गर्न सकिन्छ ।

नेपालमा स्मृतिकरणको विशेषगरी ठूलो ऐतिहासिक महत्व छ र अन्तर्वार्ता लिइएका व्यक्तिहरूको धारणा र विचारहरूले पनि पीडितहरूका लागि यसको विशेष महत्व रहेको दर्शाएको छ । सामान्यतया पीडितहरू र तिनका परिवार हरूले आफ्ना र आफ्ना परिवारहरूको सम्मान स्थापनाको आवश्यकतालाई जोड दिदै, द्वन्द्वका क्रममा गुमाएकाहरूको सम्मान गर्ने महत्वपूर्ण तरिकाका रूपमा स्मारकहरूलाई मानेका छन् । अन्तर्वार्ता लिइएकाहरूले पीडितहरूको नामहरूलाई अभिलेख गर्ने र द्वन्द्व पीडितहरूका रूपमा मान्यता दिएको हेर्न चाहेको इच्छा व्यक्त गरे । स्मारकहरूले पीडितहरूको योगदानहरूका बारेमा कथा भन्न सक्ने वनाई र इतिहासमा तिनीहरूको नाम सुनिश्चित गरी, वर्तमान र भावी पुस्ताहरूका लागि शिक्षामुलक कार्य गरेको पनि देखिन्छ । तथापी, स्मारकहरूलाई निको हुने प्रक्रिया र विश्वासको पुनस्थापना वा थप हिंसाका रोकथाम तथा शिक्षा र जनचेतनामार्फत “फेरि कहिल्यै नहोस्” भन्ने संस्कार प्रवर्द्धनमा, वर्तमानमा विगतका परिणामहरूलाई दर्शाउन खासै प्रयोग गरिएको नभइ घटनाहरूका गतिहिन चिन्हहरूका रूपमा रहेको पाइन्छ ।

यस प्रतिवेदनका लागि हाल विद्यमान थुप्रै, मुलतः अनौपचारिक स्मारकहरूका बारेमा केन्द्रित समूहहरूमा छलफल गरिएको थियो । रुकुम र रोल्पामा द्वन्द्वका क्रममा गुमाइएकाहरूको संस्मरण गर्दै स्थानीय समूहहरूले बगैंचा, ढुङ्गाका चौताराहरू, बाटो, स्तम्भ आदीहरु निर्माण गरेका छन् र ती मध्ये केहिमा केहीमा

मृतकहरूको नामहरू पनि उल्लेख गरिएका छन् । त्यसैगरी झापामा समुदायका सदस्यहरूले पीडितहरूको नामहरू अंकित स्तम्भ निर्माण गरेका छन् । वर्दियामा पीडितहरुद्वारा नेतृत्व गरिएको अभियानहरूले बेपत्ता व्यक्तिहरूको स्मरण गर्न र केही पीडितहरूको स्थिति अझै अज्ञात रहेको अवस्थामा समुदायलाई अस्पष्ट क्षतिको वोध गराउनलाई सहयोग गरेको छ । कपिलवस्तुमा द्वन्द्वका क्रममा जीवन गुमाएकाहरूको सम्झनामा चौतारी निर्माण गरिएको छ र भविष्यमा उनीहरुको नाम उल्लेख गर्ने योजना पनि गरिएको छ ।

यी र यस्तै अन्य स्मारकहरूको प्रभाव व्यवहारमा फरक फरक छ । तिनीहरूले सचेतना अभिवृद्धि गर्दछन् र विगतको विवरणका बारेमा गम्भीर चिन्तन र छलफल प्रवर्द्धन गर्ने स्थान निर्माण गर्न सक्षम बनाउदछन् । उदाहरणका लागि झापा र रुकुममा द्वन्द्वका दुवै पक्षका पीडितहरूको नाम उल्लेख गरिएको हुनाले, स्मारक निर्माणमा समुदायको योगदान स्वीकार गरिएको हुनाले र पीडितका समूहहरू, विभिन्न तहका राज्यका निकायहरू, नागरिक समाज, गैरसरकारी संस्थाहरू र वन उपभोक्ता समूहहरू जस्ता समुदायमा आधारित संस्थाहरूलाई संलग्न गराइएको हुनाले नागरिक संलग्नता प्रवर्द्धन भएको देखिन्छ ।

राजनीतिक र सामाजिक प्रक्रियाहरूले स्मारकहरूको प्रभाव पार्न सक्ने सम्भावनामा असर गर्दछ । उदाहरणका लागि रुकुममा माओवादी दलको बाहुल्यताले स्मृतिकरण अभ्यासको तरिकामा प्रभाव पारेको छ भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको प्रभावलाई चासोको रूपमा लिइएको छ । झापामा अन्तर्वार्ता लिइएकाहरूले स्मृतिकरण प्रयासहरूमा संलग्न भएपछि उनीहरूउपर गैरसरकारी संस्थाहरूसँग बिकेको आरोप लागेकोले चासो व्यक्त गरे । सापेक्षितरूपमा उच्च, विदेशी दाताहरूले दिएको तलव लिएर काम गर्ने भनी अनुमान गरिने हुनाले, कहिलेकाही नेपालमा गैरसरकारी संस्थाहरूहरूलाई “डलर खेती” गर्ने भनी भन्ने गरिन्छ । वर्दियामा यी चासोहरू प्रतिविम्वित भएन भने झापा र कपिलवस्तुका पीडितहरू र तिनका परिवारहरूले गैरसरकारी संस्थाले स्मृतिकरण परियोजनाको प्रायोजनलाई बन्द गरेको र त्यसले गर्दा पीडितहरूसँग नियमित वैठक बस्न पनि गाह्रो भएको, कपिलवस्तुमा पीडितहरूसँग निर्माण सम्पन्न गर्न पैसा नभएकाले स्मृति परियोजना समापन गर्न पनि समस्या पैदा भएको बारेमा चासो व्यक्त गरे ।

त्यसैगरी, अध्ययनका लागि भम्रण गरिएका सबै जिल्लाहरूमा स्मारकहरूलाई पीडितहरूद्वारा पीडा कम गराई निको बनाउने स्थलका रूपमा लिइएको पाइएन । रुकुमका एक महिलाले स्मारकहरूको उपयोगिताको बारेमा वयान गर्दै भनिन्, "(स्मारकहरू) र पार्कहरूले पीडा कम गर्न के सहयोग गर्छ र?" वर्दियाका एक व्यक्तिले स्मारकलाई "सतही मलमपट्टी, जसले पीडा कम गर्न सक्दैन" भन्ने स्वरूपमा व्याख्या गरे । कपिलवस्तुमा राज्यबाट छोरा बेपत्ता पारिएका र आफै अन्तर्राष्ट्रिय दाताको सहयोगमा स्मृतिकरण परियोजनमा संलग्न भएका एक व्यक्तिले स्मारकले उनको पीडा कम गरेको छ कि छैन भन्ने प्रश्नको जवाफ यसरी दिए: "यदि तपाईंलाई पेटमा ग्यास्ट्रिकको समस्या छ भने कसैले नयाँ लुगा दिंदैमा के हुन्छ र ? रोग त अझै छ । यदि कसैले तपाईंलाई चिटिक्क इस्त्री लगाएको लुगा दिन्छ र कार्यालयमा पठाउँछ भने के तपाईलाई सन्तुष्टि मिल्छ ? रोग अनुसारको औषधी दिनु पर्छ ।"

**राज्यका अभ्यासहरू**

संसारका अन्य राज्यहरू जस्तै नेपाल पनि ऐतिहासिकरूपमा देशलाई सामूहिक ऐतिहासिक आख्यान उपलब्ध गराउने उद्देश्यले औपचारिक स्मृतिकरणका क्रियाकलापहरूमा संलग्न भएको पाइन्छ । नेपाली समाजमा *शहादत* को अवधारणा प्रवल छ र व्यक्तिगत त्यागलाई मान्यता दिने संस्कार पाइन्छ र राष्ट्रिय तहमा त्यसलाई शहिद भनी मूल्यांकन गरिन्छ ।

राज्यले अंगिकार गरेको शहादतको हालको अवधारणा विशेषतः विसौं शताब्दीको पूर्वाद्धमा भएको राणाविरुद्धको आन्दोलनहरू र २०४६ सालको जन आन्दोलन लगायतका विगतका सरकारहरूविरुद्धको लोकतन्त्रका लागि गरिएको संघर्षहरूबाट सुसूचित छ । राष्ट्रिय संझनामा शहिदहरूको महत्वपूर्ण भूमिकालाई इंगित गर्दै माघ १६ गते शहिद दिवस भनी सार्वजनिक विदा दिइन्छ । शहिद दिवसलाई राष्ट्रिय पात्रोको भाग बनाइनाले सामूहिक विगतलाई वर्तमानमा ल्याउने काम हुन्छ र अनुसन्धानकर्ता एलिजावेथ जेलिनका अनुसार यसले समुदायसँग आफू सम्बन्धित भएको भावनाहरूलाई प्रोत्साहन दिन्छ ।[४८] शहिद

४८. एलिजावेथ जेलिन, "पव्लिक मेमोरियलाइजेसन इन पर्सपेक्टिभः टुर्थ, जस्टिस एण्ड मेमोरी अफ पास्ट रिप्रेसन इन द साउथन कोन अफ साउथ अमेरिका (Public Memorialization in Perspective: Truth, Justice and Memory of Past Repression in the Southern Cone of South America), *इन्टरनेसनल*

दिवसको विदा काठमाडौंमा रहेको शहिद गेटसँग अकाट्य रूपमा जोडिएको छ र यसले सन् १९४१ मा राणा शासनकालमा मारिएका चार शहिदहरूको संस्मरण गर्दछ ।

**नेपालमा शहादतको विकास**

नेपालमा शहादतको अवधारणा पहिल्यैदेखि विद्यमान रहेको भएतापनि २०५२ सालमा माओवादी द्वन्द्व शुरु भएपछि र माओवादीहरूले यो शब्दको समकालीन रणनितिक निर्माण र उपयोगपछि मात्र यसले हालको अर्थ प्राप्त गऱ्यो ।[४९] माओवादी परिभाषा आत्म-बलिदानको संस्कार र भव्यता, चम्किलो गर्व, र "मरेपछि तारा बनि अँध्यारो संसारलाई उज्यालो दिई अमूर्त प्रकारको अमरत्व प्राप्त गर्ने" जस्ता विचारहरूमा केन्द्रित छ ।[५०]

माओवादी स्वयंले गरेको जबर्जस्ती बेपत्ताका घटनाहरूबाट ध्यान हटाउने तरिकाका रूपमा माओवादीको बेपत्ता परिवारहरूसम्बन्धी मुख्य समितिले "राज्यद्वारा बेपत्ता पारिएका नागरिक परिवार समाज"लाई "बेपत्ता योद्धा समाज" भनी नाम परिवर्तन गऱ्यो । दलका सदस्यहरू, जनमुक्ति सेनाका लडाकूहरू र सरकारी बलहरूबाट मारिएका माओवादीसँग नजोडिएका व्यक्तिहरू सबैलाई लागू हुन सक्ने गरी "बेपत्ता योद्धा"को परिभाषामा जानाजान राखिएको अस्पष्टताले ठूलो जनसंख्यालाई यसमा सहभागी हुन सक्ने बनाएको छ जसलाई माओवादीले "महान मरण" र माओवादी समतावादी विचारधारालाई आत्मसात गर्नेहरूको हकमा "वीर शहिद" भनी भन्ने गर्छन् । महत्वपूर्ण कुरा, नेपाली संस्कृति "माओवादी साहित्यको प्रशस्तता र कार्यक्रमहरू, स्मारक पार्कहरू, गीतहरू र कविताहरूबाट पोषित र निर्मित" थिए र निरन्तर हुँदै छ ।[५१]

---

*जर्नल अफ ट्रान्जिसनल जस्टिस* १ (२००७)ः १३८-१५६

४९. मेरी लेकोम्टे तिलाउन, "मार्टियस् एण्ड लिभिंग मार्टियस् अफ द पिपलस् वार इन नेपाल (Martyrs and Living Martyrs of the People's War in Nepal)," साउथ एसिया मल्टिडिसिप्रिनरी एकेडिमिक जर्नल ४ (२०१०)ः १-१९

५०. मेरी लेकोम्टे तिलाउन,"'किल वान, हि विकम्स वान हन्ड्रेड': मार्टिडम एज जेनेरेटिभ स्याक्रिफाइस इन नेपाल पिपल्स वार ('Kill One, He Becomes One Hundred: Martyrdom as Generative Sacrifice in the Nepal People's War,), *सोसियल एनालाइसिस* ५० (२००६)ः ५३ ।

५१. मेरी लेकोम्टे तिलाउन,"'किल वान, हि विकम्स वान हन्ड्रेड': मार्टिडम एज जेनेरेटिभ स्याक्रिफाइस इन नेपाल पिपल्स वार ('Kill One, He Becomes One Hundred': Martyrdom as Generative Sacrifice in the Nepal People's War,), *सोसियल एनालाइसिस* ५० (२००६)ः ५१-७२

युद्धको शुरुवात देखि नै माओवादीहरूले शहिदहरूका नाममा गाउँ प्रवेश गर्ने स्थानहरूमा विशेष स्मारक द्वारहरू, ठूला ठूला स्मारकहरू, चौतारी आदि निर्माण गरे । यस्ता धेरै स्मारकहरूले तिनीहरूको वैधानिकता वृद्धि गर्न र अल्पसंख्यक समूहहरूसँगको सम्पर्क दर्शाउन परम्परागत अभ्यासहरूलाई अवलम्वन गरे । मानवविज्ञानवेत्ता एनी डि सेल्सले रुकुम र रोल्पामा स्थानीय समुदायहरूले स्वीकार र प्रयोग गर्ने सुनिश्चित गर्नका लागि, मृतकहरूको नाममा नियमितरूपमा पुजा हुने गरी, शहिदहरूका लागि निश्चित स्वरूप र स्थानहरूमा बगैचा, ढुंगाको चौतारी, बाटो र खम्बाहरू बनाउन खाम मगर परम्पराहरूलाई अवलम्वन र उपयोग गर्न माओवादीहरूले देखाएको तत्परताको तरिकालाई दस्तावेजीकरण गरेकी छिन ।[५२]

नेपालमा शहादतसम्बन्धी अवधारणाको जुन रूपमा पूर्ण ओजका साथ विकास भयो, त्यसलाई नेपालमा शहादतको लोकतान्त्रीकरण भनी बुझ्न सकिन्छ । जनआन्दोलन भाग २ र मधेस आन्दोलनपछि शहीद घोषणा गर्न ठूलो संख्यामा माग भैरहेको छ । आंशिकरूपमा आर्थिक क्षतिपूर्तिसँग जोडिएको भएपनि स्पष्टरूपमा, औपचारिक मान्यताको आवश्यकता वोधको परिणामस्वरुप मारिएका मानिसहरूलाई शहिद घोषणा गर्न नागरिकहरूले माग गर्ने गर्छन् । मधेस आन्दोलनका क्रममा र त्यस पश्चातका आन्दोलनमा मारिएकाहरूलाई शहिद घोषणा गर्न माग गरेका कारण राजधानीका संभ्रान्तहरूका सामु मधेसी राजनीतिक दलहरूको वैधानिकता र राजनीतिक शक्ति वृद्धि भएको छ ।

२०६९ सालमा एक पत्रिकाले दावी गरेअनुसार २०६२-२०६३ को जनआन्दोलनदेखि हालसम्म १०१ शहिदहरूलाई गृह मन्त्रालयले विभिन्न वर्गहरूमा मान्यता दिइसकेको छ : जनआन्दोलन २ मा मारिएका २६, मधेस आन्दोलनमा मारिएका ३०, “धार्मिक शहिद” ४ जना र खेलौना भनी झुकिएर चलाउँदा बम विस्फोटमा परी मर्न पुगेका ९ वर्षे बालक लगायत साम्प्रदायिक हिंसा र घटनाहरूमा मारिएका ४१ जना ।[५३] सार्वजनिक आलोचनापछि २०६८

---

५२ एनी डि सेल्स, “द खाम मगर कन्ट्रीः विट्विन एथनिक क्लेम्स् एण्ड माओइज (The Kham Magar Country: Between Ethnic Claims and Maoism)”, *रेसिस्टान्स एड द स्टेटः नेपालिज एक्पेरियन्स* मा डेभिड गाल्नरद्वारा सम्पादित, (नयाँ दिल्लीः सोसियल साइन्स प्रेस), ३२६-३५७ ।

५३. ऐ.ऐ. किरण

मा मन्त्री परिषद्ले शहिद घोषणा गर्ने सम्बन्धमा कठोर मापदण्ड पारित गरेको थियो ।[५४]

जिल्लाहरूबीच स्मृतिकरण अभ्यासहरूको मुख्य फरक भनेको जबर्जस्ती बेपत्ता पारिएका पीडितहरूलाई कसरी सम्झने भन्नेमा केन्द्रित थियो । माओवादीले "गौरवमय शहिद"मा गरेको जोडका कारण रुकुममा बेपत्ता व्यक्तिहरूको स्थितिमा खासै अस्पष्टता थिएन किनभने अधिकांश मरिसकेको अनुमान गरिएको थियो । यो स्थिती वर्दियाभन्दा विल्कुलै फरक हो जहाँ पीडित निर्देशित स्मृतिकरण अभ्यासहरूले बेपत्ता व्यक्तिलाई सम्मान गर्ने, समुदायलाई सेवा गर्ने, बेपत्ताका परिवारहरूको पहिचान गर्ने र परिवारहरूको मनोवैज्ञानिक आवश्यताहरूलाई सम्बोधन गर्ने गरी उल्लङ्घनको प्रभावलाई सम्बोधन गरिएको छ ।[५५] क्षेत्रगत भिन्नता झापामा पनि स्पष्ट रुपमा देखियो जँहा राज्यद्वारा आफ्नो छोरा बेपत्ता पारेको एक व्यक्तिले राज्यले सबै तथ्य सार्वजनिक नगरेसम्म बेपत्ता आफन्तलाई शहिद भन्न नहुने कुरामा जोड दिए । "हाम्रा मान्छे जिउँदो नहुनसक्छ ...यदि तिनीहरू शहिद भएको भए, हामीले काजक्रिया गरिसक्थ्यौं ।"

**मान्यताको महत्व**

स्मृतिकरणसम्बन्धी पीडितका परिवारहरूको भावनाहरूले मान्यताको आवश्यकता र अझ विशेषगरी स्मारकहरूको आवश्यकतामा जोड दिएका छन् । यसबाट सार्वजनिक मान्यता र के भएको थियो भन्ने कुराको सम्बन्धमा अन्य नागरिकहरूको स्वीकारोक्तिलाई पीडितहरूले दिएको महत्व चित्रण हुन्छ ।

झापामा, छोरा बेपत्ता पारिएका महिलाले स्मारकहरूले आफ्नो पीडा कम नगरेको तर समाज र राज्यबाट सम्मान प्राप्त भएको खण्डमा पीडा कम हुने बताइन् । रुकुमका एक व्यक्तिका अनुसार आर्थिक राहतले केही सन्तोष दिन सक्छ तर इज्जत र सम्मान दिँदैन, जुन "समाज, राष्ट्र, राष्ट्रियता" प्रति

५४. चापागाई, "मार्टिडम क्राइटेरिया लेड आउट (Martyrdom Criteria Laid Out), *रिपब्लिका,* डिसेम्वर २८, २०१२ । प्रधानमन्त्री पुष्पकमल दाहालले ८००० शहिदहरूभन्दा धेरै भएको घोषणा गरे पनि, पछि संख्यालाई ६४३८ मा घटाइयो । द्वन्द्वका क्रममा बहुसंख्यक शहिदहरूले जीवन आहुति दिएका हुन भनी भनिएको थियो ।
५५. साइमन रोविन्स,"कन्स्ट्रक्टींग मिनिग फ्रम डिस्अपिरियन्सः लोकल मेमोरलाईजेसन अफ मिसिंग इन नेपाल (Constructing Meaning from Disappearance: Local Memorialisation of the Missing in Nepal)", *इन्टरनेसनल जर्नल अफ कन्फ्लिक्ट एण्ड भाइलेन्स* ८(२०१४): १-१४ ।

पीडितहरूको सेवालाई मान्यता दिदै स्मारकले प्रदान गर्न सक्छ । यस्तो मान्यताले सामाजिक, आर्थिक तथा राजनीतिक कारणहरूले परम्परागतरूपमा अवमूल्यन गरिएकाहरूको सार्वजनिक स्थितिको स्वीकारोक्ति र मर्यादाको पुनर्स्थापनामा मद्दत गर्न सक्छ । वास्तवमा, मानवअधिकार उल्लङ्घनका पीडितका सट्टामा शहिद भनी मान्यता दिन पीडितका परिवारहरूले माग गर्नुका पछाडि यहि सम्मानको आवश्यकता हो । [५६]

नेपालमा पीडितहरूको मान्यताको महत्वलाई अगाडि पनि अभिलेख गरिएको छ । आइसिटिजेद्वारा २०६९ मा गरिएको स्मारकहरूसम्बन्धी विषयक्षेत्र निर्धारण अभ्यासले पीडितहरूले अनौपचारिक सत्य अभियानहरूभन्दा सरकारद्वारा औपचारिक स्वीकारोक्ति र मान्यतालाई ज्यादा महत्व दिएको देखाएको थियो । रोविन्सको स्मृतिकरण र शहादतका अवधारणासम्बन्धी काममा उनी तर्क गर्छन् कि "मान्यता भनेको ... लामो समयदेखि अस्वीकार गर्दै आएकाहरूलाई राज्यमा स्थान दिनुको रूपमा पनि हेरिन्छ, त्यस्तो उद्देश्य जसका लागि आफ्ना आफन्तहरूले जीवन नै त्याग गरेको भनी धेरै परिवारहरूले विश्वास गर्दछन् ।"[५७]

### नाम उल्लेख गर्नुको महत्व

पीडितहरूको नाम उल्लेख गर्ने कार्यलाई दिइएको महत्वले उनीहरूको सामाजिक मान्यताको मूल्यलाई दर्शाउँछ । झापामा अन्तर्वार्ता लिइएकाहरूले बेपत्ता पारिएका व्यक्तिहरूको सम्झनामा समुदायद्वारा सामूहिकरूपमा स्मृति स्तम्भ निर्माण गरिएको (गैरसरकारी संस्थाको सहयोगमा) र त्यसमा पीडितहरूको नाम उल्लेख गरिएको छ भन्नेमा बारेमा जोड दिए, जुन उनीहरूका लागि स्पष्टरूपमा महत्वपूर्ण थियो । कपिलवस्तुमा राजमार्ग नजिकको चौतारीमा बेपत्ताहरूको नाम उल्लेख गर्ने शुरुको योजना रकमको अभावमा रोकिएको छ र स्थानीय साझेदारहरूबाट थप सहयोग आवश्यक रहेको छ । ढिलाई भैरहेको भएपनि शुरुको योजना अझै कायम छ ।

---

५६. आइसिटिजे, "फराकिलो हृदयका साथ निर्धक्क अगाडि बढ्न" (२०१४)

५७. साइमन रोविन्स,*फामिलिज् अफ द मिसिंगः ए टेस्ट फर कन्टेम्पोररी अप्रोजेज टु ट्रान्सिसनल जस्टिस (*Families of the Missing: A Test for Contemporary Approaches to Transitional Justice*) (न्यूर्योकः रोटलेज, २०१५)*

वर्दियामा गरिएको अघिल्लो अनुसन्धानमा, माओवादीहरूले बनाएको स्मृतिद्वारमा मृतक र वेपत्ताहरूको नाम नभएको प्रति वेपत्ता परिवारहरूले आक्रोस पोखेका थिए ।[५८] सम्झना गरिएका परिवारहरूसँगको सम्पर्कको अभावसँगै वर्दियामा राजनीतिक अभिष्टका लागि वेपत्ताहरूको सम्झनालाई साधन बनाउने काम आज पनि यथावत छ । माओवादीले बनाएका द्वारहरूमा अझै पीडितहरूको नाम उल्लेख गरिएको छैन भनिएको छ । वास्तवमा, बताइए अनुसार माओवादी दलले बनाएको स्मारकका बारेमा पीडितका परिवारहरूले तबमात्र थाहा पाएका थिए जब कोही व्यक्ति त्यहाँबाट जादैं गर्दा उसले त्यो स्मारक देख्यो । वर्दियामा गरिएको केन्द्रित समूह छलफलमा उक्त.स्मारक बाटोको बिचमा बनाइएको, त्यसको कुनै गाउँ वा वडासँग सम्बन्ध नरहेको र त्यसमा कुनै नामहरु उल्लेख नगरिएको भन्ने कुरामा जोड दिइएको थियो । माओवादी दलले "त्यसमा नाम राख्ने सम्भावना नभएको" भनी उनीहरूले बताए । उक्त समूहले नामहरूको महत्व (स्मृति र स्थानसँग अकाट्य रुपमा सम्बन्धित) औंल्याउदै, "यदि सबै द्वन्द्व पीडितहरूका नाममा हाम्रो गाउँमा केही निर्माण गर्न सकिन्छ भने त्यसमा गर्व, खुशी र केही राहत हुने छ" भन्ने उल्लेख गऱ्यो ।

**आर्थिक योगदानहरू**

बर्दिया बाहेक सबै जिल्लाहरूमा स्मृति अभियानहरूमा राज्य, समुदाय र गाउँबाट जग्गा जमिन दान र आर्थिक सहयोग भएको देखिन्थ्यो । रुकुममा पीडितहरूको अनुरोधमा सरकारले सार्वजनिक जग्गा उपलब्ध गराएको थियो भने गा.वि.स., संविधान सभा सदस्यहरू तथा शान्ति मन्त्रालयले आर्थिक सहयोग उपलब्ध गराएका थिए । तथापी जिल्लामा राजनीतिक दलका आयामहरूको प्रभाव देखिन्थ्यो र अन्तर्वार्ता दिनेहरुले स्मृतिकरणका लागि सबैभन्दा धेरै रकम माओवादीले शान्ति मन्त्रालय चलाएको बेलामा पाएको कुरामा जोड दिएका थिए ।

झापामा, एक अन्तर्राष्ट्रिय संस्थाको साझेदार संस्थाबाट प्राप्त आर्थिक सहायताका अलावा शान्ति मन्त्रालय, स्थानीय शान्ति समिति र बेपत्ता परिवार हरूबाट रकम जम्मा गरिएको थियो । जग्गा भने सामुदायिक वनको अप्रत्यक्ष

५८. ऐ.ऐ.

अनुमतिबाट प्राप्त गरिएको थियो, जसले परिवारहरूलाई "हामी तपाईहरूलाई प्रत्यक्ष लिखित अनुमति दिन सक्दैनौं तर यदि तपाईंहरूले निर्माण गर्नु भयो भने हामी भत्काउन चाहिँ आउँदैनौ" भनेका थिए । झापाका प्रमुख जिल्ला अधिकारीले स्मारकका लागि उचित स्थान पत्ता लगाउन पीडितहरूलाई सहायता गर्ने कुरामा सहयोगी हुँदै भने, "म तपाईहरूले भनेको स्थान (बाटो छेउमा माग्नु भएको स्थान) उपलब्ध गराउँछु, तर यदि बाटो फराकिलो पारियो भने त्यो भत्काउनु पर्ने हुन्छ र तपाईहरू दुःखी हुनुहुनेछ, त्यसकारण त्यसको सट्टामा कहाँ जग्गा चाहिन्छ भन्नुहोस् म उपलव्ध गराउने छु ।"

**स्मारकहरूका लागि स्थान**

व्यापक सम्मान र इज्जत प्राप्त गर्नका लागि, स्थानीय तहको साथसाथै राष्ट्रिय तहमा स्मारकहरू स्थापना गर्नेतर्फ पीडित र परिवारहरूले महत्व दिएको अन्तर्वार्ताले देखायो । रुकुममा, मानिसहरूले देख्न सक्ने स्थानमा स्मारकहरू बनाउनु पर्ने कुराको साथै तिनीहरूको महत्व बढाउने तरिकाका रूपमा गाउँभन्दा बाहिर धेरै मानिसहरू बसोवास गर्ने क्षेत्रमा स्मारकहरू बनाउन पीडितहरूले रुची देखाए । उदाहरणका लागि, एक व्यक्तिका अनुसार "गाउँमा भन्दा, (स्मारकहरूको) महत्व सहरमा स्वभावले नै उच्च हुनेछ ।" नेपाली काग्रेस रुकुमका राजनितिज्ञका अनुसार जिल्ला सदरमुकाम वा काठमाडौंमा स्मारकहरू बनाउँदा तिनीहरूको "प्रभाव" बढी हुन्छ किनभने, उनकै शब्दमा, ती मरेकाहरूले "राष्ट्रका लागि संघर्ष गरको थिए ।" वर्दियामा, गुलरिया वा नेपालगञ्ज जस्ता ठूला सहरहरूमा स्मारकहरू बनाउने कुरालाई सकारात्मकरूपमा लिइएको थियोः "यदि (यसो गर्नका लागि) कदमहरू चालिएमा हामी विशेष आभारी हुनेछौं, किनभने यहाँका शहिदहरूको नाम टाढासम्म पुग्ने छ ।" वर्दियामा अन्य केहि व्यक्तिले बेपत्ताहरूलाई सम्झन काठमाडौंमा संग्रहालय बनाउने प्रयासहरू भैरहेको र बेपत्तासँग सम्वन्धित लुगाकपडाहरू, कितावहरू र अन्य सामानहरू जम्मा गरी सुरक्षितसाथ संग्रह गरी राखिएको बताए ।

# निष्कर्ष

यस प्रतिवेदनले नेपालमा सत्यको मूल्य र अर्थका सम्बन्धमा राजनीतिक र साँस्कृतिक दृष्टिकोणहरूमा रहेको व्यापक विविधता उजागर गरेको छ । पीडितहरूका लागि सत्यको अधिकार पीडकहरूको पहिचान, उल्लङ्घन हुनुको कारणहरू, परिस्थितिहरू र उल्लङ्घनका तथ्यहरू र जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूको नियति र हालको स्थितिको बुझाइसँग नछुट्टिने गरि जोडिएको छ । अन्यका लागि, विशेषगरी राजनीतिक पात्रहरूका लागि, सत्यको संयन्त्रगत मूल्य रहेको छ - केही अवस्थाहरूमा यसले शान्तिका लागि आवश्यक पर्ने राजनीतिक सम्झौताको प्रतिनिधित्व गर्दछ भने अन्य अवस्थामा राजनीतिक फाइदाको एक साधनका रूपमा रहन्छ । धेरै सरोकारवालाहरूले उल्लङ्घनको पीडा नभोगेका तर राजनीतिक सम्पर्कहरू वा संरक्षित संजालहरूका कारण फाइदाहरू प्राप्त गरेकाहरूको विपरित “वास्तविक” पीडितहरूको पहिचानका बारेमा चासोहरू राखेका छन् । जारी साँस्कृतिक र सामाजिक व्यवधानहरूलाई यौन हिंसाका पीडितहरूका लागि सत्य खोजी गर्ने कार्यको वाधाका रूपमा पहिचान गरिएको छ ।

पीडितको सत्यको अधिकारलाई सहयोग गर्ने वा पूरा गर्ने सम्भावनाको बारेमा देशका दुई सत्य आयोगहरूमाथि फरक फरक प्रकारको विश्वास अभिव्यक्त गरिए । केहीले आयोगलाई गम्भीररूपमा कमजोर माने भने अन्यलाई तिनीहरूको अस्तित्व वा उद्देश्यका बारेमा थोरै जानकारी थियो । अझै, केही अन्तर्वार्ता लिइएकाहरूले सत्यको खोजीमा स्थानीय तहमा भोग्नु पर्ने धेरै चुनौतीहरू हटाउन र द्वन्द्वको बृहत सन्दर्भमा आफ्नो अनुभवहरू अवस्थित गर्न पीडितहरूलाई आयोगले सहयोग गर्ने आशा व्यक्त गरे ।

पूर्व जनमुक्ति सेनाहरूले सत्य खोजीका राष्ट्रिय प्रयासको जोखिकका बारेमा आफ्नो दलको आदर्शहरूबाट अति नै वाँधिएर धारणा राखेको देखियो भने स्थानीय तहका राजनितिज्ञहरूको भूमिका धेरै नै अस्पष्ट रहेको देखियो । यी दुवै पक्षहरु पीडितहरूको आवश्यकता तथा अपेक्षाहरूका बारेमा ज्ञाता भएतापनि अन्तर्वार्ता लिइएकाहरूले तिनीहरूलाई पीडितको अधिकार प्राप्तीका सवालमा वाधकका रूपमा ठानेको देखियो । राष्ट्रिय तहमा, उल्लङ्घनहरू र पीडितको

आवश्यकता र अधिकारहरूको बारेमा यथार्थ ज्ञानको अभाव स्पष्ट देखियो । काठमाडौंमा लिइएका अन्तर्वार्ताहरूले सत्यको अधिकारको अमूर्त बुझाइ मात्र प्रतिबिम्वित गऱ्यो ।

पीडितहरूका लागि सत्यको मूल्य र अर्थ, र यसको पहुँचलाई सीमित गर्ने विद्यमान चुनौतीहरूको अझ सुक्ष्म बुझाइ, सत्य खोजी गर्ने बर्तमान र सम्भावित भविष्यका अभियान लगायतका प्रयासहरू अन्ततः मानवअधिकार उल्लङ्घन र अन्तर्राष्ट्रिय कानूनअन्तर्गतका अन्य गम्भीर अपराधहरूका पीडितहरूको सत्यको अधिकारको प्राप्तीमा सहजीकरण गर्ने कुराको सुनिश्चितता गर्नमा महत्वपूर्ण हुन्छ । यसका साथै सत्य, स्मृति, र शहादत जस्ता अवधारणाहरूसँग नेपालको ऐतिहासिक सम्बन्धको बारेमा चेतना हासिल गर्न पनि महत्वपूर्ण छ । साथै, यी विभिन्न तत्वहरूले नेपालमा अर्थपूर्ण, पीडित केन्द्रित सत्य खोजीका लागि ठोस अग्रगामी कदमको पहिचानलाई सुसूचित गर्दछ ।

# सिफारिसहरू

यस प्रतिवेदनमा भएका विश्लेषणका आधारमा नेपालमा विक्रम सम्बत २०५२ देखि २०६२ सम्मको आन्तरिक सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकार उल्लङ्घन र अन्तर्राष्ट्रिय कानूनअन्तर्गतका अन्य गम्भीर अपराधका पीडितहरूको सत्यको अधिकार प्राप्तीका लागि केही सिफारिसहरू गरिएका छन् ।

**सत्य आयोग र बेपत्तासम्बन्धी आयोगका लागि**

- आफ्ना कार्यादेशहरूको पूर्ण र प्रभावकारी कार्यान्वयन गर्ने र पीडितहरूको अधिकारहरूको उपभोगलाई सुनिश्चित गर्ने ।

- रोकथाम र पुनः नदोहोरिने कुराको प्रोत्साहन गर्न उल्लङ्घनहरूको सन्दर्भ र कारणहरूका बारेमा सर्वसाधारणहरूलाई शिक्षित गर्ने ।

- स्थानीयरूपमा सान्दर्भिक भाषाहरूमा उल्लङ्घनहरूका परिस्थितिहरू, उद्देश्यहरू, तरिकाहरू, र विधिहरूका बारेमा सूचना प्रवाह गर्ने ।

- नागरिक समाज संस्थाहरू, पीडित समुदायहरू र अन्य मुख्य सरोकारवालाहरूले सत्य आयोग र बेपत्तासम्बन्धी आयोगका काममा योगदान सुनिश्चित गर्न प्रभावकारी संजालहरू कार्यान्वयन गर्ने, प्रक्रिया अवधिभर तिनीहरूको सक्रिय सहकार्य, संलग्नता र सहभागितालाई समावेश र प्रोत्साहन गर्ने ।

- सत्य खोजीमा सबै नेपालीहरूलाई समावेश गर्नका लागि, दुर्गम र ग्रामीण स्थानहरूलगायत नेपालको सबै भागहरूमा छलफल सत्रहरू र सुनुवाइहरू संचालन गर्ने । आयोगहरूको कार्यादेशहरू बारेमा थाहा भएका र पीडक वा तिनका सहयोगीहरूबाट सहभागी नहुनका लागि अनुचित दवावका कारण धेरै जोखिममा रहेका हुन सक्ने पीडितहरूलाई, तिनीहरूले चाहेमा उजुरी दर्ता गर्न गराउन सुरक्षित मौका दिनका लागि दूर्गम क्षेत्रहरूमा बस्ने पीडितहरू समक्ष पुग्न प्रयासहरू गर्ने ।

- पीडितको नामहरू उल्लेख हुने किसिमका स्मृति र संस्मरणात्मक कार्यक्रमहरूलाई प्रोत्साहन गर्ने । पीडितहरूलाई मानवअधिकार उल्लङ्घन र दुर्व्यवहारसम्बन्धी आफ्ना अनुभवहरू स्पष्टरूपमा राख्न सहयोग गर्ने र विगतका सिकाईहरू र भविष्यमा पुनः नदोहोरिने कुरालाई प्रवर्द्धन गर्ने किसिमका स्मृति प्रक्रियाहरू सिफारिस गर्ने ।

**नेपाली नीति निर्माताहरूका लागि**

- नेपालमा २०५२ देखि २०६२ बीच भएको सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लङ्घन तथा अन्तर्राष्ट्रिय कानून अन्तर्गतका अन्य गम्भीर अपराधका पीडितहरूको सत्यको अधिकार प्राप्तीमा सहजीकरण गर्नका लागि सशक्त राजनीतिक सहायता र पर्याप्त राज्य श्रोतहरू उपलव्ध गराउने ।

- सत्य आयोग र बेपत्ता सम्वन्धी आयोग लगायतका, विश्वसनीय सत्य खोजी उपायहरू बनाउन तथा तिनीहरूको कार्यान्वयनका लागि पीडितहरू र नागरिक समाजको अर्थपूर्ण सहभागीताका लागि अवसरहरू सिर्जना गर्ने । सत्य आयोग र बेपत्तासम्बन्धी आयोगमा समाजको विश्वास बनाउनका लागि प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्ने ।

- फौजदारी मुद्दाहरूमा जान चाहनेहरूका लागि उपलब्ध कानूनी उपायहरूका बारेमा र कानूनी सहायतामाथि कसरी पहुँच प्राप्त गर्ने भन्ने बारेमा जनचेतनामूलक अभियानहरू संचालन गर्ने ।

- मानवअधिकार उल्लङ्घनहरूका परिणामका कारण हानि व्यहोरेका नागरिकहरूका रूपमा पीडितहरूलाई सार्वजनिकरूपमा पहिचान गर्ने ।

- राज्यका निकायहरूबाट मानवअधिकार उल्लङ्घन भोगेका पीडितहरूका साथै राज्यले सुरक्षा दिन नसकेका कारणले गैर राज्य सशस्त्र समूहहरूबाट भएका उल्लङ्घनहरूका पीडितहरूका नाममा औपचारिक क्षमायाचना पत्र जारी गर्ने । क्षमायाचना पत्रका विवरणहरू पीडित समूहहरूसँगको

परामर्शमा निक्यौल गरिनुपर्दछ, र ती समूहहरूको प्रतिनिधिहरूले भाग लिएका सार्वजनिक कार्यक्रमको एक प्रमुख भागको रूपमा यसलाई जारी गरिनुपर्दछ ।

**नागरिक समाजका लागि**

- न्यायपालिका, सत्य आयोग र बेपत्तासम्बन्धी आयोग मार्फत अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानूनका गम्भीर उल्लङ्घनमा जवाफदेहीता र सत्यको अधिकार प्रवर्द्धन गर्नका लागि देशव्यापी रुपमा जनचेतना अभिबृद्धि र विचार निर्माण गर्ने ।

- गम्भीर मानवअधिकार उल्लङ्घनहरूका लागि क्षमादान नदिने सर्वोच्च अदालतको निर्णयको परिपालनालाई सुनिश्चित गर्न सरकारलाई दबाव दिने ।

- समुदायमा आधारित स्मृतिकार्यहरु प्रवर्द्धन गर्ने । पीडित र स्थानीय समुदायहरूले स्मृति प्रक्रियाको स्वामित्व धारण गर्नुपर्दछ र त्यसका लागि उनीहरु स्मारकहरु रहने स्थान, स्मारकको स्वरूप, र स्मारकहरूको निर्माणसम्बन्धी निर्णय प्रक्रियामा संलग्न हुनु पर्दछ । स्मारकहरूमा सँगै काम गर्दा द्वन्द्वका विरोधी पक्षहरूका बीच सहकार्यका लागि प्रोत्साहन हुन सक्छ र द्वन्द्वका क्रममा वास्तवमा के भएको थियो भन्ने वहस चलाउन सहयोग मिल्नेछ । स्मारकहरूअन्तर्गत स्थानीय र क्षेत्रीय तहहरूमा तथा उल्लङ्घनका घटना भएका स्थानहरूमा संग्रहालय वा दस्तावेज केन्द्रहरू समेट्न सकिन्छ ।

- अति जघन्य कसुरहरूका लागि जिम्मेवार व्यक्तिहरू संलग्न प्रतिनिधिमूलक मुद्दाहरूको अभियोजनमा सहायता गर्ने ।

- आफ्नो दृष्टिकोण, सूचना तथा जानकारीहरू उपलब्ध गराउदै, पीडितहरूको पहुँचलाई सहजीकरण गर्दै, तथा अनुगमन र अवलोकन गरी सत्य आयोग र बेपत्तासम्बन्धी आयोगको कार्यहरूमा आलोचनात्मक र रचनात्मक ढङ्गमा संलग्न हुने ।

ICTJ
Justice
Truth
Dignity

आइसिटिजे नेपाल
झम्सिखेल, सानेपा, ललितपुर
पो.ब.नं. ८९७५
नेपाल
फोनः +९७७ १ ५५२४७२४
Website: www.ictj.org

मार्टिन चौटारी
२७ जीत जंग मार्ग, थापाथली
पो.ब.नं. १३४७०, काठमाडौं
नेपाल
फोनः ४२३८०५०, ४१०२०२७, ४१०२२४३
Email: chautari@mos.com.np
http://www.martinchautari.org.np

WITH FUNDING FROM
Governance Facility